सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# नयाँ पत्रिका

nayapatrikadaily.com

२७ पुस २०७८, मंगलबार (11 Jan 2022, Tuesday) ■ नेपाल संवत् ११४२ ■ वर्ष १५ ■ अंक २६५ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

नारायणहिटीभित्र क्याफे सञ्चालन

## मिलेमतोमा ठेक्का भएको छानबिन समितिको ठहर

बतास समूहसँगै दरबार संग्रहालय विकास समितिका कार्यकारी निर्देशक भेषनारायण दाहाल पनि दोषी



नारायणहिटीभित्र बतास समूहले निर्माण गरेको संरचना भत्काइएको छ । फाइल तस्बिर

**नवीन अर्याल** / नयाँ पत्रिका

नारायणहिटी दरबार संग्रहालयभित्र क्याफे सञ्चालन गर्न दिएको सम्बन्धमा छानबिन गर्न पर्यटन मन्त्रालयले गठन गरेको समितिले मिलेमतोमा ठेक्का भएको निष्कर्ष निकालेको छ । टेन्डरमा सहभागी चारमध्ये तीन कम्पनी बतास समूहका थिए ।

पर्यटन मन्त्रालयका सहसचिव होमप्रसाद लुइँटेल संयोजकत्वको छानबिन समितिले सोमबार विभागीय पर्यटनमन्त्री प्रेम आलेलाई प्रतिवेदन बुझाएको छ । आफ्नै उपस्थितिमा मन्त्री आलेले सोमबार नै प्रतिवेदन सार्वजनिक गरेका छन् । नारायणहिटीभित्र अवैध संरचना निर्माण हुनुमा संग्रहालय तथा गणतन्त्र स्मारक तथा सञ्चालन विकास समितिका कार्यकारी निर्देशक भेषनारायण दाहाल दोषी रहेको ठहर पनि गरेको छ ।

समितिका संयोजक लुइँटेलले बतास समूहअन्तर्गतको बी म्यानेजमेन्ट प्रालिले

» पृष्ठ २ मा क्रमशः

प्रतिवेदन बुझ्दै पर्यटनमन्त्री प्रेम आलेले भने-

### राज्यको सम्पत्ति र ऐतिहासिक सम्पदामा चलखेल गर्न दिँदैनौँ




नारायणहिटीभित्र अवैध रूपमा पक्की संरचना निर्माण गरिएको छ, पुरानो बंकरसमेत तोडमोड गरिएको छ, यस्ता ऐतिहासिक सम्पदाहरू तोडमोड गर्दै गयो भने हाम्रो इतिहास बच्दैन, भोलिको पुस्ताले देख्नसमेत पाउँदैन । राज्यको सम्पत्ति जोगाउन मैले हदैसम्मको प्रयास गर्छु, कसैलाई पनि राज्यको सम्पत्ति र ऐतिहासिक सम्पदामाथि चलखेल गर्न दिनेछैन ।

■ राष्ट्रिय सभा निर्वाचन

## कुन जिल्लामा कुन दलका कति मतदाता ?

सत्तागठबन्धन सबै प्रदेशमा अगाडि, प्रदेश १ मा भने झिनो मतभारको अन्तर, सातै प्रदेशमा यस्तो छ मतभार :




**■ राष्ट्रिय सभा निर्वाचनमा प्रदेश सांसद र पालिकाका प्रमुख-उपप्रमुख मतदाता हुन् । दुई हजार २५ कुल मतदाता छन् । प्रदेश सांसदको ४८ र पालिकाका प्रमुख-उपप्रमुख तथा अध्यक्ष-उपाध्यक्षको मतभार १८-१८ हुन्छ । १२ माघमा हुने निर्वाचनमा नौ दलका ४३ उम्मेदवार छन् ।**

**किरण दहाल** / नयाँ पत्रिका

सात सय ५३ वटै स्थानीय तह र सातै प्रदेश सभा सचिवालयबाट प्राप्त तथ्यांकअनुसार १२ माघमा हुने राष्ट्रिय सभा निर्वाचनमा सत्तागठबन्धन सबै प्रदेशमा अगाडि छ । प्रदेश १ मा भने गठबन्धन र एमालेको मतभार थोरै मात्रै फरक छ ।

निर्वाचनमा प्रदेश सांसद र पालिकाका प्रमुख-उपप्रमुख तथा अध्यक्ष-उपाध्यक्ष मतदाता हुन्छन् । दुई हजार २५ कुल मतदाता छन् । प्रदेश सांसदको ४८ र पालिकाका प्रमुख-उपप्रमुख तथा अध्यक्ष-उपाध्यक्षको मतभार १८-१८ हुन्छ । १९ सिटका लागि हुने निर्वाचनमा नौ दलका ४३ उम्मेदवार मैदानमा छन् ।

प्रदेश १ मा कुल मतभार ९,३१२ छ, जसमा गठबन्धनको चार हजार ६ सय ३८ र एमालेको चार हजार पाँच सय ६ मतभार छ । यहाँ अन्य दलको मतभार एक सय ६८ छ । जसमध्ये राप्रपा र संयुक्त लोकतान्त्रिक राष्ट्रिय मञ्चको प्रदेश सभामा एक-एक सिट छ । स्थानीय तहमा राप्रपाको

» पृष्ठ २ मा क्रमशः

### ■ ७७ वटै जिल्लाको मतदाताको हिसाब

| प्रदेश १ | मतदाता | एमाले | कांग्रेस | माओवादी | नेकपा (एस) | अन्य |
|---|---|---|---|---|---|---|
| ताप्लेजुङ | १८ | ८ | ६ | २ | २ | |
| पाँचथर | १६ | ९ | ६ | १ | | |
| इलाम | २० | १४ | ४ | | २ | |
| झापा | ३० | १९ | ७ | | | राप्रपा- ४ |
| संखुवासभा | २० | १० | ९ | | १ | |
| तेह्रथुम | १२ | ७ | ३ | | २ | |
| भोजपुर | १७ | ६ | ५ | ४ | २ | |
| धनकुटा | १४ | १४ | | | | |
| मोरङ | ३४ | १४ | १६ | २ | | जसपा २ |
| सुनसरी | २४ | ६ | १६ | | | जसपा २ |
| सोलुखुम्बु | १५ | ७ | ४ | ४ | | |
| खोटाङ | २० | १२ | ७ | १ | | |
| ओखलढुंगा | १६ | ६ | ९ | १ | | |
| उदयपुर | १६ | ९ | ४ | १ | २ | |
| कुल मतदाता | २७२ | १४१ | ९६ | १६ | ११ | ८ |
| कुल मतभार | ४८९६ | २५०२ | ९६ | २८८ | १९८ | १४४ |

» पृष्ठ २ मा क्रमशः

### ■ जसको कार्यकाल २० फागुनमा सकिँदै छ

- **प्रदेश १** : अगमप्रसाद बान्तवा राई, नैनकला ओझा, परशुराम मेघी गुरुङ (सबै एमालेका)
- **प्रदेश २** : सुमनराज प्याकुरेल (एमाले), शशिकला दाहाल (माओवादी)
- **बागमती** : राधेश्याम अधिकारी (कांग्रेस), उदया शर्मा पौडेल (एकीकृत समाजवादी)
- **गण्डकी** : दीनानाथ शर्मा र खिमकुमार विक (माओवादी), शान्तिकुमारी जिसी (एकीकृत समाजवादी)
- **लुम्बिनी** : कोमल वली र रामलखन चमार (एमाले), दृगनारायण पाण्डे (कांग्रेस)
- **कर्णाली** : कविता बोगटी (एमाले), जीवन बुढा (माओवादी), ठगेन्द्रप्रकाश पुरी (एकीकृत समाजवादी)
- **सुदूरपश्चिम** : चक्रप्रसाद स्नेही (एमाले), तारादेवी भट्ट (कांग्रेस), शेरबहादुर कुँवर (एकीकृत समाजवादी)
- **मनोनीत** : रामनारायण बिडारी

■ ललितानिवास जगा हिनामिना प्रकरण 'डिसमिस' गराउने प्रयास

## सरकारी वकिलले सिआइबीलाई नै फिर्ता गर्‍यो अनुसन्धान प्रतिवेदन

**नवराज मैनाली** / नयाँ पत्रिका

बालुवाटारस्थित जग्गा हिनामिना प्रकरणमा मुछिएका केही आरोपीलाई महान्यायाधिवक्ता खम्बबहादुर खातीले आइतबार नै भनेका थिए- मुद्दा चल्ने सम्भावना छैन, चिन्ता लिनुपर्दैन । सोमबार जिल्ला सरकारी वकिल कार्यालयले आखिर त्यस्तै निर्णय गर्‍यो । करिब १३ अर्ब रुपैयाँ बिगो र तीन सय ७० जना प्रतिवादी बनाउन नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले सिफारिस गरेको अनुसन्धान प्रतिवेदन सिआइबीमै फिर्ता पठाइदिएको छ । अनुसन्धान पूरा नभएको आधार बनाएर अनुसन्धान फाइल फिर्ता गरेको हो । जब कि सिआइबीले सरकारी वकिल कार्यालयसँगै सहकार्य गरी साढे दुई वर्ष लगाएर ललितानिवास जग्गा हिनामिना प्रकरणमाथि विस्तृत अनुसन्धान गरेको थियो ।

जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंका प्रमुख सहमहान्यायाधिवक्ता गंगाप्रसाद पौडेलले प्रहरी अनुसन्धानमा कतिपय प्रमाण पर्याप्त नभएकाले

» पृष्ठ २ मा क्रमशः

### यो मुद्दामा हदम्याद हुँदैन



**गंगाप्रसाद पौडेल**, प्रमुख, जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौं

अनुसन्धानमा पर्याप्त प्रमाण नभएकाले फाइल फिर्ता गरेका हौं । यो मुद्दामा हदम्याद हुँदैन । ०६९ भन्दा अघिको कसुर भएकाले मुलुकी ऐनअनुसार नै मुद्दा दर्ता गर्नुपर्ने हुन्छ । त्यसकारण यो मुद्दामा असीमित हदम्याद हुन्छ ।

### निर्देशनअनुसार नै अनुसन्धान हुन्छ



**डिआइजी धीरजप्रताप सिंह**, सिआइबी

सरकारी वकिलको कार्यालयबाट थप अनुसन्धान गर्न निर्देशनसहित फाइल फिर्ता आएको छ । निर्देशनअनुसार नै हामीले अनुसन्धान गर्ने हो । अब कसरी अघि बढ्ने भन्नेमा छलफल गर्दै छौं ।

### कर्नर किक

● रवि मिश्र




ठेकेदारको यातनाले भारतको चिस्यान केन्द्रमा तीनजनाको मृत्यु प्रकरण

## अढाई महिनाको अथक संघर्षपछि पीडितको जाहेरी जिल्ला प्रहरीमा दर्ता

सर्लाहीमा **श्रवण थापा**

ठेकेदारले अखाद्य पदार्थ खुवाएर २२ घन्टासम्म काममा लगाउँदा भारत उत्तर प्रदेशको फरसैया चिस्यान केन्द्रमा ज्यान गुमाएका सर्लाहीका तीन युवाका परिवारको जाहेरी ७६ दिनपछि सोमबार जिल्ला प्रहरी कार्यालयमा दर्ता भएको छ । आइतबार नै जिल्ला सरकारी वकिलको कार्यालयले पीडितको जाहेरी दर्ता गरेर प्रहरीमा पठाएको थियो । पीडितले पटक-पटक धाउँदा पनि

» पृष्ठ २ मा क्रमशः

### जाहेरी दर्ता भयो, भारतीय प्रहरीसँग डकुमेन्ट मागेर अनुसन्धान गर्छौं

● **डिएसपी माधवप्रसाद बुढाथोकी**, प्रवक्ता, जिल्ला प्रहरी कार्यालय



मुद्दा दर्ता भएको छ । अनुसन्धानको कानुनी प्रावधानबारे बुझ्दै छौं । घटना भारतमा भएकाले उताको पुलिससँग समन्वय गर्नुपर्ने हुन्छ । भारतीय पुलिससँग केही डकुमेन्ट छ भने झिकाउनुपर्छ । पीडितले किटानी जाहेरी गरे पनि अदालतको आदेशविना आरोपीलाई पक्राउ गर्न मिल्दैन । अदालतले पक्राउ पुर्जी जारी गर्‍यो भने मात्रै प्रहरीले पक्राउ गर्न सक्छ । दोषी हो-होइन अदालतले फैसला गर्ने विषय हो । हामी त अनुसन्धान गरेको डकुमेन्ट लिएर अदालत जाने हो ।

## देशभरका ३५ हजार विद्यालयमा १९ दिन बिदा

**काठमाडौं** / कोरोना संक्रमण तीव्र रूपले बढ्न थालेपछि शिक्षा मन्त्रालयले विद्यालय तहका शैक्षिक कार्यक्रम बन्द गरी देशभरका करिब ३५ हजार विद्यालयमा बिदा दिने निर्णय गरेको छ । मन्त्रालयले विद्यार्थीको स्वास्थ्य सुरक्षालाई मध्यनजर गर्दै १५ माघसम्म बिदा दिने निर्णय गरेको हो ।

विश्वविद्यालयको पठनपाठनका विषयमा भने कुनै निर्णय भएको छैन । परीक्षाका कार्यक्रम भने जनस्वास्थ्य मापदण्ड अपनाएर सञ्चालन गर्ने बताएको छ ।

आइतबार बसेको कोभिड- १९ संकट व्यवस्थापन समन्वय केन्द्र (सिसिएमसिसी)को सिफारिसअनुसार मन्त्रालयले विद्यालयमा बिदा दिने निर्णय गरेको हो । शिक्षा मन्त्रालयका प्रवक्ता दीपक शर्माले प्रेस विज्ञप्ति

» पृष्ठ २ मा क्रमशः



**कोरोना अपडेट**

परीक्षण : ११ हजार ४२९

संक्रमित : १४४६

मृत्यु : २

नेपाल इन्भेष्टमेण्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.

### दोब्बरले बढ्दै बालबालिकामा संक्रमण

- दोस्रो लहरपछि दैनिक २५ बालबालिकामा सीमित कोरोना संक्रमण मंगलबारदेखि उकालोतर्फ, सोमबार १८ वर्षमुनिका ११६ बालबालिकामा देखियो संक्रमण
- सरकारले दैनिक पाँच लाख नागरिकलाई खोप लगाउने घोषणा गरेको थियो । तर, सरकारले लिएको लक्ष्यअनुसार खोप अभियान अघि बढ्न सकेको छैन । हरेक दिन खोप लगाउनेको संख्या दुई लाखको हाराहारीमा मात्र देखिएको छ । सोमबार पनि दुई लाख १० हजार पाँच सय ९४ जनाले खोप लगाएका छन् ।

विस्तृत समाचार पृष्ठ ३



## मिलेमतोमा...

पृष्ठ १ बाट क्रमशः

पूर्वस्वीकृति र सहमतिविनै दरबारको १४ रोपनी क्षेत्रफल जग्गामा धमाधम नयाँ संरचना निर्माण गरेको बताए। संग्रहालय विकास समितिले ६.३४ आना जग्गा र त्यसमा रहेको रातो भवन मात्र क्याफ्टेरिया सञ्चालनका लागि ठेक्कामा दिएको थियो। तर, बतास समूहले आधिकारिक निकायबाट नक्सा पास र निर्माण स्वीकृति नै नलिई तथा विभागीय मन्त्रालय र संग्रहालय विकास समितिको पूर्वस्वीकृतिसमेत नलिई १४ रोपनी जग्गामा नयाँ संरचना बनाइरहेको छानबिनमा भेटिएको छ।

ठेक्का प्रक्रियामा सहभागी चारमध्ये तीनवटा कम्पनी बतास समूहका थिए। बतास एसोसियट्स, बिपिएस लिजिङ एन्ड म्यानेजमेन्ट र होटेल आनन्द बतास समूहकै हुन्। बाहिरको जोकर रेस्ट्रो तथा लन्जलाई भने प्राविधिक रूपमै असफल भएको भन्दै टेन्डर प्रक्रियाबाट हटाइएको थियो भने बिपिएसले ठेक्का पायो। तर, ठेक्का सम्झौता गर्दासम्म बिपिएसले नाम परिवर्तन गरेर बी म्यानेजमेन्ट प्रालि राखेको थियो।

'सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ को उपदफा ६ मा व्यवस्था भएबमोजिम एउटै परिवारभित्रका सेयर सदस्यहरू रहेका तीनवटा फर्मका बोलपत्रदाताहरू आपसमा मिलेमतो गरी न्यूनतम मूल्यांकन रकम दुई लाख २० हजार चार सय ४० रुपैयाँ २६ पैसाभन्दा एक हजार एक सय ७७ रुपैयाँ ७४ पैसा मात्र बढी कबोल गरी ठेक्का सम्झौता गरेको देखिँदा ठेक्का सम्झौता कार्यमा एक-आपसमा मिलेमतो भएको हुन सक्ने देखिन्छ,' छानबिन प्रतिवेदनमा उल्लेख छ।

बतास समूहले नारायणहिटीभित्र होटेल सञ्चालनका लागि अघिल्लो केपी ओली नेतृत्वको सरकारको पालामा ठेक्का पाएको थियो। १७ पुस ०७७ मा बतास समूहको बी म्यानेजमेन्ट कम्पनी र संग्रहालय विकास समितिबीच भाडासम्बन्धी सम्झौता भएको थियो।

नारायणहिटी दरबार संग्रहालय तथा गणतन्त्र स्मारक व्यवस्थापन तथा सञ्चालन विकास समिति (गठन) आदेश, २०७६ अनुसार नारायणहिटीमा क्याफे सञ्चालनका लागि तालुकदार मन्त्रालयले पूर्वस्वीकृति र पूर्वनिर्णय गर्नुपर्थ्यो। तर, संग्रहालय विकास समितिबाट निर्णय गरियो। 'त्यहाँ क्याफे सञ्चालनका लागि तालुक मन्त्रालयबाट पूर्वस्वीकृति लिइएन, सीधै संग्रहालय विकास समितिले निर्णय गरेर बतास समूहलाई सञ्चालन गर्न दिने सम्झौता गरेको देखियो,' छानबिन समितिका संयोजक लुइँटेलले भने।

संग्रहालय विकास समितिका कार्यकारी निर्देशक दाहालले भने तत्कालीन पर्यटनमन्त्री योगेश भट्टराईको आदेश/निर्देशनमै क्याफे सञ्चालन गर्ने ठेक्का सम्झौता अगाडि बढाएको बताएका छन्।

क्याफेले प्रयोग गर्न पाउने क्षेत्रफल र स्थानको स्पष्ट सीमांकनसमेत नभएको छानबिनमा भेटिएको छ। 'क्याफेले प्रयोग गर्न पाउने क्षेत्रफल र स्थान स्पष्ट सीमांकन नगरी सञ्चालन गर्न दिएको देखिँदा बढी क्षेत्र ओगटी थप निर्माण गर्न प्रोत्साहन भएको देखिन्छ,' प्रतिवेदनमा भनिएको छ। संग्रहालयको दक्षिणपट्टिको प्रवेशद्वारनजिकको जग्गामा पूर्वस्वीकृति र समन्वय नगरी बतास समूहले नयाँ संरचना निर्माण गर्दासमेत कार्यकारी निर्देशक दाहालले संग्रहालयको स्वामित्वमा रहेको सम्पत्तिको संरक्षण र संवर्द्धनका लागि अनुगमन, निरीक्षण तथा रेखदेख गर्ने जिम्मेवारी पूरा नगरेको छानबिन समितिको ठहर छ।

बतास समूहले दरबारभित्र अवैध संरचना बनाइरहेको सार्वजनिक भएपछि पर्यटनमन्त्री आलेको निर्देशनमा समितिले निर्माणाधीन संरचनाहरू भत्काउन लगाएको थियो। अहिले रातो भवनबाहिर बनेका नयाँ संरचनाहरू सबै भत्काइसकेको कार्यकारी निर्देशक दाहालले बताए।

दरबार संग्रहालय समितिको निर्णय र प्रदत्त अधिकारभन्दा बढी विषय समावेश गरी कार्यकारी निर्देशकबाट बतास समूहको बी म्यानेजमेन्ट प्रालिसँग सम्झौता गरेको पनि छानबिन समितिको ठहर छ। क्याफे भाडामा लगाउन निर्धारित दररेट कायम गर्दा तत्कालीन चलनचल्तीको बजारमूल्यलाई आधार नमानेकाले कायम भएको दररेटलाई स्वाभाविक मान्न नसकिने संयोजक लुइँटेलले बताए। आपसमा मिलेमतो गरेर न्यूनतम मूल्यांकनमा क्याफे भाडामा लगाउन सम्झौता गरिएको उनको भनाइ छ। त्यसका लागि बतास समूहकै तीनवटा कम्पनीलाई टेन्डरमा प्रतिस्पर्धा गराइएको थियो।

अनुमति पाएकोभन्दा बढी क्षेत्रफलमा अवैध संरचना निर्माण गर्ने बी म्यानेजमेन्ट सम्बन्धित निकायबाट कारबाही गर्न पनि छानबिन समितिको सिफारिस छ। अहिले संग्रहालय विकास समितिले अर्को निर्णय नभएसम्मका लागि निर्माण रोक्न आदेश दिइसकेको छ।

बी म्यानेजमेन्ट प्रालिले दरबारका पुराना संरचनालाई नयाँ स्वरूप दिएर पुरानो अस्तित्व मेटाउन खोजेको संयोजक लुइँटेलले बताए। स्थलगत निरीक्षणका क्रममा पुरानो बंकरभित्र पनि अवैध संरचना निर्माण गरेर इतिहासलाई नामेट गर्न खोजिएको उनको भनाइ छ।

छानबिन प्रतिवेदन बुझ्दै मन्त्री आलेले नारायणहिटी दरबारको सम्पत्तिको संरक्षण तथा संवर्द्धन गर्ने जिम्मेवारी पाएका संग्रहालय विकास समितिका कार्यकारी निर्देशक दाहालले आफ्नो जिम्मेवारी पूरा नगरेको बताए। 'अवैध रूपमा पक्की संरचना निर्माण गरिएको छ, पुरानो बंकरसमेत तोडमोड गरिएको छ, यस्ता सम्पदाहरू तोडमोड गर्दै गयो भने हाम्रो इतिहास बच्दैन, भोलिको पुस्ताले देख्न पाउँदैन,' उनले भने, 'राज्यको सम्पत्ति जोगाउन मैले हदैसम्मको प्रयास गर्छु, कसैलाई पनि राज्यको सम्पत्ति र ऐतिहासिक सम्पदामाथि चलखेल गर्न दिनेछैन।'

मन्त्री आलेले छानबिन समितिले बुझाएको प्रतिवेदनका आधारमा कारबाही प्रक्रिया अगाडि बढाउने बताए। 'अब यो ठेक्का सम्झौतामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पनि ध्यान जाला,' उनले भने, 'दोषीलाई कारबाही गर्नकै लागि हामीले छानबिन समिति गठन गरेर प्रतिवेदन तयार गरेका हौँ।' दोषीलाई कठघरामा उभ्याउन प्रधानमन्त्री शेरबहादुर देउवासहित सबै सरोकारवालाको साथ रहने उनले बताए।

District Coordination Committe
Bhaktapur
Invitation for Bids
Revised Notice
1. The DCC Bhaktapur has noticed for purchase of fire fighting vehicle published in Naya Patrika National Daily on 2078-09-24, is revised as the bidding procedure will be single stage single envelope.
District Coordination Officer

महर्षि वैदिक इन्स्टिच्यूटको जरुरी सूचना
महर्षि वैदिक इन्स्टिच्यूटद्वारा आवासीय तालिम कार्यक्रममा सहभागि हुन मिति २०७८ मंसिर २३ गते र २९ गते लिइएको अन्तरवार्तामा सफल हुनु भएकाहरूका लागि प्रथम चरणको छनौट प्रकृया अन्तर्गतको अन्तरक्रिया कार्यक्रममा सहभागि हुन यो सूचना प्रकाशित गरिएको छ। उक्त कार्यक्रममा भाग लिने पण्डितहरूको (अन्तरवार्ता दिन आउँदाको) क्रम संख्या हाम्रो वेबसाइड www.mvi.com.np मा प्रकाशित गरिएको छ। उक्त वेबसाइटमा क्रम संख्या भएका पण्डितहरू पहिलो समूहको यस कार्यक्रममा सहभागि हुनेछन्। त्यसको सम्पूर्ण विवरण सम्बन्धित व्यक्तिले संस्थालाई उपलब्ध गराएको मो.नं.मा एसएमएस मार्फत सूचना गरिनेछ। सोहि एसएमएस अनुसार सम्पर्कमा आउनुहुनसमेत जानकारी गराइन्छ।
महर्षि वैदिक इन्स्टिच्यूट
द.न.पा.१, ब्रह्मानन्द सरस्वती ग्राम काठमाडौं

## अढाई महिनाको...

पृष्ठ १ बाट क्रमशः

जिल्ला प्रहरी प्रमुख एसपी कृष्णप्रसाद प्रसाईंले जाहेरी दर्ता गर्न अस्वीकार गरेपछि कानुनअनुसार नै सरकारी वकिलको कार्यालयमार्फत दर्ताको वैकल्पिक बाटो अपनाएका हुन्।

चन्द्रनगर गाउँपालिका- ६ का ठेकेदार इन्द्रजित राउत नेतृत्वको समूहले ऋणमा फसाएर चिस्यान केन्द्र पुऱ्याएका स्थानीय कामत गाउँका नन्दलाल माझी र जगदीश माझी तथा छिमेकी गाउँ ईश्वरपुर नगरपालिका- ३ भक्तिपुरका सुमन भुजेलको गत ८ कात्तिकमा मृत्यु भएको थियो। नन्दलालका बुबा गनौर माझी, जगदीशका बुबा महिन्द्र माझी र सुमनकी आमा निरु भुजेलले ठेकेदार इन्द्रजित, उनका छोरा सुनील र भाइ इन्दलविरुद्ध किटानी जाहेरी दिएका छन्। 'ठेकेदारले खानेकुरामा विषाक्त पदार्थ राखेर खुवाउँदा मृत्यु भएको' जाहेरीमा उल्लेख छ।

जिल्ला प्रहरी प्रवक्ता डिएसपी माधवप्रसाद बुढाथोकीले सोमबार मुद्दा दर्ता भएको बताए। घटना भारतमा भएकाले अनुसन्धानको कानुनी प्रावधानबारे बुझ्ने क्रममै रहेको उनको भनाइ छ। 'मुद्दा दर्ता भएको छ। घटना भारतमा भएकाले उताको पुलिससँग समन्वय गर्नुपर्ने हुन्छ। अनुसन्धानको कानुनी प्रावधानबारे बुझ्दै छौँ,' उनले भने, 'त्यहाँको पुलिससँग केही डकुमेन्ट छ भने झिकाउनुपर्छ।'

## कुन जिल्लामा...

पृष्ठ १ बाट क्रमशः

चार सिट छ। प्रदेश १ मा महिलातर्फ एमालेबाट सुमित्रा भण्डारी, गठबन्धनका तर्फबाट एकीकृत समाजवादीकी जयन्ती राई र राप्रपाबाट रञ्जु प्याकुरेलको उम्मेदवारी छ। अपांगता भएका व्यक्ति वा अल्पसंख्यकतर्फ एमालेका सोनाम गेल्जेन शेर्पा र गठबन्धनबाट जसपाका हेमराज राईको उम्मेदवारी छ। अन्यतर्फ एमालेका गुरु बराल, गठबन्धनका तर्फबाट कांग्रेसका गोपालकुमार बस्नेत र राप्रपाका अमरबहादुर विष्टको उम्मेदवारी छ।

प्रदेश २ मा गठबन्धन भारी बहुमतले अगाडि छ। गठबन्धनको मतभार सात हजार तीन सय दुई रहेको छ। एमालेको मतभार नौ सय ६ रहेको छ। अन्य दलहरूको मतभार एक हजार ६ सय ८ रहेको छ। प्रदेश २ मा कुल मतभार ९,८१६ छ।

प्रदेश २ मा महिलातर्फ एमालेकी विना देवी, गठबन्धनका तर्फबाट माओवादी केन्द्रकी उर्मिला अर्याल र लोसपाबाट रूपाकुमारी यादवको उम्मेदवारी छ। अन्यतर्फ एमालेका उसमान अन्सारी र गठबन्धनबाट जसपाका महमद खालिदको उम्मेदवारी छ।

९,४९८ कुल मतभार रहेको बागमतीमा पनि गठबन्धन अगाडि छ। गठबन्धनको मतभार चार हजार नौ सय ५६ रहेको छ। अर्कातिर, एमालेको मतभार चार हजार एक सय ३४ रहेको छ। यस प्रदेशमा अन्य चार सय आठ मत रहेको छ। यो सबै मत एमालेको पक्षमा जाँदा पनि गठबन्धनलाई उछिन्ने सम्भावना देखिँदैन।

बागमतीमा महिलातर्फ एमालेबाट नीरकुमारी कुँवर (निरु दर्लामी), गठबन्धनका तर्फबाट एकीकृत समाजवादीकी गोमादेवी तिमल्सिना र नेमकिपाबाट गीता काफ्लेको उम्मेदवारी छ। त्यस्तै, अन्यमा एमालेका गोपाल शाक्य, गठबन्धनका तर्फबाट कांग्रेसका कृष्णप्रसाद पौडेल र नेपकिपाका कृष्णबहादुर तामाङको उम्मेदवारी छ। तामाङ गत जेठमा भएको राष्ट्रिय सभाको उपचुनावमा पनि प्रतिस्पर्धामा थिए।

गण्डकीमा गठबन्धनको मतभार तीन हजार दुई सय ३४ रहेको छ। अर्कातिर, एमालेको मतभार दुई हजार पाँच सय ३८ रहेको छ। अन्य दलको मतभार एक सय २० मात्रै रहेको छ। त्यसकारण यहाँ पनि एमालेले गठबन्धनलाई जित्ने सम्भावना देखिँदैन। गण्डकीमा कुल मतभार ५,८९२ छ।

गण्डकीमा महिलातर्फ एमालेबाट लीला पोखरेल थनेत र गठबन्धनका तर्फबाट कांग्रेसकी कमला पन्तको उम्मेदवारी छ। त्यस्तै, दलिततर्फ एमालेका अर्जुनकुमार सुनाम र गठबन्धनका तर्फबाट माओवादी केन्द्रका भुवनबहादुर सुनुवारको उम्मेदवारी छ। अन्यतर्फ एमालेका पुण्यप्रसाद पौडेल र गठबन्धनका तर्फबाट माओवादी केन्द्रका सुरेश आलेमगरको उम्मेदवारी छ।

कुल मतभार ७,७५८ रहेको लुम्बिनी प्रदेशमा गठबन्धन नौ सय ७२ मतले अगाडि छ। गठबन्धनको मतभार चार हजार दुई सय ७८ रहेको छ। एमालेको मतभार तीन हजार तीन सय ६ रहेको छ। अन्य दलको मतभार एक सय ७४ रहेको छ।

लुम्बिनीमा महिलातर्फ एमालेबाट भारती उपाध्याय खनाल र गठबन्धनका तर्फबाट एकीकृत समाजवादीकी राजेन्द्रलक्ष्मी गैरेको उम्मेदवारी छ। दलिततर्फ एमालेका कृष्ण सुनार र गठबन्धनका तर्फबाट जनमोर्चाका तुलप्रसाद विश्वकर्माको उम्मेदवारी छ। अन्यमा एमालेको तर्फबाट रामदयाल गुप्ता र गठबन्धनका तर्फबाट कांग्रेसका युवराज शर्मा उम्मेदवार छन्।

कर्णाली प्रदेशमा पनि गठबन्धनले जित्ने पक्कापक्की छ। गठबन्धन एक हजार तीन सय ३८ मतले अगाडि छ। यहाँ गठबन्धनको मतभार दुई हजार आठ सय आठ रहेको छ। अर्कातिर, एमालेको मतभार एक हजार चार सय ७० रहेको छ। अन्य दलको मतभार दुई सय १० मात्रै छ। कर्णालीमा कुल मतभार ४,४८८ छ।

कर्णाली प्रदेशमा महिलातर्फबाट एमालेकी गंगा थापा महत र गठबन्धनका तर्फबाट कांग्रेसकी दुर्गा गुरुङको उम्मेदवारी छ। त्यस्तै, अपांगता भएका व्यक्ति वा अल्पसंख्यकमा एमालेका पदमबहादुर माझी र गठबन्धनका तर्फबाट माओवादी केन्द्रका नरबहादुर विष्टको उम्मेदवारी छ। अन्यमा एमालेका चूडामणि शर्मा र गठबन्धनबाट एकीकृत समाजवादीका उदयबहादुर बोहराको उम्मेदवारी छ।

कुल ५६,४६ मतभार रहेको सुदूरपश्चिम प्रदेशमा गठबन्धन दोब्बर मतले अगाडि रहेको छ। गठबन्धनको मतभार तीन हजार सात सय ९२ रहेको छ। एमालेको मतभार एक हजार आठ सय ६ मात्रै रहेको छ। अन्य दलको मतभार ४८ छ। यहाँ लोसपाका एक सांसद छन्।

सुदूरपश्चिम प्रदेशमा महिलातर्फ एमालेकी सन्तोषकुमारी शर्मा र एकीकृत समाजवादीकी मदनकुमारी शाह 'गरिमा'को उम्मेदवारी छ। दलिततर्फ एमालेका नरेशकुमार विक र गठबन्धनबाट माओवादी केन्द्रका जगतबहादुर पार्कीको उम्मेदवारी छ। अन्यमा एमालेका डिल्लीराज भट्ट र गठबन्धनका तर्फबाट कांग्रेसका नारायणदत्त मिश्रको उम्मेदवारी छ।

गत आइतबार उम्मेदवारहरूको अन्तिम नामावली सार्वजनिक गरी निर्वाचन आयोगले दलहरूलाई निर्वाचन चिह्नसमेत प्रदान गरिसकेको छ। गत २० पुसमा परेको उम्मेदवारीमा कसैमाथि पनि उजुरी परेन र उम्मेदवारी पनि फिर्ता भएको थिएन। निर्वाचनका लागि सोमबारबाट निर्वाचन आचारसंहिता पनि लागू भइसकेको छ।

राष्ट्रिय सभाका २० सांसद चारवर्षे कार्यकाल पूरा गरी आगामी २० फागुनबाट बिदा हुँदै छन्। जसमा एमालेका आठ, माओवादी र एकीकृत समाजवादीका चार-चार, कांग्रेसका तीन र मनोनीत एक सांसद छन्। २० जनामध्ये एकजना राष्ट्रपतिबाट मनोनीत हुनेछन् भने १९ जनाका लागि निर्वाचन हुनेछ।

### प्रदेश २

| जिल्ला | मतदाता | एमाले | कांग्रेस | माओवादी | नेकपा (एस) | जसपा | लोसपा | अन्य |
|---|---|---|---|---|---|---|---|---|
| सप्तरी | ३५ | २ | १२ | | | १७ | ४ | |
| सिरहा | ३३ | ७ | ३ | ११ | २ | १० | | |
| धनुषा | ३६ | ६ | १५ | ६ | २ | ४ | ३ | |
| महोत्तरी | ३० | | ४ | ८ | | १ | १६ | |
| | नेकपाबाट जितेका पिपरा गाउँपालिका अध्यक्षले विक्रम चौधरी कतै पनि नखुलेको | | | | | | | नखुलेको- १ |
| सर्लाही | ३९ | ६ | १० | ६ | २ | ७ | ८ | |
| रौतहट | ३६ | | १६ | ९ | १ | ९ | १ | |
| बारा | ३२ | ५ | ११ | | | ८ | ८ | |
| पर्सा | २७ | ३ | ८ | ५ | | ८ | २ | जनता दल- १ |
| कुल मतदाता | २६८ | २९ | ७९ | ४५ | ७ | ६४ | ४२ | २ |
| कुल मतभार | ४८९६ | ५४० | १४२२ | ८१० | १२६ | ११५२ | ७५६ | ३६ |

### बागमती

| जिल्ला | मतदाता | एमाले | कांग्रेस | माओवादी | नेकपा (एस) | जसपा | लोसपा | अन्य |
|---|---|---|---|---|---|---|---|---|
| दोलखा | १८ | १३ | २ | २ | १ | | | |
| रामेछाप | १६ | ८ | ३ | ४ | १ | | | |
| सिन्धुली | १८ | ७ | ५ | ६ | | | | |
| रसुवा | १० | ७ | २ | | | १ | | |
| धादिंग | २६ | ११ | ६ | ३ | ४ | | | राप्रपा- २ |
| नुवाकोट | २४ | ६ | १४ | ४ | | | | |
| काठमाडौं | २२ | १२ | ७ | | ३ | | | |
| भक्तपुर | ८ | ५ | १ | | | | | नेमकिपा- २ |
| ललितपुर | १२ | ३ | ६ | २ | १ | | | |
| काभ्रेपलाञ्चोक | २६ | ११ | ८ | ४ | ३ | | | |
| सिन्धुपाल्चोक | २३ | १३ | ५ | ४ | १ | | | |
| मकवानपुर | २० | १० | ४ | २ | ४ | | | |
| चितवन | १४ | ९ | ३ | २ | | | | |
| कुल मतदाता | २३७ | ११५ | ६६ | ३३ | १८ | १ | | ४ |
| कुल मतभार | ४२६६ | २०७० | ११८८ | ५९४ | ३२४ | १८ | | ७२ |

### गण्डकी

| जिल्ला | मतदाता | एमाले | कांग्रेस | माओवादी | नेकपा (एस) | जसपा | लोसपा | अन्य |
|---|---|---|---|---|---|---|---|---|
| गोरखा | २२ | | १६ | ६ | | | | |
| मनाङ | ८ | ३ | ४ | | | | | स्वतन्त्र- १ |
| लमजुङ | १६ | ९ | ५ | २ | | | | |
| कास्की | १० | ९ | १ | | | | | |
| तनहुँ | २० | ६ | १२ | २ | | | | |
| स्याङ्जा | २२ | १४ | ७ | | १ | | | |
| नवलपराशी पुर्व | १६ | ५ | ११ | | | | | |
| मुस्ताङ | १० | ४ | ५ | | | | | स्वतन्त्र- १ |
| म्याग्दी | १२ | ५ | ६ | | | | | राप्रपा- १ |
| बागलुङ | २० | ६ | ८ | २ | | | | जनमोर्चा- ३<br>राप्रपा- १ |
| पर्वत | १४ | ८ | ६ | | | | | |
| कुल मतदाता | १७० | ६९ | ८१ | १२ | १ | | | ७ |
| कुल मतभार | ३०६० | १२४२ | १४५८ | २१६ | १८ | | | १२६ |

### लुम्बिनी

| जिल्ला | मतदाता | एमाले | कांग्रेस | माओवादी | नेकपा (एस) | जसपा | लोसपा | अन्य |
|---|---|---|---|---|---|---|---|---|
| गुल्मी | २३ | १७ | ५ | १ | | | | |
| पाल्पा | २० | १३ | ७ | | | | | |
| अर्घाखाँची | १२ | २ | ६ | ३ | १ | | | |
| रूपन्देही | ३२ | १४ | ५ | २ | १ | ६ | २ | स्वतन्त्र- १<br>राप्रपा- १ |
| कपिलवस्तु | २० | ५ | १० | १ | | २ | | स्वतन्त्र- २ |
| रुकुम पुर्व | ६ | | | ६ | | | | |
| रोल्पा | २० | ४ | २ | १४ | | | | |
| प्युठान | १८ | ५ | ४ | ४ | १ | | | जनमोर्चा- ४ |
| दाङ | २० | ९ | ८ | २ | १ | | | |
| बाँके | १५ | ६ | ६ | | | २ | | राप्रपा- १ |
| बर्दिया | १६ | ५ | ४ | ७ | | | | |
| प. नवलपरासी | १३ | ५ | ७ | १ | | | | |
| कुल मतदाता | २१५ | ८५ | ६४ | ४१ | ४ | १० | २ | ९ |
| कुल मतभार | ३८७० | १५४८ | ११५२ | ७३८ | ७२ | १८० | ३६ | १६२ |

### कर्णाली

| जिल्ला | मतदाता | एमाले | कांग्रेस | माओवादी | नेकपा (एस) | जसपा | लोसपा | अन्य |
|---|---|---|---|---|---|---|---|---|
| सल्यान | २० | ५ | ६ | ७ | २ | | | |
| डोल्पा | १५ | ५ | | ३ | १ | | | स्वतन्त्र- ४<br>राप्रपा- २ |
| मुगु | ८ | ४ | ३ | | १ | | | |
| जुम्ला | १६ | १ | ६ | ८ | १ | | | |
| कालीकोट | १७ | ६ | १ | १० | | | | |
| हुम्ला | १४ | ४ | २ | ५ | | | | नखुलेको-१<br>स्वतन्त्र- २ |
| | नेकपाबाट जितेकी खार्पुनाथ गाउँपालिकाकी उपाध्यक्ष रुपा शाही कतैपनि नखुलेको- १ | | | | | | | |
| जाजरकोट | १४ | ६ | ३ | ५ | | | | |
| दैलेख | २२ | ९ | ८ | | ५ | | | |
| सुर्खेत | १८ | ७ | ११ | | | | | |
| रूकुम पश्चिम | १२ | | | १२ | | | | |
| कुल मतदाता | १५६ | ४७ | ४० | ५० | १० | | | ८ |
| कुल मतभार | २८४४ | ८६४ | ७२० | ९१८ | १८० | | | १४४ |

### सुदूरपश्चिम

| जिल्ला | मतदाता | एमाले | कांग्रेस | माओवादी | नेकपा (एस) | जसपा | लोसपा | अन्य |
|---|---|---|---|---|---|---|---|---|
| बाजुरा | १८ | ५ | ११ | | २ | | | |
| अछाम | २० | २ | ११ | ४ | ३ | | | |
| बझाङ | २४ | १६ | ७ | | १ | | | |
| डोटी | १८ | ९ | ६ | १ | २ | | | |
| कैलाली | २५ | ९ | ८ | ५ | ३ | | | |
| दार्चुला | १८ | ७ | ९ | २ | | | | |
| बैतडी | २० | ८ | १० | २ | | | | |
| डडेलधुरा | १४ | ३ | ९ | २ | | | | |
| कञ्चनपुर | १८ | १२ | ३ | ३ | | | | |
| कुल मतदाता | १७५ | ७१ | ७४ | १९ | ११ | | | |
| कुल मतभार | ३१५० | १२७८ | १३३२ | ३४२ | १९८ | | | |

Lalitpur Metropolitan City
Office of the Municipal Executive
Pulchowk, Lalitpur
Bagamati Province, Nepal
Notice to attend the opening of Financial Bids
First Date of Publication :- 2078/09/27
Contract Identification No: LMC-03-078/79
Title: Construction of Block B of LMC at Pulchowk, Lalitpur With reference to above referred contract (Single stage: Two envelope), it is hereby informed to all concerned bidders as per ITB clause number 25.7 of the Bidding Document that the bids submitted by the following bidders have been evaluated as substantially responsive Technical Bidders and are requested to attend the opening of the Financial Bid. The date, time and location of the opening of Financial Bids are as follows.
Date of opening : 19th January, 2022
Time : 14:00 hours
Location : Lalitpur Metropolitan City Office, Lalitpur, Nepal
Bidders, (Responsive) Procurment Unit
1. Gauri Parbati Nirman Sewa Pvt. Ltd
2. Babu Ratna-Bangalamukhi-Chakreswori J/V
3. Rabin/Samanantar J/V
4. Roshan-Hanuman-Diwa-J/V
5. Sharma-Nati J/V
C.C
1. Lumbini-Raman-PR J/V
2. BKOI/Nawa Sirjanshil/Hom J/V
3. Shyam/Sundar/Pashupati Shivaji J/V
4. Contech Pvt. Ltd.
5. Tundi A.M. J/V
6. Lama/ Khusbu J/V

## सरकारी वकिलले...

पृष्ठ १ बाट क्रमशः

थप अनुसन्धान गर्न फाइल फिर्ता गरिएको बताए। 'अभियोग पुष्टि हुने गरी थप प्रमाण संकलन गर्न निर्देशन दिएका छौँ,' उनले भने, 'के-के निर्देशन दिएका छौँ भन्न मिल्दैन।'

दबाबका कारण फाइल फिर्ता पठाइएको उनले अस्वीकार गरे। 'त्यसो हो भने त छिटो-छिटो मुद्दा बुझाएर मुद्दा कमजोर बनाउन लागेको आरोप पनि त लाग्न सक्छ नि,' उनले भने, 'पछि अदालतमा प्रश्न नउठोस् भनेर हामीले थप अनुसन्धान गर्न निर्देशन दिएका हौँ।' यो मुद्दाको विषयमा महान्यायाधिवक्ता खातीको चासो र मुद्दासँग जोडिएका व्यक्तिहरूसँगको भेटघाटले पनि यसमा उच्च तहकै निर्देशनमा जिल्ला सरकारी वकिल कार्यालयले सिआइबीलाई फाइल फिर्ता गरेको प्रस्ट हुन्छ।

मुलुकी अपराध संहिताअनुसार सरकारी लिखत किर्ते मुद्दाको हदम्याद दुई वर्षको हुन्छ। जसअनुसार पीडित पक्ष (गृह मन्त्रालयअन्तर्गतको समरजंग कम्पनी)ले जानकारी पाएको मितिका आधारमा २७ पुसलाई हदम्याद मानेर यसअघि अनुसन्धान अघि बढाइएको थियो। त्यतिवेला सरकारी वकिल कार्यालय र महान्यायाधिवक्ता कार्यालयसँगै भएको छलफलका आधारमा प्रहरीले केही आरोपीलाई पक्राउसमेत गरी अभियोजन प्रक्रिया अघि बढाएको थियो। तर, हदम्याद सकिने वेला सरकारी वकिल कार्यालयले अर्को निर्णय गरेपछि प्रहरी अधिकारीले आश्चर्य मानेका छन्। 'त्यतिवेला हदम्याद सकिनुभन्दा एक साताअघि फाइल बुझाउन भनेकाले हामीले त्यहीअनुसार बुझाएका थियौँ,' सिआइबीका एक अधिकारी भन्छन्, 'अहिले आएर मुलुकी ऐनअनुसार मुद्दा चल्ने व्याख्या गर्नु हास्यास्पद कुरा हो।' मुलुकी अपराध कार्यविधि संहिता आएपछि मात्र जाहेरी परेको कसुर भएकाले त्यहीअनुसार अभियोजन हुनुपर्ने निष्कर्ष निकालिएको थियो।

फौजदारी अपराधसम्बन्धी सिद्धान्तमा नयाँ कानुनले पुरानो कानुनलाई खारेज गरेको र कसुर पुरानो कानुन भएको समयमा भएको अवस्थामा जुन कानुन बलियो हुन्छ, त्यही कानुनअनुसार अभियोजन गर्नुपर्ने भन्ने मान्यता छ। नयाँ कानुनमा सजाय धेरै भएको र हदम्यादको समेत व्यवस्था भएकाले यही बलियो हुने आधारमा सिआइबीले अभियोजन प्रक्रिया अघि बढाइएकोमा सरकारी वकिलले दबाब र प्रभावको कारण अन्तिम समयमा नयाँ व्याख्या गरेको हो।

मुद्दाको हदम्याद र कुन कानुन आकर्षित हुने भन्ने बुझाइमा कतिपय कुरा फरक देखिएको सहन्यायाधिवक्ता पौडेलको दाबी छ। 'केही नेपाल कानुनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ ले मुलुकी ऐन खारेज गरेको हो,' उनले भने, 'त्यो ऐनमा त्यसभन्दा अघि भएका कसुरमा मुलुकी ऐनअनुसार नै अभियोजन हुने र सजाय हुने प्रस्ट प्रावधान छ। यो कसुर सबै ०६९ अघि मात्र भएका छन्, त्यसकारण अहिलेको कानुनअनुसार चल्ने कुरा नै भएन।'

मुलुकी ऐनको किर्ते महलमा यस्तो मुद्दामा हदम्यादको प्रावधान नभएको उनको भनाइ छ। 'मुलुकी ऐनअनुसार यस्तो मुद्दामा हदम्यादको प्रावधान नै छ, जहिले पनि चल्न सक्छ।' हदम्याद नहुने भएपछि प्रहरीलाई दबाब दिएर दशौँ वर्षसम्म मुद्दा अघि नबढाउन पनि सकिन्छ। सोही रणनीतिअन्तर्गत यो मुद्दालाई 'डिसमिस' गराउन अहिले फाइल फिर्ता पठाइएको स्रोत बताउँछ। उच्चपदस्थ र प्रभावशाली व्यक्तिहरूविरुद्ध मुद्दा चल्ने भएपछि सरकारकै तहबाट यस्तो हस्तक्षेप भएको हो। यसअघि अनुसन्धानको क्रममा पनि प्रहरीमाथि उच्चपदस्थलाई जोगाउन दबाब परेको थियो। सिआइबीका निर्देशक डिआइजी धीरजप्रताप सिंह सरकारी वकिल कार्यालयको निर्देशनअनुसार आफूहरू अघि बढ्ने बताउँछन्। 'थप अनुसन्धान गर्न भनेर फाइल फिर्ता आएको छ,' उनले भने, 'निर्देशनअनुसार नै हामी अनुसन्धान अघि बढाउँछौँ। कसरी जाने भन्नेमा छलफल गरिरहेका छौँ।'

दुई वर्षको हदम्याद मंगलबार सकिने भएकाले सिआइबीले तत्कालै थप अनुसन्धान गर्न सक्ने अवस्था छैन। स्रोतका अनुसार सरकारी वकिल कार्यालयले ७०बुँदे निर्देशन दिएको छ। जसमा कतिपय कुरा प्रस्ट पार्नेदेखि फरेन्सिक जाँचसम्मका विषय छन्। सरकारी वकिल कार्यालयले पठाएको पत्रमा हदयादसम्बन्धि कुनै कुरा उल्लेख गरिउएको छैन। 'सरकारी वकिलको पत्रअनुसार यसमा अनुसन्धान गर्न अझै ५- ६ महिना लाग्छ,' सिआइबीका एक अधिकारीले भने,'९० वर्षअघिको लिपिलाई समेत उल्था गरेर ल्याउन भनिएको छ।'

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भन्दा विस्तृत अनुसन्धान गरेकाले सिआइबीको अनुसन्धानमा यसमा करिब चार सयजनाको संलग्नता देखिएको थियो। 'तर, राज्यको यत्रो लगानी र हाम्रो मिहिनेत खेर जाने अवस्था देखिएको छ,' सिआइबीका एक अधिकारीको गुनासो छ, 'अझ मुख्य कुरा बिचौलिया र माफियाहरूले उन्मुक्ति पाउने जोखिम छ।'

सिआइबीले चारवटा छुट्टाछुट्टै मुद्दा चलाउन सिफारिस गरेको थियो। विभिन्न चरणमा सरकारी कागजपत्र किर्ते गरी एक सय ३६ रोपनी जग्गा व्यक्तिको नाममा लगिएको सिआइबी निष्कर्ष छ।

## देशभरका...

पृष्ठ १ बाट क्रमशः

जारी गर्दै २७ पुसदेखि १५ माघसम्म बिदा दिने निर्णय गरेको जनाएका छन्। यही अवधिमा १२ देखि १७ वर्ष उमेर समूहका विद्यार्थीलाई सबै स्थानीय तहमा खोप लगाउने कार्यक्रम रहेकाले त्यसमा सहभागी हुन मन्त्रालयले अनुरोध गरेको छ।

बिदाको अवधिमा विद्यालयहरूले सिकाइ सहजीकरण निर्देशिका, २०७७ अनुसार विद्यार्थीको सिकाइमा आवश्यक सहजीकरणको प्रबन्ध मिलाउन शिक्षा मन्त्रालयले आग्रह गरेको छ। मन्त्रालयले विश्वविद्यालयका वार्षिक तथा सेमेस्टर प्रणालीका पूर्वनिर्धारित परीक्षाका कार्यक्रम जनस्वास्थ्य र सुरक्षाका मापदण्ड पूर्ण रूपमा पालना गरी सञ्चालन गर्न आग्रह गरेको छ।

शिक्षा मन्त्रालयका सचिव यादव कोइरालाले विश्वविद्यालय स्वायत्त भएकाले उनीहरूको विषयमा मन्त्रालय नबोलेको बताए। 'विश्वविद्यालय स्वायत्त संस्था भएकाले हामीले निर्णय नगरेको हो, २५ जनाभन्दा बढी उपस्थित हुन नपाउने भनेपछि विश्वविद्यालय पनि स्वतः बन्द हुन्छ, एउटा कलेजमा २५ जनाभन्दा पक्कै पनि धेरै हुन्छन्,' उनले भने। त्रिविका आंगिक क्याम्पसहरूमा भने जाडो बिदा सुरु भएको छ। अधिकांश सामुदायिक तथा निजी क्याम्पसले कक्षा सञ्चालन गरिरहेका थिए।

# दोब्बरले बढ्दै बालबालिकामा संक्रमण

## दोस्रो लहरपछि दैनिक २५ बालबालिकामा सीमित कोरोना संक्रमण मंगलबारदेखि उकालोतर्फ, सोमबार १८ वर्षमुनिका एक सय १६ बालबालिकामा देखियो संक्रमण

**मञ्जु टेलर**/नयाँ पत्रिका

गत सातादेखि बालबालिकामा कोरोना संक्रमण उकालो लागेको छ। कोभिडको नयाँ भेरियन्ट 'ओमिक्रोन' फैलिएसँगै बालबालिकामा पनि दैनिक दोब्बरले संक्रमण बढिरहेको छ।

स्वास्थ्य मन्त्रालयका अनुसार सोमबार मात्रै १८ वर्षमुनिका एक सय १६ जना बालबालिका संक्रमित भएका छन्। ओमिक्रोन फैलिएसँगै देशभर बालबालिकामा पनि संक्रमण बढ्दै गएको हो। मन्त्रालयका अनुसार आइतबार ७५ जनामा संक्रमण देखिएको थियो। शनिबार ६७ जना संक्रमित भएका थिए।

पछिल्लो २४ घन्टामा देशभर एक हजार चार सय ४६ जनामा संक्रमण देखिएको छ। कोभिडको दोस्रो लहरपछि दैनिक औसत २५ जनामा सीमित रहेको बालबालिकामा संक्रमण गत मंगलबारदेखि उकालो लागेको हो। गत सोमबार २२ बालबालिका संक्रमित भएका थिए। मंगलबार, बुधबार, बिहीबार र शुक्रबार क्रमशः ४२, ४२, ५७ र ४३ जनामा संक्रमण देखिएको छ। १२ वर्षमुनिका बालबालिका खोपको पहुँचमा नभएको र ओमिक्रोन बालबालिकामा बढी देखिने दरका कारण संक्रमण दिनानुदिन बढिरहेको चिकित्सकहरूले अनुमान गरेका छन्।

हालसम्म १२ देखि १८ वर्ष उमेर समूहका ३४ लाख २५ हजार चार सय आठ बालबालिकाले खोपको पहिलो मात्रा लगाएका छन्। संक्रमण बढेसँगै बालबालिका खोप कार्यक्रममा तीव्रता दिइएको स्वास्थ्य मन्त्रालयले जनाएको छ। मंगलबारदेखि काठमाडौं उपत्यकामा बालबालिकालाई फाइजर र मोडर्ना खोप दिन लागिएको छ।

### ■ अमेरिकामा बालबालिका अस्पताल भर्नादर बढ्यो

कोभिड महामारी सुरु भएयताकै सबैभन्दा बढी प्रभावित रहेको अमेरिकामा खोप उपलब्ध नभएका उमेर समूहका बालबालिकाको अस्पताल भर्नादर बढेको छ। अमेरिकी रोग नियन्त्रण तथा रोकथाम केन्द्र (सिडिसी) ले गरेको पछिल्लो सर्वेक्षणले पाँच वर्षमुनिका बालबालिकामा कोभिड संक्रमणका कारण अस्पताल पुग्नेको संख्या बढेको देखाएको छ। अमेरिकामा गत सातादेखि दैनिक औसत अस्पताल भर्नादर ६ सय ७२ पुगेको छ। जुन हालसम्मकै सबैभन्दा धेरै रहेको सिडिसीले जनाएको छ।

साना बालबालिकामा बढेको अस्पताल भर्नादरका कारण ओमिक्रोन र अन्य श्वासप्रश्वाससम्बन्धी संक्रमणलाई मानिएको छ। खासगरी पाँच वर्षभन्दा माथि उमेर समूहमा तुलनात्मक रूपमा संक्रमण कम देखिएकाले समेत ओमिक्रोन जिम्मेवार रहेको विज्ञहरूको अनुमान छ। तर, हालसम्म संक्रमित बालबालिका अझै पनि वयस्कहरूको तुलनामा गम्भीर बिरामी हुने जोखिममा धेरै कम छ। अघिल्ला लहरमा साना बालबालिका अस्पताल भर्ना भए पनि आइसियु तथा भेन्टिलेटरमा पुग्ने दर निकै न्यून थियो।

सिडिसीको तथ्यांकअनुसार १ जनवरीदेखि मात्रै चार वर्षमुनिका एक लाखभन्दा बढी बालबालिका अस्पताल भर्ना भइसकेका छन्। जुन पछिल्लो महिनाको तुलनामा दोब्बर र पछिल्लो वर्षको तुलनामा झन्डै तीन गुणा बढी भएको सिडिसीले जनाएको छ। तर पाँचदेखि ११ वर्ष उमेर समूहका बालकालिका संक्रमणदर पछिल्लो वर्षजस्तै करिब ०.६ प्रतिशतको हाराहारीमा छ।

अमेरिकामा पाँचदेखि ११ वर्ष उमेरका १६ प्रतिशत बालबालिकाले खोपको पूर्ण मात्रा लगाइसकेका छन्। खोप लगाउन मिल्ने जनसंख्यामा बुस्टर डोजसमेत प्रयोग भइरहेको छ। तर, खोप लगाउन नमिल्ने समूहमा अस्पताल भर्नादर बढेको सिडिसीकी निर्देशक डा. रोशेल वालेन्स्कीले बताएकी छिन्। 'पछिल्लो सातायता २१ प्रतिशत बालबालिकामा संक्रमण देखिनु सामान्य होइन। गम्भीर समस्या न्यून देखिए पनि बालबालिकाको स्वास्थ्यलाई महत्व दिन अति आवश्यक भएको छ,' उनले भनेकी छन्।

बालबालिकाको बढ्दो अस्पताल भर्नादरले ओमिक्रोनले साना बालबालिका बढी प्रभावित हुने चिकित्सकहरूले अनुमान गरेका छन्। भारतमा पनि ओमिक्रोन फैलिएसँगै गत वर्षको तुलनामा बालबालिका अस्पताल भर्नादर बढेको छ। ओमिक्रोनले बालबालिकाको श्वासनलीमा असर गरिरहेको स्वास्थ्य विज्ञहरूले बताएका छन्। दिल्लीस्थित श्री बालाजी एक्सन मेडिकल इन्स्टिच्युटका श्वासप्रश्वास रोग विशेषज्ञ डा.अनिमेश आर्यालले भनेका छन्, 'बालबालिकाको श्वासनली वयस्कको तुलनामा साँघुरो हुने भएकाले श्वासनलीको माथिल्लो भागमा संक्रमण देखिएको छ। प्रतिरोधी क्षमता कमजोर र भ्याक्सिनसमेत प्रयोग नभएका यो समूहमा भाइरसले अन्य अंगमा पनि प्रभाव पार्ने जोखिम बढी देखिन्छ।'



भक्तपुरको सूर्यविनायक नगरपालिका-६ मा रहेको शंखधर मेमोरियल स्कुलमा १२ देखि १७ वर्षका विद्यार्थीलाई कोरोनाविरुद्धको मोडर्ना खोप लगाउँदै। तस्बिर : दीपेन्द्र ढुंगाना/नयाँ पत्रिका

## पहिलो र दोस्रो डोज छुटेकालाई काठमाडौंका यी ठाउँमा लगाइन्छ खोप

**शान्ति तामाङ**/नयाँ पत्रिका

कोरोनाको दर दैनिक बढ्न थालेसँगै सरकारले विद्यालय बन्द गर्नेदेखि सार्वजनिक स्थलमा २५ जनाभन्दा धेरै जम्मा हुन नपाउने भनेको छ। सरकारले यस्ता नियम लागू गर्न लागेसँगै खोप लगाउन छुटेका र पहिलो डोज लगाएका कतिपयलाई खोप लगाउन पाए हुने भन्ने भएको छ।

काठमाडौंमा रहेका कसैले खोप लगाउन पाएका छैनन् वा दोस्रो मात्रा लगाउन बाँकी छ भने ११ स्थानीय तहमध्ये ६ वटा स्थानीय तहमा खोप कार्यक्रम सञ्चालनकै अवस्थामा छन्। १८ वर्षभन्दा माथिका उमेर समूहले ती ठाउँमा गएर खोप लगाउन सक्नेछन्। आफूलाई पायक पर्ने जुनसुकै ठाउँमा गएर खोप लगाउन सक्नेछन्। त्यसका लागि पहिलो डोज लगाएकाले खोप कार्ड र पहिलो मात्रा पनि नलगाएकाले आफ्नो परिचय पत्र लिएर जाँदा खोप लगाउन पाउनेछन्।

काठमाडौं महानगरपालिका, चन्द्रागिरि नगरपालिका, बूढानिलकण्ठ नगरपालिका, नागार्जुन नगरपालिका र शंखरापुर नगरपालिकाबाहेक अन्य नगरपालिकाभित्र खोप कार्यक्रम सञ्चालनमा छन्। कीर्तिपुर नगरपालिकामा विष्णुदेवी अस्पताल कीर्तिपुरमा खोप कार्यक्रम सञ्चालनमा छ।

कागेश्वरी मनोहरा नगरपालिकामा पनि खोप कार्यक्रम यथावत् छ। नगरपालिकाभित्र मूलपानी नगर अस्पताल र आलापोट स्वास्थ्य चौकीमा खोप लगाउन सकिने नगरपालिकाले जनाएको छ। गोकर्णेश्वर नगरपालिका-४ मा रहेको गोकर्णेश्वर अस्पतालमा खोप कार्यक्रम सञ्चालन छ। दक्षिणकाली नगरपालिकाका प्रवक्ता अम्रिका बलामीका अनुसार खोप लगाउन छुटेकालाई नौवटै वडामा रहेका स्वास्थ्य चौकीमा खोप लगाइन्छ। तारकेश्वर नगरपालिकामा मनमैजु स्वास्थ्य चौकीमा बिहान १० देखि साँझ ४ बजेसम्म लगाइन्छ। टोखा नगरपालिकाले मंगलबारदेखि १२ देखि १८ वर्ष उमेर समूहलाई खोप लगाउने भएकाले अन्य उमेर समूहलाई ६ माघसम्मका लागि खोप नलगाउने भएको छ।

काठमाडौंका ६ स्थानीय तहबाहेक जिल्ला जनस्वास्थ्य कार्यालय काठमाडौंमातहत पनि खोप कार्यक्रम सञ्चालन भइरहेका छन्। जसमध्ये काठमाडौंका आर्मी अस्पताल, प्रहरी अस्पताल, सशस्त्र प्रहरी अस्पताल, टिचिङ अस्पताल, वीर अस्पताल, टेकु अस्पताल, सिभिल अस्पताल, प्रसूति गृह, वयोधा अस्पताल, कोटेश्वर एपेक्स पोलिक्लिनिक, नयाँ बसपार्क गोंगबु, सहिद मेमोरियल अस्पताल कलंकीमा गएर छुटेका वा पहिलो डोज लगाएकाले खोप लगाउन सकिनेछ। यी अस्पतालमा बिहान १० देखि अपराह्न ४ बजेसम्म खोप लगाइन्छ।

## दैनिक पाँच लाखलाई खोप अभियान भएन प्रभावकारी

**अर्जुन अधिकारी**/नयाँ पत्रिका

सरकारले दैनिक पाँच लाख नागरिकलाई खोप लगाउने घोषणा गरेको थियो। तर, सरकारले लिएको लक्ष्यअनुसार खोप अभियान अघि बढ्न सकेको छैन। हरेक दिन खोप लगाउनेको संख्या दुई लाखको हाराहारीमा मात्र देखिएको छ। सोमबार पनि दुई लाख १० हजार पाँच सय ९४ जनाले खोप लगाएका छन्।

पर्याप्त सिरिन्ज नहुँदा दैनिक पाँच लाखलाई खोप लगाउने अभियान कार्यान्वयनमा नआएको स्वास्थ्य मन्त्रालयका अधिकारी बताउँछन्। कोभिड महामारीको समयमा तीन तहका सरकारबीच समन्वय हुन नसक्दा खोप अभियान बरालिएको उनीहरूको भनाइ छ। सरकारले १८ वर्षभन्दा माथिका सबै नागरिकलाई खोप दिँदै आएको छ। तर, संघीय सरकारको निर्णयअनुसार सबैले खोप सहज रूपमा पाएका छैनन्। कतिपय खोपकेन्द्रले नेपालमा उपलब्ध भएका खोप आवश्यकताअनुसार दिएका छन् भने कतिपय केन्द्रले आफूलाई सहज हुने खोप मात्रै चलाएका छन्। यसले गर्दा एक मात्रा र दुई मात्रा खोप लगाउन जानेहरू समस्यामा परेको गुनासा आएका छन्।

स्वास्थ्य मन्त्रालयका सहप्रवक्ता डा. समिर अधिकारी संघीयता कार्यान्वयनपछि स्वास्थ्यमा समन्वयको पाटो बरालिएको बताउँछन्। 'कतिपय क्षेत्रमा धेरै राम्रो काम पनि भएका छन्,' उनले भने, 'तर कतिपय स्वास्थ्य क्षेत्रले बाटो बिराएको जस्तो भएको छ। यो हाम्रा लागि निकै ठूलो चुनौती हो।'

देशभर सात सय ५३ पालिकाले के गरिरहेका छन् भनेर स्वास्थ्य मन्त्रालयलाई समेत जानकारी हुँदैन। 'स्वास्थ्य मन्त्रालय तीन तहमा विभाजित छ। स्थानीय तहमा २५ हजार स्वास्थ्यकर्मी छन्। करिब ६ हजारको संख्यामा प्रदेश र २५ सयको हाराहारीमा संघमा छन्। संघमा भएका कर्मचारी र प्रदेशमा भएका कर्मचारीबीचको समन्वयमै सबैभन्दा ठूलो चुनौती छ,' अधिकारीले भने, 'कोरोना रोकथाम स्वास्थ्य मन्त्रालयको काँधमा भएकाले अरू निकायसँगको समन्वय त झनै ग्याप छ। समयअनुसार व्यवस्थापन गर्ने काम हामीले गर्दै आएका छौँ। हामीले मागेजति खोप स्थानीय तहमा पठाएका छौँ, तर नलगाएर समय सकिन लागेपछि फिर्ता भएका पनि छन्।'

सिरिन्ज अभावले रोकिएको फाइजर खोप अभियान मंगलबारदेखि सुरु हुँदै छ। अन्य खोपका लागि आवश्यक पर्ने सिरिन्ज पनि कम मात्रै मौज्दात छ। स्वास्थ्य सेवा विभाग व्यवस्थापन महाशाखाका अनुसार हाल देशभर ३० लाख २४ हजार आठ सय सिरिन्ज बाँकी छ। दैनिक रूपमा दुई लाखले खोप लगाइरहेका छन्। यही संख्यामा खोप लगाए १५ दिनभन्दा बढीलाई सिरिन्ज पुग्ने देखिँदैन। फाइजरका लागि आएको छुट्टै ६ लाख सिरिन्जबाट मंगलबारदेखि खोप लगाइने भएको छ।

व्यवस्थापन महाशाखाका प्रमुख डा. रुद्रप्रसाद मरासिनीका अनुसार हाल भएको सिरिन्जले १० देखि १५ दिनलाई पुग्छ। तर, सरकारको लक्ष्यअनुसार दैनिक पाँच लाखले लगाएको अवस्थामा भने एक साताभन्दा बढी खोप अभियान चल्न सक्दैन। मरासिनीका अनुसार कोभ्याक्समार्फत २० जनवरीमा १२ लाख ९६ हजार खोप आउँदै छ। सरकारले दुई करोड खोप खरिद गर्न लागेको छ, त्यसमध्ये ५० लाखको टेन्डर भइसकेको छ। जुन १५ दिनभित्र आउने अनुमान गरिएको छ। चीनले २० लाख डोज खोप दिने प्रतिबद्धता जनाएको छ, तर कहिले दिने भन्ने टुंगो लागेको छैन।

## बालबालिकालाई लगाउन ल्याएको १५ सय डोज खोप फिर्ता

**अनु आचार्य**/नयाँ पत्रिका

रसुवामा बालबालिकालाई लगाउन ल्याइएको कोरोनाविरुद्धको करिब १५ सय डोज मोडर्ना खोप फिर्ता पठाइएको छ। जिल्लामा १२ देखि १७ वर्षसम्मका बालबालिकालाई दिन लागिएको खोपमध्ये १४ सय ९० डोज खोप स्वास्थ्य सेवा विभागको व्यवस्थापन महाशाखाअन्तर्गत आपूर्ति शाखामा फिर्ता पठाइएको हो।

गत ११ देखि १८ पुससम्म जिल्लाको पाँचवटै गाउँपालिकाको ४३ वटा माध्यमिक तहका १२ देखि १७ वर्षसम्मका बालबालिकाका लागि खोप अभियान सञ्चालन गरिएको थियो। तर, तोकिएको लक्ष्यअनुसार प्राप्त तथ्यांकका बालबालिकाले खोप लगाउन नआउँदा खोप फिर्ता गर्नुपरेको स्वास्थ्य कार्यालय रसुवाका प्रमुख वसन्त चालिसेले जानकारी दिए। '११ देखि १३ पुससम्म खोप अभियान थियो, हामीले पाँच दिन थप गरेर १८ गतेसम्म खोप अभियान सञ्चालन गर्‍यौं, विवरणअनुसार पाँचवटै गाउँपालिकाका सबै बालबालिका खोप लगाउन आएनन्,' उनले भने।

गत बुधबार बाँकी रहेका सबै खोप स्वास्थ्य सेवा विभागको व्यवस्थापन महाशाखाअन्तर्गत आपूर्ति शाखामा फिर्ता पठाइएको उनले बताए। 'मोडर्ना खोप एक महिनासम्ममा लगाइसक्नुपर्ने हुन्छ, ४८ सय डोज खोप ल्याएका थियौं, लक्ष्यअनुसारका विद्यार्थी नआएपछि १४ सय ९० डोज फिर्ता गर्‍यौं। एक भाइल खोप ११ जनासम्मलाई लगाउन सकिन्छ,' चालिसेले भने, '१८ वर्षमाथिका नागरिकलाई लक्ष्यअनुसारको खोप लगाइयो, तर १२ देखि १७ वर्षसम्मका बालबालिकालाई लक्ष्यअनुसार लगाउन सकिएन।'

## नाकामा निष्फिक्री आवतजावत

### सीमामा आउजाउ गर्नेसँग सामान्य सोधपुछ, मास्कसमेत नलगाई नेपाल भित्रिन्छन्

**चिरञ्जीवी घिमिरे**/नयाँ पत्रिका

भारतसँग झापाको १४४ किलोमिटर खुला सीमा जोडिएको छ। पूर्वमा पश्चिम बंगाल र दक्षिणमा विहारसँग जोडिएको छ। भारतमा कोरोना भाइरसको नयाँ भेरियन्ट ओमिक्रोन संक्रमण तीव्र रूपमा बढेको छ। नेपालमा पनि केही दिनयता संक्रमण दर बढ्दै गएको छ।

संक्रमणको खतराका कारण सरकारले १५ माघसम्म विद्यालय बन्द गर्ने निर्णय गरेको छ। तर, खुला सीमा रहेको झापामा भने सीमामा निष्फिक्री आवतजावत चलिरहेको छ। नेपाल प्रवेश गर्ने मुख्य नाका पूर्वीनाका काँकडभिट्टामा कडाइ छ। यहाँ स्वास्थ्यकर्मी पनि छन्। तर, काँकडभिट्टाबाहेक अरू नाका सामान्य अवस्थामै छ। दैनिक पाँच सयसम्म आवतजावत गर्ने काँकडभिट्टापछिको ठूलो नाका भद्रपुरमा सुरक्षा सतर्कता छैन। नाकामा सुरक्षाकर्मी मात्र बस्छन्। उनीहरूले सामान्य सोधपुछपछि नेपाल भित्रिन दिने गरेका छन्।

फत्तेपुर, महाभारालगायत अन्य नाकाबाट सामान्य अवस्थाझैं निस्फिक्री आवतजावत भइरहेको छ। नाकामा आवतजावत गर्ने अधिकांशले स्वास्थ्य सुरक्षा अपनाएका हुँदैनन्। सामान्य मास्कसमेत नलगाई नेपाल भित्रिने गरेको सीमाका स्थानीय बताउँछन्। 'बाहिरबाट मान्छे हेर्न आएको छ भने प्रहरीले कडा गरेकोजस्तो गर्छ। नभए त मास्क पनि नलगाई भारतबाट आउँछन्। जसका कारण हामीलाई पनि जोखिम छ,' गौरीगन्जस्थित फत्तेपुर नाकाको दशगजामै घर भएका गुणाप्रसाद गनगाईं भन्छन्, 'कोरोना फैलिन सक्ने खतरा छ। कम्तीमा मास्क लगाएर आए मात्र पनि हामी कोरोनाबाट बच्थ्यौं कि भन्ने लाग्छ।'

पूर्वीनाका काँकडभिट्टाबाहेकको नाकामा कडाइ गर्नुपर्ने अवस्था रहेको जिल्ला प्रशासन कार्यालय झापाले जनाएको छ। निमित्त प्रमुख जिल्ला अधिकारी चोमेन्द्र न्यौपानेले सिसिएमसिसीको निर्णय आएपछि जिल्ला संकट व्यवस्थापन केन्द्रको बैठक बसेर कडाइ गरिने बताए। 'नाकामा स्वास्थ्यकर्मी छैनन्। काँकडभिट्टाबाहेकका नाका विगतको जस्तै सामान्य अवस्थामा छन्। यसको व्यवस्थापन गर्नुपर्छ भन्नेमा हामी पनि छौं। सम्बन्धित स्थानीय तहसँग समन्वय गरेर गर्छौं पनि,' उनले भने, 'अहिले कोरोना संक्रमण दर हेर्दा खतरा पनि छ। नाकामा बस्ने सुरक्षाकर्मीलाई मास्क लगाउनलगायत मापदण्ड पालना गर्न भनेर केही कडाइ गरेका छौं। तर, सिसिएमसिसीको निर्णय आएपछि डिसिसिएमसीको बैठक बसेर यसबारे निर्णय गर्छौं।'







# यात्रुवाहक बस दुर्घटना : नौमहिने शिशुको मृत्यु

**दाङ**/ यात्रुवाहक बस दुर्घटना हुँदा दाङमा नौमहिने शिशुको मृत्यु भएको छ। सोमबार बिहान साढे ३ बजेतिर लमही-भालुवाङ सडकखण्डको राप्ती गाउँपालिका-५ सिसहनियाँको दालाई खोलानजिक बस दुर्घटना हुँदा भारतको मोतीहारी बस्ने असिर आलमका छोरा नानु आलमको मत्यु भएको हो। वीरगन्जबाट सुर्खेत जाँदै गरेको ना५ख २०६ नम्बरको बस दुर्घटना हुँदा गम्भीर घाइते भएका आलमको उपचारका लागि कोहलपुर लैजाँदै गर्दा बाटोमै मृत्यु भएको हो। अन्य नौजना घाइते भएको जिल्ला प्रहरी कार्यालय दाङका प्रहरी नायव उपरीक्षक मुकुन्द रिजालले बताए।

घाइते हुनेमा पर्सा वीरगन्ज उपमहानगरपालिका-१६ का रतन शाही, रौतहटका रामविनायक कुर्मी, भारत विहारका सन्सात खातुन, एन्डिल आलक, सुर्खेतका दिलबहादुर क्षेत्री छन्। त्यस्तै, बर्दियाको गेरुवा गाउँपालिका-१ का पूर्णप्रसाद पाण्डे, बाँकेका शान्ता वली, हुम्लाका धनबहादुर रावत र गोरख रावत सामान्य घाइते भएका छन्। लमही अस्पतालमा उपचारपछि सबै डिस्चार्ज भइसकेको प्रहरीले जनाएको छ। बसमा २० जना यात्रु सवार थिए। बस अनियन्त्रित भएर सडकभन्दा २० मिटर तल पल्टिएको थियो। प्रहरीले चालकलाई नियन्त्रणमा लिएको छ।

## मोटरसाइकल दुर्घटनामा चालकको मृत्यु

**नवलपुर**/ पूर्वी नवलपरासीमा आइतबार राति भएको सवारी दुर्घटनामा मोटरसाइकल चालकको निधन भएको छ। विनयी त्रिवेणी गाउँपालिका-६ शिवपुरमा त्रिवेणीबाट बर्दघाट आउँदै गरेको लु१२प ६३४४ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा रुपन्देहीको ओमसतिया गाउँपालिका-१ बस्ने २० वर्षीय राहुल बास्खोरको मृत्यु भएको प्रहरीले जनाएको छ। गम्भीर घाइते उनको मध्यबिन्दु जिल्ला अस्पतालमा उपचारका लागि ल्याइएपछि अस्पतालले मृत घोषणा गरेको थियो। पोस्टमार्टमका लागि मध्यबिन्दु जिल्ला अस्पतालमा शव राखिएको छ।


## Chharka Tangsong Rural Municipality
## Office Of The Rural Municipal Executive
**Kagkot, Dolpa**
**Karnali Province, Nepal**

### INVITATION FOR ELECTRONICS BIDS

Contract Identification No: **CTRM/DOLPA/WORKS/NCB/ 02, 03-078/079**
Date of publication: **11-01-2022 (2078-09-27)**

1. The government of Nepal has allocated found towards the cost of contracts Description Table (CDT) at end of the Notice and intends to apply part of the fund to cover eligible payment under the contract for the construction of work in the following project for which this tender invitation is issued.
2. The ChharkaTangsong Rural Municipality office of the Municipal Executive Kagkot, Dolpa invites electronics bids from eligible bidders for the following work.
3. ***Chharka Tangsong Rural Municipality*** invites electronic bids from eligible bidders for the construction of **Bheri Nadi Tatbandhan Nirman** under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.

   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: ***NRs 3,33,51,000.00***
   - Minimum Work experience of similar size and nature: ***2 (Two) no. of Gabin Works in hilly area of Nepal NRs. 1,78,00,000.00***
4. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
5. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***ChharkaTangsong Rural Municipality, Kagkot Dolpa Karnali Province Nepal*** or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
6. Bidder may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of **below table** bidding document in the Project's Rajaswa (revenue) account as specified below.

   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank : **RastriyaBanijya Bank Ltd.**
   Name of Office : **ChharkaTangsong Rural Municipality, Dolpa**
   Office Code no. : ……………..
   Office Account no. : **4530100301010002**
   Rajaswa (revenue) Shirshak no. : **14229**
7. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before ***12:00*** on ***10-02-2022(2078-10-27)***. Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***10-02-2022(2078-10-27)14:00*** at the office of ***Chharka Tangsong Rural Municipality, Dolpa***. Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of **Cost below table** which shall be valid for 30 days beyond the validity period of the bid.

   **Bidder who choose to deposit cash as bid security account is mentioned below:**
   Name of the Bank : **Rastriya Banijya Bank Ltd.**
   Name of Office : **Chharka Tangsong Rural Municipality, Dolpa**
   Office Code no. : ……………..
   Office Account no. : **4530100303000002**
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
10. Matters not covered in this tender notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulations, 2064 and other prevailing rules and regulations of Nepal.

**Contracts Description Table (CDT)**

| S.N | Contract No. | Description of Work | Estimated Amount NRs(Inclusive of VAT and Contingencies) | Bid Security Amount (NRs) | Feeforbid Procurement NRs |
|---|---|---|---|---|---|
| 1 | CTRM/DOLPA/WORKS/NCB/02-078/079 | Bheri Nadi Tatbandhan Nirman | | 5,56,000.00 | 5,000.00 |
| 2 | CTRM/DOLPA/WORKS/NCB/03-078/079 | Kagkot, Bimbi, Mukot, Mustang Road Construction | 30,06,879.31 | 65,000.00 | 3,000.00 |

**Chief Administrative Officer**


# घरमा कोही नभएको मौका छोपी सुन र नगद चोरी गर्ने चार पक्राउ

## विद्यार्थीको भेषमा भाडामा बसेर चोरीको योजना

**रामकृष्ण थापा/नयाँ पत्रिका**
**सिन्धुपाल्चोक, २६ पुस**

गत १२ पुसमा नेपाल पत्रकार महासंघ सिन्धुपाल्चोक शाखाका अध्यक्ष जीवनप्रसाद श्रेष्ठको घरबाट १३ तोला सुनका गरगहना र नगद एक लाख रुपैयाँ चोरी भयो। चौतारा साँगाचोकगढी नगरपालिका-५ पुरानो बजारमा उनको घर छ। घरका सबै सदस्य काममा जाने भएकाले दिउँसो उनको घरमा ताला लागेको हुन्छ।

दिनभर घरमा कोही नभएपछि १२ पुस दिउँसो घर चोरी भयो। बेलुका घरका मानिस सबै जम्मा भए। घरको बाहिरी ढोकामा ताला सही सलामत थियो। चोरी भएको कुनै संकेत थिएन। तर, जब दराजमा परिवारका सदस्यको ध्यान गयो, तब मात्र घरमा चोरी भएको पुष्टि भयो।

कोठामा छिर्ने ढोका र दराज फुटाएर चोरी भएको थाहा पाएपछि श्रेष्ठकी पत्नी गुणकेशरी श्रेष्ठले तत्कालै प्रहरीलाई सूचना गरिन्। तर, प्रहरीलाई चोर पत्ता लगाउन निकै कठिन भयो। श्रेष्ठ दम्पतीले आफ्नै घरमा भाडामा बस्नेमाथि अनुसन्धान गरे। सुनकोसी गाउँपालिका-६ पाखर घर भएकी २० वर्षीया कञ्चन पराजुली दुई महिनादेखि भाडामा बस्थिन्। उनी आफू विद्यार्थी भएको बताउँथिन्। गुणकेशरीले पराजुलीमाथि शंका गरेर प्रहरीलाई सूचना दिइन्। घरमा दिउँसो प्रायः ताला लाग्ने भएकाले पराजुलीलाई एकपटक साँचो र ताला दिइएको थियो। त्यही समयमा उनले घरको अवस्थाबारे सबै जानकारी लिएको र साँचो हरायो भनेर बहाना बनाएको प्रहरी अनुसन्धानबाट खुलेको छ।

प्रहरीले १८ पुसमा पराजुलीलाई पक्राउ गरेर अनुसन्धान बढायो। केही दिनमा उनले चोरीमा संलग्न व्यक्ति र योजनाबारे खोलिन्। त्यसैका आधारमा डाँकाचोरीमा संलग्न अन्य तीनजनालाई प्रहरीले २३ पुसमा पक्राउ गरेको थियो।

भक्तपुर चाँगुनारायण ताथली बस्ने इन्द्रावती गाउँपालिका-९ सिपाटारका २६ वर्षीय बिक्की भनिने अनिल तामाङ, भक्तपुर सूर्यविनायक-४ बस्ने इन्द्रावती गाउँपालिका-९ सिपाटार निवासी २५ वर्षीय बुद्ध तामाङ र भक्तपुर कमलविनायक बस्ने इन्द्रावती गाउँपालिका-१० बडहरेका २४ वर्षीय मनीष सुन्दासलाई थानकोटबाट प्रहरीले पक्राउ गरेको हो। प्रहरी निरीक्षक हरिबोल केसीको कमान्डमा गएको प्रहरी टोलीले दसीसहित डाँकाचोरीमा संलग्नलाई पक्राउ गरेको हो।




### पाँच तोला सुनसहित दुई पक्राउ

**दाङ**/ पाँच तोला सुनका गरगहनासहित नगद चोरी गरेको आरोपमा दुईजना पक्राउ परेका छन्। पक्राउ पर्नेमा राप्ती गाउँपालिका- १ निवासी अन्दाजी १८ वर्षीय वसन्त खत्री र सोही ठाउँ निवासी अन्दाजी २३ वर्षीय खेमराज चौधरी छन्।

जिल्ला प्रहरी कार्यालय दाङका प्रहरी नायब उपरीक्षक मुकुन्द रिजालका अनुसार राप्ती गाउँपालिका- १ निवासी गंगादेवी क्षेत्रीको घरबाट शनिबार राति पाँच तोला सुनका गरगहनासहित ३९ हजार नगद चोरी गरेर फरार रहेका दुईजनालाई पक्राउ गरिएको हो। उनीहरूको साथबाट प्रहरीले सुनको बाला पाँच थान, मंगलसूत्र दुई थान, सुनको सोली चार थान, निलो बट्टासहितको ६ सय, चाँदीको सिक्का एक थानसमेत गरी अन्दाजी चार लाख ५२ हजार बराबरको सुन र ३९ हजार पाँच सय नगद तथा एक थान मोबाइल सेट बरामद गरेको छ। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

उनीहरूको साथबाट प्रहरीले सुन, चाँदी, नगद र चोरीमा प्रयोग गरिएको मोटरसाइकलसमेत बरामद गरेको छ। जिल्ला प्रहरी प्रमुख एसपी राजन अधिकारीका अनुसार आधा तोला सुनको १० गेडी मंगलसूत्र, आधा तोलाको लकेट, एक तोलाको बेरुवा रिङ, चाँदीको कल्ली एक जोर, चाँदीको लकेट, सुनजस्तो देखिने सिक्री र लकेट एक थान, कानमा लगाउने कुन्डल एक जोर, पाँचवटा सिक्री, शिरबन्दी, नेक्लेस, सिक्का राख्ने कन्तुर, मोबाइल फोन पाँच सेट र प्रदेश-३-०२-०१३ प १०६४ नं. को एक्स प्लस बाइक बरामद गरेको छ।

१३ तोला सुनमध्ये ६ तोला भेटिए पनि केही सुनको स्वरूप परिवर्तन गरिएको उनले बताए। 'हामीले घटनालाई गहिरो गरी अध्ययन गरेर अनुसन्धान जारी नै राखेका छौँ,' एसपी अधिकारीले भने, 'विद्यार्थीको भेषमा केटीलाई प्रयोग गरेर डाँकाचोरी भएको जस्तो देखिन्छ।' चोरीमा संलग्न पराजुली र मनीष सुन्दास प्लस टुका विद्यार्थी भएको उनले बताए।

■ जुवाको चेक फिर्ता प्रकरण

# एसएसपी सिंहमाथि डिआइजीको नेतृत्वमा छानबिन सुरु

**काठमाडौं**/ जुवाखालमा 'चोरी भएको चेक' उजुरीकर्तालाई जानकारी नदिई आरोपी पक्षलाई फिर्ता गरेको विषयमा प्रहरी प्रधान कार्यालयले महानगरीय प्रहरीपरिसर काठमाडौंका तत्कालीन एसएसपी अशोक सिंहमाथि छानबिन अघि बढाएको छ। डिआइजी राजेशलाल कर्ण नेतृत्वमा छानबिन समिति गठन गरी प्रधान कार्यालयले छानबिन सुरु गरेको हो।

सिन्धुलीका राजकुमार बरालको चेक जुवा खेल्ने क्रममा उनका साथी सुभाष भेटवालले लिएका थिए। बरालले आफ्नो चेक चोरी भएको बताएका छन्। ती चेकमा भेटवालले आफैँ रकम भरेको उनको दाबी छ।

घटनाको भोलिपल्टै बरालले चेक हराएको भनेर प्रहरीमा उजुरी दिएका थिए। प्रहरीले भने चेक हराएको ठाउँमा जुवा खेलेको भनेर घटनास्थलको मुचुल्का गरेको थियो। जसका आधारमा जुवा मुद्दा चलाउनुपर्ने देखिएकोमा त्यसतर्फ अनुसन्धान नगरी प्रहरीले आरोपी भेटवाललाई चेक फिर्ता दिएको थियो। सरुवा हुने दिनमा एसएसपी सिंहले भेटवाललाई चेक फिर्ता गरेपछि प्रहरी विवादमा फसेको हो। तत्कालीन एसएसपी सिंह र डिएसपी नरेन्द्र चन्दले आरोपीको पक्ष लिएका कारण पनि प्रहरी विवादमा परेको हो।


एसएसपी अशोक सिंह

पीडित बरालले दिएको उजुरीका आधारमा गृह मन्त्रालयले छानबिन गर्न प्रहरी प्रधान कार्यालयलाई पत्राचार गरेको थियो। सोही आधारमा छानबिन अघि बढेको हो।

तर, छानबिनलाई समेत प्रभावित पार्न दबाब परेको स्रोत बताउँछ। डिआइजी कर्ण नेतृत्वको छानबिन समितिमा एक एसपी र एक डिएसपी सदस्य छन्। 'जुवाको मुचुल्का भइसकेको अवस्थामा जुवा मुद्दा नचलाउनुले स्वतः प्रहरीको बद् नियत देखिन्छ,' छानबिनमा आबद्ध एक अधिकारीले भने, 'अर्कोतर्फ ती चेक रोक्का गर्न पहिले नै बैंकमा समेत उजुरी गइसकेको अवस्थामा प्रहरीले अनावश्यक चासो राखेको प्रस्टै देखियो।' सुरुमा आरोपीलाई चेक नै आफूसँग नभएको बताएका थिए भने पछि जुवामा जितेको बताएका थिए। प्रहरीले फिर्ता गरेपछि चेक बाउन्स गराउन उनी बैंक पुगेका थिए।

अतिरिक्त शुल्कको विरोध

# नोबेल मेडिकल कलेजमा विद्यार्थीको प्रदर्शन जारी

**विराटनगर**/ कानुनविपरीत अतिरिक्त शुल्क असुलेको विरोधमा सोमबार पनि विद्यार्थीहरूले विराटनगरस्थित नोबेल मेडिकल कलेजमा प्रदर्शन गरेका छन्। एमबिबिएस पहिलो वर्षमा भर्ना भएका विद्यार्थीसँग असुल्न खोजेको चार लाख ४२ हजार रुपैयाँको विरोधमा आन्दोलनरत विद्यार्थीले प्रदर्शनलाई जारी राखेका हुन्।

आन्दोलनरत विद्यार्थी र पाँच विद्यार्थी संगठनले नोबेल अस्पतालपरिसरमा प्रदर्शन गर्दै कोणसभा गरे। उनीहरूले अतिरिक्त शुल्क खारेज नगरेसम्म आन्दोलन नरोकिने चेतावनीसमेत दिए। विद्यार्थीको आन्दोलनलाई अखिल क्रान्तिकारी, अनेरास्ववियु, नेविसंघ, जनता समाजवादी र एकीकृत समाजवादी विद्यार्थी संगठनले समर्थन गरेका छन्। आइतबार नोबेल प्रशासनले आन्दोलनमा हस्तक्षेप गर्दा सुरक्षा गार्डको कुटाइबाट दुईजना विद्यार्थी घाइते भएका थिए। त्यसपछि आक्रोशित विद्यार्थी समूहले अस्पतालको मूलगेटका सिसा तोडफोड गरेका थिए।




नोबेलले चार लाख ४२ हजार शुल्क नबुझाएको भन्दै एमबिबिएस प्रथम वर्षका विद्यार्थीलाई १४ पुसदेखि कक्षा प्रवेशमा रोक लगाउँदै आएको छ। चिकित्सा शिक्षा आयोग र सरकारले निर्देशन गरिसक्दा पनि अटेर गरेर विद्यार्थीलाई कक्षा प्रवेशमा रोक लगाएको भन्दै विद्यार्थीले २१ पुसमा नोबेल मेडिकल कलेजको प्रशासन कार्यालयमा ताला लगाएका छन्। नोबेलमा अतिरिक्त शुल्क बुझाउन नसक्ने ७२ जना विद्यार्थी पढाइबाट वञ्चित भएका छन्।

कोरोनाविरुद्ध सचेतना
रुमालको सट्टा
टिस्यु पेपर प्रयोग गरौँ


# आठ हजार कर्मचारी, शिक्षक र प्रहरीले बुझाएनन् सम्पत्ति विवरण

## सम्पत्ति विवरण नबुझाउनेमा सबैभन्दा धेरै शिक्षक

**यम बम**/नयाँ पत्रिका

सार्वजनिक पद धारण गरेका पदाधिकारी र कर्मचारीले हरेक आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र सम्पत्ति विवरण बुझाउनुपर्छ। त्यसका लागि थप एक महिनाको समय पनि दिइन्छ। तर, म्याद नाघेको झन्डै चार महिना बित्दा पनि आठ हजार ६७ निजामती कर्मचारी, प्रहरी, सशस्त्र प्रहरी र शिक्षकले सम्पत्ति विवरण बुझाएका छैनन्।

राष्ट्रिय किताबखाना (निजामती, प्रहरी र शिक्षक) मार्फत प्राप्त छुट्टाछुट्टै विवरणअनुसार सम्पत्ति विवरण नबुझाउनेमा सबैभन्दा बढी शिक्षक छन्। किताबखानाले राष्ट्रिय सतर्कता केन्द्रमा विवरण पेस गरिसकेको छ। जसअनुसार पाँच हजार ५३ स्थायी शिक्षकले सम्पत्ति विवरण बुझाएका छन्। विवरण पेस गर्नेमा ८७ हजार पाँच सय ३२ शिक्षक मात्र छन्।

दुई हजार चार सय ८४ निजामती कर्मचारीले पनि सम्पत्ति विवरण बुझाएका छैनन्। सम्पत्ति विवरण बुझाउने निजामती कर्मचारीको संख्या ७६ हजार सात सय ५९ मात्र छ। विवरणअनुसार एक लाख सात हजार तीन सय ६७ प्रहरी, सशस्त्र प्रहरीले सम्पत्ति विवरण बुझाएका छन्। तर, ३० जनाले बुझाएका छैनन्।

जनप्रतिनिधि, पदाधिकारी र करारका कर्मचारीको विवरण भने राष्ट्रिय सतर्कता केन्द्रबाट प्राप्त हुन सकेको छैन। केन्द्रका उपसचिव राजेन्द्रप्रसाद आचार्यका अनुसार संघ, प्रदेश र स्थानीय तहका जनप्रतिनिधि, पदाधिकारी र करार कर्मचारीको सम्पत्ति विवरणसम्बन्धी तथ्यांक रुजुको काम भइरहेको छ। यद्यपि, स्थानीय तहका दुई लाख २७ हजार, प्रदेशका ११ हजार चार सय र संघका ७२ हजार आठ सय ३५ जनप्रतिनिधि, पदाधिकारी र करारमा कार्यरत कर्मचारीले सम्पत्ति विवरण बुझाएको अपरिष्कृत तथ्यांक छ। 'भेरिफाई गर्न पाँचवटा टोली गठन भएको छ, प्रमाणित गरेर ल्याएपछि कतिले विवरण बुझाएनन् भनेर खुल्छ,' उनले भने।

सार्वजनिक पद धारण गरेका पदाधिकारी तथा कर्मचारीले २८ भदौभित्र सम्पत्ति विवरण बुझाइसक्नुपर्छ। जिल्ला समन्वय समिति, स्थानीय तह र प्रदेश सरकारका मन्त्रालयमा बुझाएको सम्पत्ति विवरणको अभिलेख मुख्यमन्त्री कार्यालयमा हुन्छ भने निजामती कर्मचारी, प्रहरी र शिक्षकले सम्बन्धित किताबखानामा विवरण बुझाउँछन्। पदाधिकारी र करार कर्मचारीका लागि सम्बन्धित मन्त्रालय तथा निकाय तोकिएको छ।

### सम्पत्ति विवरण नबुझाउनेलाई अख्तियारको कारबाही

तोकिएको अवधिमा सम्पत्ति विवरण नबुझाउने सार्वजनिक पद धारण गरेका पदाधिकारी र कर्मचारीलाई कारबाही गर्ने अधिकार अख्तियार दुरुपयोग अनुसन्धानसँग रहन्छ। सतर्कता केन्द्रको सिफारिसमा अख्तियारले सम्पत्ति विवरण नबुझाउने सार्वजनिक पद धारण गरेका व्यक्तिमाथि जनही पाँच हजार जरिवाना गरी ३० दिनभित्र सम्पत्ति विवरण पेस गराउन निर्देशन दिन्छ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० मा भनिएको छ, 'प्रत्येक पद धारण गरेको व्यक्तिले ६० दिनभित्र र त्यसपछि हरेक आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिनभित्र आफ्नो र आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सासहितको अद्यावधिक विवरण तोकेको निकाय वा अधिकारीसमक्ष पेस गर्नुपर्नेछ।' उक्त समयभित्र विवरण पेस गर्न नसक्ने व्यक्तिले कारणसहित निवेदन दिएमा ३० दिनसम्मको म्याद थपको व्यवस्था छ। तर, म्याद थपपछिको चार महिना बित्न लाग्दा पनि विवरण पेस नभएपछि सतर्कताले कारबाहीका लागि अख्तियारलाई सिफारिसको तयारी गरेको हो। सम्पत्ति विवरण भने गोप्य रहन्छ।

विदेशमा रहेकाको हकमा भने सम्पत्ति विवरण भर्ने/भराउने व्यवस्थाका लागि लेखी पठाउने व्यवस्था छ। विशेषगरी शान्ति मिसनमा गएका नेपाली सेनाले भने सम्पत्ति विवरण बुझाएका हुँदैनन्। अघिल्लो आर्थिक वर्षमा सेनाका चार सय ६० जनाले विवरण बुझाएका थिएनन्। नेपाली सेनाका पूर्वप्रवक्ता सन्तोषबल्लभ पौड्यालले सेनाका सबैको सम्पत्ति विवरण सतर्कता केन्द्रमा पेस भइसकेको जानकारी दिए।

## एमाले अलोकतान्त्रिक अभ्यास गर्दै छ : आङ्देम्बे

**ताप्लेजुङ**/ कांग्रेस सहमहामन्त्री भीष्मराज आङ्देम्बेले अलोकतान्त्रिक अभ्यासलाइ सत्यसिद्ध गर्ने गलत अभ्यासमा एमाले उभिएको आरोप लगाएका छन्। ताप्लेजुङमा सोमबार आयोजित पत्रकार भेटघाटमा आङ्देम्बेले संसद्को अवरोध हटाएर जनताका साझा मुद्दामा छलफल केन्द्रित गर्न एमालेलाई आग्रह गरे। 'एमालेको गतिरोधले जनताका आधारभूत आवश्यकताको छलफल गर्ने थलो बन्धक बनेको छ', उनले भने।

## सचिवको थप दुई नयाँ दरबन्दी सिर्जना

काठमाडौं/ भएकै सचिव दरबन्दी कटौती गर्नुपर्नेमा सरकारले नयाँ सिर्जना गरेको छ। पछिल्लो मन्त्रिपरिषद् बैठकले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सचिवको दुई नयाँ दरबन्दी सिर्जना गर्ने निर्णय गरेको हो।

मन्त्रिपरिषद्ले प्रधानमन्त्री कार्यालयअन्तर्गत प्रशासन र प्राविधिकतर्फ सचिवका लागि 'विशेष सचिव' भनेर नयाँ पद सिर्जना गरेको हो। एउटा दरबन्दी कार्यालयकै सचिवका लागि र अर्को हालै राष्ट्रिय पुनर्निर्माण प्राधिकरण खारेज भएपछि त्यहाँ कार्यरत सचिवको व्यवस्थापनका लागि सिर्जना गरिएको हो।

हाल प्रधानमन्त्री कार्यालयमा पाँच सचिवको दरबन्दी रहेकामा नयाँ सिर्जना गरेपछि ६ जना पुग्ने भएको छ। एउटा दरबन्दीमा कार्यालयमै रहेका कार्यरत खगेन्द्रप्रसाद नेपालका लागि थपिएको हो। नेपाल निवृत्त भएपछि यो पद स्वतः खारेज हुनेछ। प्राविधिकतर्फको विशेष सचिवमा यसअघि सहरी विकास मन्त्रालयबाट सरुवा गरेर कार्यालयको अतिरिक्तमा राखिएका रमेश सिंहलाई थमाइएको छ। विगतमा प्रशासन सुधार आयोगका प्रतिवेदनहरूले सचिव दरबन्दी बढी भएको भन्दै कटौतीको सिफारिस गर्दै आएका थिए। ०७५ मा गठित सार्वजनिक खर्च पुनरावलोकन आयोगले पनि मन्त्रालयसहित सचिव दरबन्दी कटौतीका लागि सरकारलाई सुझाव दिएको थियो।

विद्यमान सचिवको दरबन्दी फालाफाल हुँदाहुँदै सचिव व्यवस्थापनका लागि भन्दै सरकारले नयाँ दरबन्दी सिर्जना गरेकोप्रति पूर्वसचिव शान्तराज सुवेदी असन्तुष्टि व्यक्त गर्छन्। 'सचिवको दरबन्दी थप्ने होइन, दुई सचिव भएका मन्त्रालयबाट एक सचिवको दरबन्दी काट्नुपर्छ,' उनले भने।सचिवको दरबन्दी छ। मन्त्रिपरिषद् बैठकले सचिवहरूको सरुवा गरेको छ। निर्णयअनुसार बागमती प्रदेश प्रमुखसचिव किरणराज शर्मालाई रक्षा मन्त्रालय सरुवा गरिएको छ।


**Invitation for Bids**

***Triveni Municipality***
**Office of the Municipality**
**Toli, Bajura**
**Sudurpaschhim Province, Nepal**

*Invitation for Bids for the* **Ratna Ma Vi Khelmaidan and Gherwar Nirman**
Contract Identification No: **TM/NCB/W/01/2078-079**

Date of publication: 2078-09-27(Jan-10,2022)

1. ***Office of Triveni Municipality, Toli, Bajura*** invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of **Ratna Ma Vi Khelmaidan and Gherwar Nirman** under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Office of Triveni Municipality,Toli, Bajura, EmailID:itotrivenimun@gmail.com,*** or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder Shall have the option of Submitting their Bid Electronically Only.Submission of Hard Copy Bids Shall Not be Entertained.Bidder may Download the Bidding Documents for e-submission form PPMO's Website www. bolpatra.gov.np./egp,Biddersubmitting their bid electronically, should deposit the cost of bidding document in the Rajaswa (revenue)account as specified below and the scanned Copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank: Nepal Bank Ltd., Triveni Branch, Bajura,**
   **Name of Office : Triveni Municipality Office ,Toli, Bajura**
   **Khata Type. :Sanchit Khata** **Office Account no.: 26803000004001000001**
4. Electronic Sealed bids must be submitted to the ***Office of Triveni Municipality,Toli, Bajura*** through PPMO website www.bolpatra.gov.np/egpon or before **12:00 Hrs** on ***2078-10-26(Feb-09,2022)***. Bids received after this deadline will be rejected.
5. The bidswill be opened in the presence of Bidders' representatives who choose to attend **14:00 Hrs** on ***2078-10-26(Feb-09,2022)***. at the ***Office of Triveni Municipality,Toli, Bajura***. Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. Office of the Triveni Municipality , Toli-Bajura reserves right to amend and correct in bid documents, bid notice or any other documents at any time in case of any discrepancies or error.
8. Any Condition so far not stated in this Notice will be As per PPA 2063 and PPR 2064 and its Amendments.
9. If bidder wish to submit the bid security in the form of cash, bidder has to deposite cash in **dharauti account no 26803000000003000001 of Triveni Municipality ,Toli, Bajura** at **Nepal bank Ltd. Triveni branch Bajura** and submit bank deposit voucher along with a bid.

**Details of Works**

| Discription of works | contract identification No. | Total Amount Excluding VAT | Bid Security Amount Nrs. | Bid Security Validity Period | Fee for Bid Documents | Remarks |
|---|---|---|---|---|---|---|
| Ratna Ma Vi Khelmaidan Nirman | TM/NCB/W/01/2078-079 | 2885348.17 | 75000 | Validity up to 120 days from the last date of bid submission | 3000.00 | |

**INDUSTRIAL DISTRICT MANAGEMENT LIMITED**
(An Undertaking of Government of Nepal)
**Balaju Industrial District Management Office**

**INVITATION FOR BIDS**

**Date of Publication of Notice: 2078/09/27**

**Balaju Industrial District Management Office invites eligible bidders to submit electronic bids to execute following works.**

| S. N | Description of Works | Contract ID | Last Date of Submission | Procurement Type |
|---|---|---|---|---|
| 1 | Laying of Drain from Quality Kitchen Equipment to Quality Cold Store | BIDMO/WORKS 02/78/79 | 2078/10/27 12 PM | Works NCB |

Please visit the official website of PPMO, **www.bolpatra.gov.np/egp** for bid documents and more details or contact BIDMO office during office hours.

**Government of Nepal**
**Ministry of Communication and Information Technology**
**Department of Information and Broadcasting**
**Sanchargram, Kathmandu.**

**Invitation for Electronic Bids for the Procurement of Portable Radio Frequency Spectrum Monitoring System (PRFSMS)**

**Contract Identification No: DOIB/NCB/03-078/79**
**2nd Date of Publication: 2078/09/27 (11, Jan 2022)**

1. Department of Information and Broadcasting, Sanchargram invites only electronic bids from eligible Nepalese bidders for the **Procurement of Portable Radio Frequency Spectrum Monitoring System (DOIB/NCB-03-078/79)** under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information at the Department of Information and Broadcasting, Sanchargram, Kathmandu and inspect the Bidding Documents from PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding documents should download from PPMO's egp-system www.bolpatra.gov.np/egp. Bidders should deposit the cost of bidding document NRs. 3000.00 in the Rajaswa (Revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank : Rastriya Banijya Bank, TIA
   Name of Office : Department of Information and Broadcasting.
   Office Account No. : 1000100200010000 (Rajaswo Khata)
   Office Code No. : 358023501, Rajaswa (revenue) Shirshak No. : 14229
4. Estimated amount is NRs. 49,50,000.00 (including VAT).
5. Electronic bids must be submitted to Department of Information and Broadcasting, Sanchargram through PPMO website www.bolpatra.gov.np/egp on or before 26 Jan, 2022 (2078/10/12) at 12:00 Hrs.
6. The bids will be opened in the presence of Bidders representatives who choose to attend at 26 Jan, 2022 (2078/10/12) 14:00 hours at the Department of Information and Broadcasting, Sanchargram. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of **NRs 1,48,500 /-** (In Word: **One lakh fourty eight thousand five hundred** only) which shall be valid for 30 days beyond the validity period of the bid.
7. In case of Cash Deposit Dharauti Account details are mentioned below: Name of bank: Nepal Rastra Bank, Thapathali., KOLENIKA Kathmandu Dharauti Khata, Account No. 1201200001002524.

Province Government
Ministry of Physical Infrastructure, Urban Development and Transport Management
Infrastructure Development Directorate
**Infrastructure Development Office (IDO)**
Gorkha
Gandaki Province, Nepal

**Invitation for Online Bids**

**Date of Publication: 11 January 2022(2078/09/27)**

1. Infrastructure Development Office, Gorkha Invites the **Online bids only** under e-procurement system from eligible bidders for the construction of projects mentioned below under National Competitive Bidding & Seal Quatation. All other information and Bid Documents can be downloaded from **PPMO's website www.bolpatra.gov.np/egp** or may obtain at office. Interested eligible bidders are requested to submit **E-Bid only** as per instruction within the mentioned period..

| S. N. | Name of Project | Contract ID | Cost of Bid Document (NRs) | Estimated cost including VAT & PS (NRS) | Bid Security (NRs) | Last Date of Bid Submission | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | Upgrading Of Sera Prathichalaya Fedi Sisneri Sadak, Gorkha | IDO/GORKHA/SQ/W/R/01/078-79 | 1000 | 786882.93 | 20000 | 27 th January 2022 | Re-Bid |
| 2 | Upgrading Of 10 Kilo Ring Road , Gorkha | IDO/GORKHA/SQ/W/R/04/078-79 | 1000 | 994,652.37 | 25,000 | 27 th January 2022 | Re-Bid |
| 3 | 10 kilo Shikhar Dada Bakrang Manakamana Jodne sadak | IDO/GORKHA/SQ/W/R/05/078-79 | 1000 | 1,004,091.19 | 25,000 | 27 th January 2022 | Re-Bid |
| 4 | Upgrading of Shera Fedi Sidhababa Sadak,Gorkha | IDO/GORKHA/SQ/W/R/06/078-79 | 1000 | 980,199.28 | 25,000 | 27 th January 2022 | Re-Bid |
| 5 | Upgrading of Pasalang Benikhola Road, Gorkha | IDO/GORKHA/SQ/W/R/09/078-79 | 1000 | 995,319.57 | 25,000 | 27 th January 2022 | Re-Bid |
| 6 | Upgrading of SimalFed Chautara Dada Saune Kwaapani Sotakhola Salbot Road, Gorkha | IDO/GORKHA/NCB/W/R/10/078-79 | 3000 | 2,065,541.83 | 55,000 | 27 th January 2022 | Re-Bid |
| 7 | Upgrading of Nayachautara Salbot Harmi Jamunebesi Jhimerk Sadak, Gorkha | IDO/GORKHA/NCB/W/R/21/078-79 | 3000 | 28,98,576.49 | 75,000 | 27 th January 2022 | Re-Bid |
| 8 | Upgrading Of Hattigauda Dharampani Beltar Khanalthok Sadak, Gorkha | IDO/GORKHA/SQ/W/R/08/078-79 | 1000 | 1,007,502.15 | 25,000. | 27 th January 2022 | First Publication |
| 9 | Upgrading Of Papnefat Ranitar Majhtar Parendihi Gauda Sadak, Gorkha | IDO/GORKHA/SQ/W/R/10/078-79 | 1000 | 19,91,305.45 | 50,000 | 27 th January 2022 | First Publication |

2. Information to Deposit the cost of bidding document and bid security in Bank.

| For Purchasing Bidding Document | Cash Deposit for Bid Security |
|---|---|
| Name of the Bank:- Rastriya Banijya Bank, Gorkha<br>Name of Office:- Infrastructure Development Office, Gorkha<br>Office Code No:- 3370136014<br>Office's Account No:- 10000201010004<br>Rajaswa (Revenue) Shrishak No.:-14229 | Name of the Bank:- RastriyaBanijya Bank, Gorkha<br>Name of Office:- Infrastructure Development Office, Gorkha<br>Office Code No.:- 3370136014<br>Office's Account No.:- 3060100202030000 |

3. Bid validity period should be 90 days from the last date of Bid Submission deadline and Bid Security Validity 30 days beyond the bid validity period for NCB.
4. Bid validity period should be 45 days from the last date of Bid Submission deadline and Bid Security Validity 30 days beyond the bid validity period for Sealed Quatation
5. Bid will be opened on 27 th January 2022at 13.00 hours in Infrastructure development office, Gorkha.

**Senior Divisional Engineer**
**IDO Gorkha**

# दृष्टिकोण



नयाँ पत्रिकामा प्रकाशित विचार पढ्न स्क्यान गर्नुहोस्

# कांग्रेस महाधिवेशनबाट उठेका प्रश्न

## पहिलो चरणको नतिजाअघिसम्म कामै नलाग्ने भनेर चित्रण गरिएका नेता पछि कसरी सुयोग्य भए ? क्षणभरमै त्यस्तो चमत्कार के भयो ?



अग्रलेख

● गुरुराज घिमिरे

नेपाली कांग्रेसले आफ्नो चौधौँ महाधिवेशन सम्पन्न गरी नयाँ कार्यकालसमेत प्रारम्भ भइसकेको छ। यो महाधिवेशनबाट नेतृत्व परिवर्तनको ठूलो अपेक्षा गरिए पनि पुरानै नेतृत्व अर्थात् शेरबहादुर देउवा नै पुनः सभापतिमा निर्वाचित हुनुभएको छ। यद्यपि, सबैजसो पदाधिकारीमा युवानेता निर्वाचित हुनुलाई भने निकै सुखद र उत्साहजनक घटनाको रूपमा लिइएको छ। यसले पार्टीको आन्तरिक संगठनात्मक जीवनमा नयाँ रक्तसञ्चार गरेको छ। केन्द्रीय समितिमा पनि युवाहरू उल्लेखनीय संख्यामा पुगेका छन्। यसबाट पार्टीको तारुण्यता वृद्धि भई कांग्रेसको युवाकरण भएको छ। यस पृष्ठभूमिमा महाधिवेशन समापनपछिका घटनाक्रमले केही पेचिला प्रश्न खडा गरेका छन्, जसको यथोचित उत्तर आवश्यक देखिन्छ। अन्यथा, कांग्रेसको पन्ध्रौँ महाधिवेशनसम्मको यात्रा सुखद नहुन सक्छ। त्यसैले, पार्टी सञ्चालनको जिम्मेवारी प्राप्त मूल नेतृत्व र खासगरी पदाधिकारीहरूले यसतर्फ वेलैमा गम्भीर समीक्षा गर्नु अत्यावश्यक देखिन्छ। ढिलो गरी पछुताउने हाम्रो बानी यसपटक सुधार्नु जरुरी छ।

महाधिवेशनमा प्रतिस्पर्धाका दौरान केही आश्चर्यजनक गतिविधि र घटनाबारे थोरै चर्चा गरौँ। हुन त, तेह्रौँ महाधिवेशनबाट निर्वाचित नेतृत्वको पार्टी सञ्चालन कार्यशैलीबारे प्रारम्भबाटै टीकाटिप्पणी सुरु भएको हो। नेतृत्व बदल्न भनेर मात्रै विरोध सुरु भएको भने थिएन। विधानले निर्दिष्ट गरेको सीमाभित्र रही संगठन सञ्चालन गर्नुपर्ने यथार्थलाई नजरअन्दाज गरी पार्टी अघि बढ्न थालेपछि नै आलोचनाको क्रम सुरु भएको हो। पार्टीको मुख्य नेताले विधानको व्यवस्थालाई उल्लंघन गर्न लाग्दा प्रतिस्पर्धी नेता वा समूहको तत्कालीन मौनताका कारण पार्टीमा विधिविहीनताले प्रश्रय पाउँदै गयो। एउटा समुन्नत र जीवन्त लोकतान्त्रिक पार्टीको आन्तरिक जीवन अस्तव्यस्त हुन पुग्यो। पार्टीको वैधानिक प्रबन्धलाई बेवास्ता गरी मनोगत एवं गुटगत रूपमा कांग्रेस चलाउन खोज्दा पार्टीमा भद्रगोल बढ्दै गयो। त्यो अन्ततः अराजकतामा बदलियो। त्यसले पार्टीका होनहार र निष्ठावान् साथीहरूमा निराशा छायो। तैपनि यी र यस्ता बेथितिको शृंखला रोकिएन, चल्दै गयो। यसको दुष्प्रभाव भ्रातृ एवं शुभेच्छुक संघसंस्थामा पर्ने नै भयो। यसको नकारात्मकता संगठनभित्र सर्वत्र फैलन पुग्यो, रोक्न कसैले आवश्यक ठानेन। ०७४ सालको आमनिर्वाचनसम्म त पार्टीले हलचलसमेत गरेन। कांग्रेस कहाँ छ भन्ने धारिलो प्रश्न जताततै उठ्यो। पार्टीभित्रका प्रतिस्पर्धी नेता त एक सामान्य 'स्थायी प्रतिक्रियात्मक' पात्रका रूपमा मात्र देखा परे। कुनै वैकल्पिक ठोस कार्ययोजना प्रस्तुतै भएन, न मुलुक चलाउने, न पार्टी चलाउने। तेह्रौँ महाधिवेशनका प्रतिस्पर्धी नेताहरूले त पार्टीमा सामन्तवाद हाबी रहेकोसम्म भन्न बाँकी राखेनन्। एकजना ठूलै नेताले पार्टी गुटले होइन, गिरोहले चलाएको पनि भन्न भ्याए। केन्द्रीय समितिका युवा नेताहरूले बारम्बार ध्यानाकर्षण गराउँदा र लिखित 'दस्तावेज' पेस गर्दासमेत नेतृत्व चटपटाएन। तैपनि मुख्य नेताहरूको होस खुलेन। परिणामस्वरूप पार्टीका गतिविधिबाट आमसाथीहरूमा चरम निराशा पैदा भयो, जसको निरन्तरता आजपर्यन्त छ। पार्टीका भ्रातृ संस्थाहरू प्रभावशाली नेताका आदेशपालक झुन्डको रूपमा परिणत भए। उनीहरूले आफ्नो कर्तव्य र भविष्य बिर्सिए। पार्टी नेतृत्वलाई दबाब र सुझाब दिन आवश्यकै ठानेनन्। पार्टीका उच्चपदस्थ नेताहरू टीकाटिप्पणी र विरोधमा एकअर्काको उछिनपाछिन गर्ने तर कांग्रेस सुधार्ने विषयमा बिल्कुलै उदासीन देखिए। यसले कांग्रेसको मूल चरित्र र पहिचानमा स्खलन सुरु भयो। पार्टी मूल धर्म र प्रमुख कर्ममा नराम्ररी चुक्यो। नेपाली कांग्रेस चौधौँ महाधिवेशनतर्फ अग्रसर हुँदै गर्दा नेतृत्वमा पुग्न चाहने नेताबीच तीव्र ध्रुवीकरण र आलोचनाको क्रम पनि बढ्यो। सभापतिबाहेकका सबै नेताको अभिव्यक्तिमा विचित्रको समानता देखिन थाल्यो। यसबाट पार्टीभित्रको नेतृत्व परिवर्तनको माग गर्ने ठूलो जमात उत्साहित बन्न पुग्यो। यही जगमा चौधौँ महाधिवेशन खडा भएको थियो।

नेतृत्व बदल्नैपर्ने, अन्यथा पार्टी र लोकतन्त्रको समेत भविष्य खतरा र अन्योलमा पर्ने निष्कर्ष सुनाएका नेतृत्वका दाबेदार नेताहरूका अभिव्यक्तिले सम्पूर्ण युवापुस्ता उत्साहित र अभिप्रेरित थियो। नेपाली कांग्रेसका समस्त शुभेच्छुक पुस्तान्तरणसहित नेतृत्व हस्तान्तरण चाहन्थे। यो चाहना र भावनालाई नेताहरूको धारणाले बल पुऱ्याएको थियो। पार्टीमा धेरै ठूलो सुधार र परिवर्तनको आवश्यकतालाई महसुस गरेर नै रूपान्तरणको नारा दिइएको थियो। कांग्रेसमा सक्रिय पहिलो पुस्ता परम्परागत र शास्त्रीय थियो। कार्यशैलीका दृष्टिले पुरातन थियो। यसबाट वर्तमान युगका चुनौती सामना गर्न सम्भव थिएन। त्यसैले नेतृत्व फेर्ने कुरा सबैलाई तर्कपूर्ण र जायज लागेको थियो। रूपान्तरणको नारामा होमिएका नेताहरूको लोकप्रियता उच्च थियो। उनीहरूतर्फ सबैको ध्यान खिचिएको थियो।

संस्थापनइतरको परिवर्तनकारी समूहमा एक से एक नेता थिए। पार्टीमा लामो समय काम गरेका, संकट झेलेका र जनताले राम्रोसँग चिनेका व्यक्तिहरू नेताको रूपमा नेतृत्वको दाबा गरिरहेका थिए। उनीहरूसँग राष्ट्रले पत्याएका युवाहरूको पंक्ति थियो, जसले नेपाली समाजलाई आफ्नो योग्यताको परिचय दिइसकेका थिए। देशमा चौतर्फी चुनौती व्याप्त भएको स्थितिमा पार्टीलाई घम्रेर हिँड्ने सुविधा थिएन र छैन पनि। समयको गतिसँगै चाल मिलाउनु अत्यावश्यक थियो। प्रतिद्वन्द्वीहरू सशक्त र धूर्त थिए। यस्तो स्थितिमा ऐतिहासिक निर्णयमा पुग्नु अर्थात् निर्णायक कदम चाल्नु आवश्यक नै हुन्थ्यो। समूहभित्रका नेताबीच प्रतिस्पर्धा पनि चलिरहेको थियो। प्रतिस्पर्धा चल्दा नेताहरूका आ-आफ्ना तर्क थिए, जुन स्वाभाविकै थियो। तर, आपसी एकता प्रमुख सर्त थियो, अन्यथा परिणाम प्रतिकूल हुन सक्थ्यो। त्यसैले नेताबीच समझदारी बढाउनु अति आवश्यक थियो। जसका स्पष्ट आधार र तर्क थिए। केही सैद्धान्तिक र केही व्यावहारिक पक्ष थिए। युवा नेतामा कुनै स्वार्थ थिएन, त्यागको भावनाले उनीहरू निर्देशित थिए। त्यसैले, मेलमिलाप र एकताका निम्ति प्रयासरत थिए। तर, अपेक्षा गरेअनुरूप भएन। पहिलो चरणको निर्वाचन सकियो। वैधानिक नतिजाका लागि दोस्रो चरणमा जानुपर्ने भयो। यही बिन्दुमा पुगेर नया आश्चर्यको पटाक्षेप भयो।



महाधिवेशनसँगै उठेका प्रश्नहरूको जवाफ नेतृत्वले पार्टीभित्र सिर्जना गर्ने बृहत् एकता र मेलमिलापले दिने या जितको अहंकार प्रदर्शन र चरम गुटबन्दीले दिने हेर्न बाँकी नै छ। तर, संकेत गतिला छैनन्।

कांग्रेस र लोकतन्त्रको सुनिश्चित भविष्यका निम्ति नेतृत्व परिवर्तनको अनिवार्य आवश्यकता देख्ने नेतृत्वका दाबेदार नेताहरू कसरी एकाएक 'युटर्न' भए ? पहिलो चरणको नतिजाअघिसम्म कामै नलाग्ने भनेर चित्रण गरिएका नेता पछि कसरी सुयोग्य भए ? क्षणभरमै त्यस्तो चमत्कार के भयो ? आफ्ना विगतका अभिव्यक्ति र कर्म गलत रहेको निष्कर्षमा उनीहरू रातारात कसरी पुगे ? यो विचित्रको परिघटना, यो उदाहरण संसारका अन्य कुनै लोकतान्त्रिक दलमा सायदै होला। यो दुर्लभ राजनीतिक दृष्टान्त भएको छ। यसलाई एउटा पौराणिक कथाको सारबाट बुझ्न खोज्दा अझ छर्लंग होला। गुरुकुलमा उच्च शिक्षा प्राप्त गरेर घर फर्किएको छोरालाई पिताले सोधेछन् -बाबु, कस्तो भो पढाइ, के-के पढ्यौ त ? छोराले आफूले एकदम राम्रो पढेको, सबै शास्त्र कण्ठस्थ पारेको र अरू साथीहरूभन्दा अब्बल बनेको बताएछ। पिताले भनेछन्- त्यसो भए एउटा प्रश्नको जवाफ दिन सक्छौ त ? छोराले सहजै भनेछ- किन नसक्नु ? पिताले सोधेछन्- त्यसो भए भन त, पापको पिता को हो ? यसो सोचिहेर्दा त आफूसँग जवाफ छैन। छोराले अलमलिँदै भनेछ- सोचेर बताउँछु। आजभोलि गर्दागर्दै एक हप्तासम्म खोज्दा पनि जवाफ त भेटिएन। अनि हैरान हुँदै पितालाई भनेछ- पिताजी म जवाफ खोज्न जान्छु, पत्ता लगाएर मात्र फर्किन्छु। ऊ परदेश हिँडेछ, हिँड्दाहिँड्दा भोकप्यासले लखतरान भएर एउटा सुन्दर नगरमा चिटिक्क परेको घरछेउ पुगेर रोकिएछ र पानी मागेछ। एउटी सुन्दरीले पानी दिइछन्। पानी पिएर सन्तुष्ट मुद्रामा उसले सोधेछ- तिमी के काम गर्छ्यौ ? महिलाले निश्छल जवाफ दिइछन्- म यस नगरकी प्रतिष्ठित नगरवधू हुँ। यो जवाफले तिलमिलाएको बाल ब्रह्मचारी ब्राह्मणले रिसले क्रुद्ध हुँदै ती महिलालाई भनेछ- पापिनी यो के अपराध गरिस्, आफ्नो पेसा नबताई मलाई पानी पिलाइस्। हे भगवान् ! मबाट यो के भयो ? अब कसरी प्रायश्चित गर्ने ? ती महिलाले सुस्तरी बोल्दै भनिछन्- ब्राह्मण माफ पाऊँ, मैले जानिनँ, तर एउटा बिन्ती गर्छु, म यसको क्षतिपूर्ति दिन्छु, एक सय असर्फी, बरु खाना पनि खाएर जानुहोला। थप एक सय असर्फी पनि दिन्छु अनि मजाले प्रायश्चित गर्नुहोला। ब्राह्मणले मनमनै सोचेछ, यत्रो जटिल प्रश्नको जवाफ खोज्न हिँडेको छु, नजाने कति समय लाग्ने हो, ठिकै छ दुई सय असर्फी भए बाटो खर्च पनि पुग्छ। ऊ खाना पनि खान तयार भयो। महिलाले फेरि भनिछन्- ब्राह्मणदेव, मेरो एउटा अर्को इच्छा छ कि तपाईंलाई मेरै हातले खुवाऊँ। यसका लागि थप एक सय असर्फी दिउँला। ब्राह्मण त्यसमा पनि तयार भएछ। जब महिलाले खुवाउन लाग्दा उसले मुख आँ मात्र के गरेको थियो, जमाएर थप्पड लगाउँदै ती महिलाले भनिछन्- लोभी ब्राह्मण ! असर्फीको लोभमा जे पनि गर्न तयार हुने, अनि पाप भयो भन्ने ? थप्पड खाएपछि ब्राह्मण झल्यास्स भएर भनेछ- माता ! मैले जवाफ भेटेँ, पापको पिता त लोभ पो रहेछ। तिमी त मेरी महान् गुरु रहिछ्यौ !

यो प्रसंग कांग्रेसको चौधौँ महाधिवेशनको परिघटनासँग मेल खाला-नखाला तर पापको पिता त लोभ नै रहेछ। लोभ जागेपछि ठुल्ठूला पाप र अपराध गराउँदो रहेछ। महाधिवेशनसँगै उठेका प्रश्नहरूको जवाफ नेतृत्वले पार्टीभित्र सिर्जना गर्ने बृहत् एकता र मेलमिलापले दिने या जितको अहंकार प्रदर्शन र चरम गुटबन्दीले दिने हेर्न बाकी नै छ। तर, संकेत गतिला छैनन्।

# समाजवादको गीत र जनताको जीवन

## ज्ञानमा सीमित समाजवादलाई सीपमा बदल्न नसक्ने हो भने त्यो कुनै पनि बखत प्रत्युत्पादक बन्न सक्छ



● प्रेमराज सिलवाल

नेपालमा समाजवादको नारा लागेको दशकौँ भयो। प्रमुख राजनीतिक दलको राजनीतिक घोषणापत्र, विधानमा मात्र होइन, नेपालको संविधान (२०७२) को प्रस्तावनामै 'समाजवादप्रति प्रतिबद्ध' पदावली उल्लिखित छ। राजनीतिक दलहरू मूलतः नेकपा एमाले, माओवादी तथा कतिपय अन्य ठूला दलको मुखमा समाजवाद झुन्डिएको देख्न, सुन्न पाइन्छ। हालै एमालेबाट फुटेको माधव नेपालको दलको नामै समाजवादी छ। उसले आफ्ना राजनीतिक कार्यक्रम तथा भाषणलाई 'समाजवादतर्फको यात्रा' भन्न थालेको छ। कतिपय सन्दर्भमा नेपाली कांग्रेसले पनि आफ्नो राजनीतिक लक्ष्य तथा कार्यक्रममा समाजवाद शब्दलाई उल्लेख गर्दै आएको देखिन्छ।

नेपालमा समाजवाद शब्दप्रति लगाव र रुचि निकै देखिन्छ। आखिर किन र केका लागि समाजवादी भाष्य राजनीतिक बजारमा यति धेरै बिक्री हुन्छन् ? के हो समाजवाद ? समाजवाद केवल बुद्धिबिलासको विषय हो कि साँच्चै सीपपूर्वक लागू हुने विषय पनि हो ? नागरिकहरूले यसबारे मनन गर्न आवश्यक छ। ज्ञान र सीपको समाजवादलाई पहिले एउटा सामान्य उदाहरणबाट बुझौँ- जस्तो हाम्रो शरीरमा दुई हात छन्। हामी लेख्ने कार्य दाहिने हातले नै गर्छौं। देब्रे हातलाई पनि कसरी लेख्ने भन्ने पूरै ज्ञान, सूचना त रहेको हुन्छ। तर पनि हामी देब्रेले लेख्न सक्दैनौँ। किन ? किनकि देब्रे हातसँग केवल ज्ञान छ, तर अभ्यास पटक्कै छैन। सीप, कला र खासमा त्यसतर्फको निरन्तरको अभ्यासको कमीले देब्रेले लेख्न नसकेको हो। यहीँनेर सीप, अभ्यासको र वास्तविक अर्थमा प्रयोगको कुरा आउँछ। केवल ज्ञानको समाजवाद र नारामा मात्र हाम्रो ध्यान गएको त होइन ? हामीले समाजवाद ल्याउने वा समाजवादमा जाने कुनै सीप विकास नै गरेनौँ। अब अभ्यासै नगरी समाजवाद आउँछ भन्नेमा कसरी विश्वास गर्ने ? विचारले मात्र समाजवाद आउने कल्पना गर्न सकिन्न। सीपको विकास नगरी केवल ज्ञान मात्र गाउँदा समाजवादको नारा फोस्रो बन्न पुग्छ।

समाजवादी धारणा र विचार आफैँमा विज्ञानवादी छ। दृष्टिकोणको हिसाबले यो मान्यताले समाजका सबैको आर्थिक-सामाजिक तथा सांस्कृतिक समानता खोज्छ। मार्क्स र एंगेल्सद्वारा प्रतिपादित राजनीतिक दर्शन र विचारमा आधारित छ, समाजवादी राजनीतिक विचारधारा। सो विचारलाई तत्कालीन सोभियत संघका लेनिनले पहिलोपटक सन् १९१७ मा अक्टोबर क्रान्तिमार्फत लागू गरे। लेनिनको मृत्युपश्चात् सत्तामा आएका उनका चेला स्टालिनले चाहिँ वर्ग दुस्मन खतम गर्नमा यो शब्दको प्रयोग गरिदिए। लाखौँलाखको हत्या हुँदा समाजवादी क्रान्ति बदनामसमेत बन्न पुग्यो। सोभियत रुसमा समाजवादी सत्ता ढलेपछि पूर्वी एसिया र विश्वका अन्य मुलुकका सत्ता पनि धमाधम ढले। यद्यपि क्युबा र चीनजस्ता कतिपय देशमा आज पनि समाजवादी सत्ता सञ्चालितै छन्।

चीनको समाजवाद भने अन्यत्रको भन्दा अलग्गै रहेको अनुभूति हुन्छ। जसले आर्थिक विकास, समृद्धि, नागरिकको जीवनस्तरमा सुधार, सुरक्षा, समानता, सामाजिक न्याय, मुलुकको उत्पादनशील क्षमतामा वृद्धि, बजारमा वस्तु तथा सेवाको व्यापक विस्तार एवं रोजगारी र शिक्षाजस्ता विषयमा उनीहरूले आफ्नो समाजवादी सीपलाई तिखारे र ज्ञानको समाजवादलाई सीपको समाजवादमा बदले। क्युवाको समाजवादी सत्ता पनि केवल ज्ञानमा सीमित भएको भए सन् १९६० देखि अमेरिकी नाकाबन्दी झेल्दै आजसम्म टिक्ने थिएन। विश्वमा जहाँ-जहाँ समाजवादी सत्ता ढले, त्यहाँ केवल ज्ञानको समाजवाद र समाजवादी विचारधारालाई मन्त्रजस्तै गाइए मात्र। आफूले जानेको, बुझेको, सुनेको र घोकेको समाजवादी धारणा र विचारमा 'कमा' र 'फुलस्टप' पनि परिवर्तन गर्नुहुन्न भन्ने सोचियो। समाजवादी विचारलाई धर्मग्रन्थजस्तै सोचियो। जसले ती मुलुक, सत्ता र आन्दोलनलाई पूरै ध्वस्त बनायो। जहाँ सिर्जनात्मकता प्रयोग गरिए, बदलिँदो आवश्यकता र विश्व बुझेर सीप लगाएर लागू गरिए ती टिके। चीनले लागू गरी आएको समाजवादको सफलताको चुरो यही हो।

सन् १९७५-२००९ सम्म भारतको पश्चिम बंगालमा मार्क्सवादी सत्ता थियो। निर्वाचनमा जनताको अपार समर्थन हुन्थ्यो। तापनि जनता र नागरिकको जीवनमा परिवर्तन र सुधार ल्याउन ज्ञानलाई सीपमा ढाल्ने काम गरिएन। त्यो सत्तालाई ममता बेनर्जीको दलले ढालिदियो। नेपालको सन्दर्भमा उल्लिखित रुस र बंगालको तितो उदाहरणबाट शिक्षा लिँदै चीनको जस्तो नागरिकको जीवनमा आधारित सीप तथा अभ्यासबाट खारिएको समाजवाद चाहिएको हो। केवल भाष्यमा मात्र प्रयोग हुने, चुनावी नारामा मात्र प्रयोग गरिने समाजवाद र समाजवादी धारणाले कुनै दिन बंगाली मार्क्सवादी कम्युनिस्टको हालतमा नपुऱ्याउला भन्न सकिन्न। समाजवादलाई केवल भाष्य र ज्ञानको मात्र विषय बनाउने हो भने त्यो किताबको पानामा र कविताका अक्षरमा गाइने गीतजस्तो बन्न पुग्नेछ। के हामीले समाजवादको गीत मात्र गाउन खोजेका हौँ ? ज्ञानमा सीमित समाजवादलाई सीपमा बदल्न नसक्ने हो भने त्यो कुनै पनि बखत प्रत्युत्पादक बन्न सक्छ।

# यसै वर्ष कोभिड महामारीको अन्त्य हुन सक्छ

**कोभिड स्थायी रूपमा उन्मूलन हुनेवाला छैन। तर, सन् २०२२ मा यो महामारीको अन्त्य हुनेमा हामी आशावादी हुन भने सक्छौँ।**




महामारीविज्ञ र बेलायतको राष्ट्रिय स्वास्थ्य सेवा (एनएचएस)को परामर्शदाताका रूपमा म अहिले हाम्रा अस्पतालमा ठूलो चाप निम्त्याउने खतरा भएको कोभिडको नयाँ भेरियन्टको प्रभावबारेका आँकडाको विश्लेषण गर्दै छु। म फेरि आकस्मिक विभागमा आएर अग्रपंक्तिमा बढ्दो दबाबमा काम गरिरहेका एनएचएसका सहकर्मीलाई सघाइरहेको छु। सन् २०२१ को तुलनामा सन् २०२२ तुलनात्मक रूपमा राम्रो हुने विश्वास गर्ने पर्याप्त कारण छन्।

गत जनवरी सम्भवतः बेलायतमा महामारीको सबैभन्दा कहालीलाग्दो समय थियो। दसौँ हजारलाई अस्पताल भर्ना गरिएको थियो। प्रत्येक हप्ता हजारौँले ज्यान गुमाइरहेका थिए। अहिले हामीमध्ये धेरैलाई उच्च प्रभावकारी खोपहरूले सुरक्षित बनाएको छ। कसैगरी कोभिड संक्रमण भइहाले पनि थला पर्ने जोखिम कम छ। खोपहरूको संयोजन र कोभिडको उपचार कसरी गर्ने भन्ने जानकारीले अस्पतालमा भर्ना र मृत्युदरलाई उल्लेख्य रूपमा घटाएको छ। अर्थात् संक्रमण मृत्युदर ८० प्रतिशतभन्दा बढीले घटेको छ। यसको अर्थ, हाम्रा बालबच्चाहरू अब निर्धक्क स्कुल जान पाउनेछन्। बजार, होटेलहरू खुल्नेछन्। हामीले साथीभाइ र आफन्तलाई भेट्न पाउनेछौँ।

कोभिडको पछिल्लो लहरका बाबजुद पनि आशावादी हुनुपर्ने कारण छन्। बेलायतमा हालै प्रयोग हुन थालेका कोभिडविरुद्धका नयाँ औषधिले एचआइभी र हेपाटाइटिस सीका औषधिले जस्तै रूपान्तरणकारी क्षमता प्रदर्शन गरिरहेका छन्। यी औषधिले अस्पतालमा भर्ना हुनुपर्ने जोखिमलाई ९० प्रतिशतसम्म कम गर्न सक्छन्। साथै सबै प्रकारका भेरियन्टविरुद्ध प्रभावकारी पनि देखिएका छन्। यी औषधिलाई मुखबाट लिन सकिन्छ र वितरणका दृष्टिले खोपहरूभन्दा धेरै सजिला छन। यस्ता दुइटा औषधि पहिले नै स्वीकृत भइसकेका छन्। अन्य धेरै औषधि पनि हाल परीक्षणका क्रममा छन्। सम्भवतः यो वर्षभित्र स्वीकृत भई उपलब्धसमेत भइसक्नेछन्।



देश / परदेश

● राघिब अली

(अली क्याम्ब्रिज विश्वविद्यालयका क्लिनिकल महामारीविज्ञ एवं बेलायतको राष्ट्रिय स्वास्थ्य सेवा 'एनएचएस'का परामर्शदाता हुन्)

त्यसबाहेक नयाँ खोपहरू विकासका क्रममा छन्, जसले आउँदा वर्षमा अवश्यंभावी कोरोना भाइरसका भेरियन्टलाई व्यवस्थापन गर्न सजिलो गराउनेछन्। इन्फ्लुएन्जा जस्तै अन्य धेरै प्रकारका संक्रमणबाट जोगाउने 'मल्टीभ्यालेन्ट' खोपहरू सम्भवतः यो वर्षको अन्त्यसम्ममा उपलब्ध हुनेछन्। स्पाइक प्रोटिनबाहेकका भाइरसका भाग र अंगलाई लक्षित गर्ने अन्य खोप अर्थात् सजिलै उत्परिवर्तन नहुने भाइरसका अंग र भाग लक्षित गर्ने खोपहरूको पनि विकास हुँदै छन्। नाकको स्प्रे, इनहेलर, खान मिल्ने र छालामा लगाइने प्याचहरूका माध्यमबाट पनि खोपको परीक्षण हुँदै छ। यी माध्यमको सफलताले सबैमाझ खोप वितरणलाई सजिलो बनाउनेछ। यसले सुईका डरले खोप नलगाउने समस्यालाई पनि हटाउनेछ।

हाम्रो तत्कालको प्राथमिकतामा हामीसँग रहेका सबभन्दा धेरै प्रभावकारी खोपलाई विश्वभर समान रूपमा वितरण गर्ने सुनिश्चितता हुनुपर्छ। हामीले आठ अर्ब ५० करोड खोपका मात्रा वितरण गरी उल्लेख्य प्रगति हासिल गरेका छौँ। यद्यपि अझै पनि कम आय भएका देशका मूलतः उच्च जोखिममा रहेका र अग्रपंक्तिका (फ्रन्टलाइन) स्वास्थ्यकर्मीहरूले खोपको पहिलो मात्रा पनि पाएका छैनन्। सन् २०२२ मा सारा विश्वलाई खोप लगाउने लक्ष्य एक यथार्थपरक सम्भावना हो। तर, यो लक्ष्य प्राप्तिका लागि उच्च आय भएका मुलुकमा अनावश्यक भण्डारणको अन्त्य र पेटेन्ट अधिकारमा अस्थायी छुटको व्यवस्था हुनुपर्छ। यसले उच्च आय भएका मुलुकको पनि हित गर्नेछ अर्थात् कोभिडका नयाँ भेरियन्टलाई पूर्ण रूपमा रोक्न नसके पनि सबैलाई खोप उपलब्धता सुनिश्चित गरेर जोखिम कम गर्न सकिनेछ।

दुर्भाग्य, कोभिड स्थायी रूपमा उन्मूलन हुनेवाला छैन, तर सन् २०२२ मा यो महामारीको (पेन्डेमिक) अन्त्य हुनेमा हामी आशावादी हुन सक्छौँ। खोप र प्राकृतिक संक्रमणको संयोजनमार्फत बेलायत र अन्य धेरै देशमा जनसंख्याको प्रतिरोधात्मक क्षमताको स्तर बढेका कारण कोभिड एउटा स्थानीय (एन्डेमिक) रोग बन्नेछ। त्यहाँ फ्लु झैँ मौसमी जाडोमा यो रोग उच्च बिन्दुमा पुग्ने सम्भावना रहिरहन्छ। त्यसकारण नयाँ भेरियन्टहरूको सामना गर्न र कमजोर प्रतिरोधात्मक क्षमतालाई उकास्न वार्षिक बुस्टर (अतिरिक्त) मात्रा आवश्यक पर्नेछ।

अरू झैँ मैले पनि परिवारका सदस्य, साथीभाइ र सहकर्मीहरू गुमाएको छु। अनगिन्ती बिरामीहरू कोभिड र लकडाउनबाट प्रताडित भएको देखेको छु। तर, जीवनको क्षति र अन्य ठूला पीडा अब चाँडै विस्मृतिमा बिलाउनेछन्। हामीले पक्कै पनि समस्याबाट पार पाएका छैनौँ। संक्रमणका धेरै मामिला सतहमा आएका छन् र संक्रमण बढ्दै गइरहेको (यद्यपि पहिलेको तुलनामा वृद्धिदर कम छ) सन्दर्भमा कोभिड अझै पनि सबैभन्दा कमजोर एवं जोखिममा रहेकाहरूका लागि गम्भीर खतरा हो। त्यसकारण जोखिममा रहेका मानिसलाई सुरक्षित पार्न सार्वजनिक स्वास्थ्य निर्देशन पालना गरिरहनु आवश्यक छ। सन् २०२२ मा एक यथार्थपरक सम्भावना भने छ, अर्थात् यसअघि सताइराख्ने कोभिड एवं लकडाउनको भयविनै हामी भाइरससँगसँगै जिउन अभ्यस्त हुनेछौँ।

*द गार्जियन*

# टिप्पणी

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrika.com
nayapatrikaofficial
@naya_patrika

## अन्धविश्वासको नमुना

'झारफुकको नाममा दिइएको यातनाले राजधानीमै १४ वर्षीया बालिकाको मृत्यु' शीर्षकको समाचार पढ्दा जिउ नै सिरिंग भयो। आजको युगमा पनि राजधानीमै धामीझाँक्री या माताका नाममा यस्ता कैयौँ अपराध भइरहेका छन्। तर, त्यसलाई रोक्न कसैले पनि सकेको छैन।

१४ वर्षीया बालिका रोशनी श्रेष्ठले ज्यान गुमाउनु अन्धविश्वासको चरम नमुना हो। कुनै पनि माता या धामीझाँक्रीले कुनै पनि रोगको उपचार गर्न सक्दैनन्। यो केवल मनको भ्रम मात्र हो। तैपनि, मानिसहरू किन उनीहरूको शरणमा गएर पैसा र समयको बर्बाद गरिरहेका छन् ? सम्झँदा पनि अचम्म लाग्छ।

● **भोला विक**, झम्सिखेल, ललितपुर

## दोषीजति कोही नछुटून्

कानुनले प्रस्ट भन्छ, घुस लिने र दिने दुवै बराबरका दोषी हुन्। प्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणाले मन्त्रिपरिषद्मा भाग माग्नु उनको दोष थियो भने उनको माग स्विकारेर मन्त्रिपरिषद्मा उनलाई पनि भाग दिने प्रधानमन्त्री शेरबहादुर देउवा र पाँचदलीय गठबन्धनका नेताहरूचाहिँ कसरी दोषी भएनन् ?

मन्त्रिपरिषद्मा भाग मागेकै आधारमा चोलेन्द्रले प्रधानन्यायाधीश पदबाट राजीनामा दिनुपर्छ भने देउवाले प्रधानमन्त्री पदबाट राजीनामा किन दिनुपर्दैन ? यसको उत्तर नागरिक अभियन्ता डा. गोविन्द केसीले दिनुपर्छ। डा. केसीलाई त दूधको दूध पानीको पानी थाहा छ, न्यायालयमा प्रधानन्यायाधीश चोलेन्द्र मात्र एक्ला भ्रष्टाचारी व्यक्ति होइनन्। त्यसैले, डा. केसीज्यू चोलेन्द्रसँगसँगै अन्य कानुन व्यवसायी र राजनीतिक दलका नेताहरूको पनि सम्पत्ति छानबिन हुनुपर्छ। अन्यथा, एउटालाई काखा र अर्कोलाई पाखा भनेझैँ एउटालाई सजाय, अर्कोलाई उन्मुक्ति हुनेछ, जुन धर्म होइन, पाप हो। आशा छ दोषीले सजाय र निर्दोषले सम्मान पाउनेछन्।

● **मान तामाङ**, काठमाडौँ
maanbdrtamang1@gmail.com

## कहिलेसम्म सहने विभेद ?

नयाँ पत्रिका दलित विमर्शमा अब्बल लाग्छ। २४ पुसको झन् नयाँमा अमृता, यमुना र सावित्रीको दुर्दान्त कथा पढ्दा सायद सबैको मन रुन्छ होला। यमुनाको कथा सुन्दै गर्दा लेखकका आँखा रसाउनुको कारण पनि यही हुनुपर्छ। वास्तवमा मानिसको स्वभाव र चरित्र युगानुकूल भएको बढी देखिन्छ। उतिखेर ज्योति सावित्री बाई फुलेका आफ्नै समस्या थिए। उनले भोगेजस्तो विभेद सायद आज कसैले पनि भोग्नुपर्दैन होला। तैपनि, अहिले पनि अधिकार र सम्मान प्राप्तिका धेरै खुड्किला पार गर्न बाँकी नै छ।

जब मानिसमा कुनै हुटहुटी हुन्छ, तब दुनियाँले उसलाई बौलाहा वा बौलाही नै भन्छ। तर, त्यही हुटहुटी या बौलाहापनले गर्दा नै मानिसले खरानीदेखि कालो कोटसम्मको यात्रा तय गर्न सक्छ। त्यही हुटहुटी र संघर्षले शान्ता चौधरीजस्ता धेरै संघर्षशील व्यक्तिको कमलरीबाट सांसदसम्मको यात्रा तय गर्छ। समानताको हुटहुटीले लक्ष्यसम्म नपुगी यात्रा रोकिँदैन। तर, लक्ष्य अहिले पनि धेरै टाढा छ। प्रयासको कमी हुनुहुँदैन। मेरो त धारणा नै यही छ कि दलितको यही दलन र तिरस्कारले भारत गुलाम बन्यो अन्यथा बन्ने थिएन। जनताको एक बृहत् वर्ग जब उदासीन हुन्छ, तब जित्ने कुनै उपाय हुँदैन। आर्य आए, द्रविडलाई दलित बनाए। त्यसको अवशेष आज हजारौँ वर्षपछिसम्म कायम रहनु सरासर गलत हो। मुसलमानले इतिहासमा हिन्दूमाथि अत्याचार गरे। तर, त्यसैको नाममा अब बदला लिने समय होइन यो। बरु सबै सँगसँगै अघि बढ्ने युग हो। तर, मतभेद र विभेद रहिरहनु वा बढाइराख्नु अमृता, यमुना र सावित्रीको अपमान हो।

● **डा. शिवशंकर यादव**, छपकैया, वीरगन्ज
shivshankaryadav3398@gmail.com

# गुमनाम वामदेव : एमालेमा उमेरको छेकबार एकीकृत समाजवादीमा जबजमा खटपट

## राष्ट्रिय एकता अभियानका सहयोगी तितरबितर, अभियान ब्युँताउने अनुकूल समय पर्खिँदै

**शुरोजंग पाण्डे**/नयाँ पत्रिका

एमालेको राजनीतिसँग दोस्रोपटक 'डिभोर्स' गरेका पूर्वउपप्रधानमन्त्री तथा कम्युनिस्ट नेता वामदेव गौतम राष्ट्रिय राजनीतिमा चार महिनादेखि गुमनाम छन् । १९ भदौमा उपाध्यक्षसहित पार्टी सदस्यसमेत नरहने गरी एमालेबाट राजीनामा दिएर पार्टी परित्याग गरेका नेता गौतम राष्ट्रिय राजनीतिमा निष्क्रिय छन् ।

पार्टी र राजकीय सत्ता दुवैतिर प्रमुख कार्यकारी पदमा आकांक्षा राखेर तत्कालीन एमाले र माओवादी केन्द्रको एकीकरणपछि लगातार चर्चामा आएका गौतम तत्कालीन नेकपा र एमालेको विभाजनपछि भने गुमनाम बनेका हुन् । नेकपामा विभाजनको रेखा कोरिएपछि अघिल्लो २५ पुसमा राष्ट्रिय एकता अभियान घोषणा गरेर पछिल्लोपटक चर्चामा आएका गौतमको प्रयास २३ फागुन ०७७ मा सर्वोच्च अदालतबाट एमाले र माओवादी केन्द्र ब्युँतिएपछि अघोषित रूपमा 'ब्रेक' लागेको थियो ।

नेकपा विभाजनको परकम्प गत भदौसम्म पुग्दा माओवादी केन्द्र र एमाले दुवै सग्लो नहुने गरी विभाजन भएपछि भने गौतमको अभियानमै 'पूर्णविराम' लाग्यो । उनले बनाएको एकता अभियान निष्क्रिय बनेको छ भने त्यहाँ संगठित बनेका थुप्रै नेता-कार्यकर्ता पनि एमाले र एकीकृत समाजवादीतिरै लागेका छन् । कहिलेकाहीँ राष्ट्रिय राजनीति र समसामयिक घटनाक्रमबारे वक्तव्य र सामाजिक सञ्जालबाट धारणा राख्ने गरेका गौतम एमाले परित्याग गरेपछि मौनजस्तै छन् । गौतम टाकुरामा एक्लै छन् ।

राष्ट्रिय राजनीतिमा चर्चामा आइरहने हठी र महत्त्वाकांक्षी नेता गौतमको पछिल्लो निष्क्रियता राजनीतिक वृत्तमा चासोको विषय बनेको छ । एमाले परित्याग गरेपछि राजनीतिमा निष्क्रिय गौतम के गर्दै छन् र उनका योजना के छन् जस्ता विषयमा कुनै वेलाका उनी निकटस्थ नेता-कार्यकर्ताहरूले समेत प्रस्ट जानकारी पाउन छाडेका छन् ।

पछिल्लोपटक अंग्रेजी नयाँ वर्ष सन् २०२२ मा श्रीमती तुलसासहित बसेर सलाम गरिएको तस्बिर पोस्ट गरेर गौतमले सबैलाई शुभकामना दिएका छन् । त्यसबाहेक उनले फेसबुक पेजमा पनि कुनै घटनाक्रमबारे टिप्पणी गरेका छैनन् । तर, नेता गौतम करिब दुईतिहाइ मत पाएको तत्कालीन नेकपा तीन समूहमा विभाजित भएकाले फेरि पनि एकता अभियानमा सक्रिय हुने मनस्थितिसहित अनुकूल समयको पर्खाइमा रहेको परिवार र सचिवालयका सदस्य बताउँछन् ।

'पार्टीबाट राजीनामा दिए पनि उहाँ नेपालमा छरिएर रहेका सबै कम्युनिस्ट पार्टीहरूलाई एकजुट बनाउनुपर्छ भन्ने सोचमै हुनुहुन्छ । एमाले परित्याग गरे पनि उहाँले कम्युनिस्ट पार्टी त्याग्नुभएको छैन । आफैँले गठन गरेको राष्ट्रिय एकता अभियान उहाँको छँदै छ,' गौतमपत्नी एमाले सांसद तुलसा थापाले नयाँ पत्रिकासँग भनिन्, 'नेकपा विभाजनपछि एमाले र माओवादी केन्द्रबीच तत्काल एकता भइहाल्ने स्थिति नरहे पनि एकता हुनुपर्छ भन्ने उहाँको मान्यता छ । त्यसैले राष्ट्रिय एकता अभियानलाई क्रियाशील गर्ने काममा योजना बनाएर लाग्नुहुन्छ होला ।'

एमालेबाट अलग भएपछि गौतमले एकीकृत समाजवादीमा प्रवेश गर्ने अध्यक्ष माधव नेपाललाई वचन दिएका थिए । तर, दोस्रो वरीयतामा गौतमको प्रस्तावप्रति नेपालले पनि रुचि नराखेको उनीनिकट नेताको दाबी छ । 'खासमा उहाँले दोस्रो वरीयताको अध्यक्ष बन्ने आशयको प्रस्ताव राख्नुभएको हो । तर, त्यसरी जाँदा अलग-अलग शक्ति केन्द्रको अभ्यासले भर्खरै बन्न लागेको पार्टी कमजोर हुने देखिएकाले त्यस्तो प्रस्ताव स्वीकार्य हुने अवस्था नै थिएन,' नेपाललाई उद्धृत गर्दै एकीकृत समाजवादीका एक पदाधिकारीले भने, 'त्यसपछि उहाँले जनताको बहुदलीय जनवादको सिद्धान्तलाई मार्गदर्शक मानेको अवस्थामा मात्र आफू आउने भनेर पछि हट्नुभएको हो ।'

तर, गौतमपत्नी तुलसाले भने विचार नमिलेकै कारण उनी एकीकृत समाजवादीमा प्रवेश नगरेको बताइन् । 'एमालेबाट अलग भएपछि उहाँले नेकपा एकीकृत समाजवादीसँग पनि छलफल गर्नुभएको हो । तर, विचार नमिलेपछि उहाँ त्यता जानुभएन । राष्ट्रिय एकता अभियानका साथीहरू उहाँसँग सम्पर्कमै हुनुहुन्छ । सम्भवतः योजना बनाएर कम्युनिस्ट पार्टीहरूलाई एक बनाउने अभियानमै उहाँ क्रियाशील हुनुहुन्छ ।'

एकीकृत समाजवादी गठनपछि राष्ट्रिय एकता अभियानमा लागेका थुप्रै नेता गौतम नयाँ पार्टीमै आबद्ध हुनेमा आश्वस्त थिए । गौतमले ओलीसँग आफ्नो विचार नमिल्ने र अरू पार्टीमा जाने सम्भावना नै नरहेकाले एकीकृत समाजवादीमै आउने बताएकै कारण एकता अभियानका सहसंयोजक हरि पराजुली नेपालले नेतृत्व गरेको पार्टीमा सामेल भएका थिए । उनी अहिले एकीकृत समाजवादीमा स्थायी समिति सदस्य छन् । 'उहाँले म र केशवलाल कमरेडसँग केपीसँग जाँदै जान्नँ, अरू पार्टीमा जाने कुरै भएन आउने त माधवजीसँगै हो भन्नुभएको थियो,' पराजुलीले भने, 'सम्भवतः उहाँ ढिलै भए पनि हाम्रै पार्टीमा आउनुहुन्छ ।' गौतमको वचनकै कारण श्रेष्ठ पनि एकीकृत समाजवादीमा लागेका थिए ।

उता गौतम नेतृत्वको अभियानका सचिव बाबुराम थापा एमालेमा लागेका छन् । त्यस्तै, कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जन र उपमेयर सरस्वती खड्का पनि एमालेतिरै सक्रिय बनेका छन् । गौतमपत्नी तुलसा एमालेको कुनै सांगठनिक जिम्मेवारीमा नरहे पनि संसदीय दलको बैठकमा र संसद्मा नियमित सहभागी हुँदै आएकी छिन् । तुलसाले पार्टीको सांगठनिक जिम्मेवारीमा भने नरहेको बताइन् ।

'म एमालेकै संगठित सदस्य हुँ, एमालेले नै सांसद बनाएकाले दलका सबै बैठकमा सहभागी हुँदै आएकी छु,' उनले भनिन्, 'तर, दशौँ महाधिवेशनमा पारिवारिक कार्यक्रमले गर्दा सहभागी हुन पाइनँ, अहिले पार्टीको कुनै जिम्मेवारीमा पनि छैन, त्यसैले पार्टीमा सांगठनिक रूपले चाहिँ सक्रिय छैन ।'

### पाँच वर्ष राष्ट्रिय सभाका सांसद हुनेछन् गौतम

एमाले विभाजनलगत्तै पार्टी परित्याग गरेका गौतम तत्कालीन नेकपाको सचिवालय बैठकको निर्णय र केपी ओली नेतृत्वको सरकारको सिफारिसमा १ असोज ०७७ मा राष्ट्रपति विद्या भण्डारीबाट राष्ट्रिय सभा सदस्यमा मनोनीत भएका थिए । तत्कालीन अर्थमन्त्री युवराज खतिवडाको कार्यकाल सकिएपछि गौतम स्वतन्त्र विज्ञको कोटामा सांसद मनोनीत भएका थिए ।

मनोनयनलाई तत्कालीन प्रधानमन्त्री ओली र नेकपा अध्यक्ष प्रचण्डले पार्टीको आन्तरिक दाउपेचमा कार्डका रूपमा उपयोग गर्ने कोसिस गरेका थिए । एमालेमै रहेका भए पनि अध्यक्षमा आकांक्षा राखेका गौतम ७० वर्षे उमेरहदका कारण दशौँ महाधिवेशनमा निर्वाचित हुन सक्दैनथे । उनी अहिले ७२ वर्षका छन् । राष्ट्रिय सभा सांसदका रूपमा भने गौतम अझै पाँच वर्ष रहनेछन् । सांसद बन्ने वेला गौतमले राष्ट्रिय सभा सांसद पनि प्रधानमन्त्री बन्न पाउने गरी संविधान संशोधन हुनुपर्ने पार्टीमा अडान राखेका थिए ।

## पार्टी त्याग्दै गौतमले भनेका थिए- ओलीकै कारण एमालेमा रहन सकिनँ



राजीनामापत्रमा गौतमले अध्यक्ष ओलीकै गलत विचार, प्रवृत्ति र शैलीका कारण एमालेमा रहिरहन असमर्थ रहेको कारण खुलाउँदै केही आरोप लगाएका थिए । तर, ओलीले उनको राजीनामा स्वीकृत गरेका छैनन् ।

'म आफैँ संलग्न भएर निर्माण भएको नेकपा एमालेमा तपाईंकै गलत विचार, प्रवृत्ति र शैलीका कारण यस पार्टीमा रहिरहन असमर्थ भएकाले आजको मितिमा पार्टीको उपाध्यक्षको पद र पार्टीका सबै जिम्मेवारीबाट राजीनामा दिएको छु,' गौतमले ओलीलाई सम्बोधन गर्दै भनेका छन्, 'फेरि पनि तपाईंसँगको चार दशक लामो मित्रताका कारण अबउप्रान्त पनि हामी दुईबीचको व्यक्तिगत सम्बन्ध मित्रतापूर्ण रहोस् भन्ने अपेक्षा छ ।'

त्यस्तै, गौतमले ओलीका कारण एमालेमा सामूहिक नेतृत्व प्रणाली समाप्त भएको र सुधार्ने प्रयाससमेत असफल भएकोसमेत प्रस्ट्याएका छन् । 'तपाईं पार्टी अध्यक्ष र प्रधानमन्त्री हुनुभएपछि पार्टीको राजनीतिक कार्यदिशा, पार्टीको विधान तथा पार्टीको संगठनात्मक सिद्धान्त जनवादी केन्द्रीयता र सामूहिक नेतृत्व, व्यक्तिगत जिम्मेवारीलाई पालना गर्नुभएन । पार्टीलाई लोकप्रिय बनाउन सरकार गठनको एक वर्षपछि मैले लिखित सुझाब दिएको थिएँ,' राजीनामापत्रमा छ, 'तपाईंको कार्यशैली जनमुखी बनाउन धेरैपटक व्यक्तिगत रूपमा सुझावहरू पनि थिए । तर, तपाईं सुध्रिनुभन्दा अझ बढी व्यक्तिवादी र स्वेच्छाचारी बन्दै जानुभयो ।'

गौतमले ओलीले आफ्ना समकक्षीलाई अपमान गर्नेदेखि पार्टीबाट निष्कासन गर्ने, राष्ट्रपतिलाई समेत दुरुपयोग गरेको आरोप लगाएका छन् । 'आफ्ना समकक्षी कमरेडहरूलाई समेत तपाईंले अवलम्बन गर्नुभएका गलत नीति र विचारअनुसार नचल्दा एकपछि अर्को गरी अपमान गर्ने, कारबाही गर्ने र पार्टीबाट निष्कासनसम्म गर्नेजस्ता स्वेच्छाचारी निरंकुश प्रवृत्ति र शैली अँगाल्नुभयो । त्यति मात्र होइन, तपाईंले सम्माननीय राष्ट्रपतिज्यूलाई समेत आफ्ना स्वेच्छाचारी तथा सर्वसत्तावादी नीति र निर्णयहरू कार्यान्वयन गर्न दुरुपयोग गर्नुभयो,' राजीनामामा छ ।

त्यस्तै, ओलीले जबजको सिद्धान्त पालना नगरेको गौतमको आरोप छ । 'जनताको बहुदलीय जनवाद र जननेता मदन भण्डारीका विचार र मान्यता संविधानको सर्वोच्चता र कानुनी राज्यको सिद्धान्तलाई परिपालन गर्नुभएन । जननेता मदन भण्डारीका नवीन सोच कम्युनिस्ट पार्टीले जनताको जनादेशका आधारमा राज्यसत्ता सञ्चालन गर्नुपर्छ भन्ने मान्यताका विपरीत जनताको अत्यधिक बहुमत झन्डै दुईतिहाइ जनताको जनादेशलाई लत्याउँदै पहिलोपटक ०७७ पुस ५ र दोस्रोपटक ०७८ जेठ ७ गते दुई-दुईपटक संविधानविपरीत जनताद्वारा निर्वाचित सदन भंग गर्नुभयो,' गौतमले राजीनामामा भनेका थिए ।

### ■ एमाले-माओवादी एकताकै पक्षमा वामदेव हुनुहुन्छ

तुलसा थापा, एमाले सांसद तथा वामदेवपत्नी



एमालेको उपाध्यक्षसहित पार्टी सदस्यबाट राजीनामा दिएपछि आजभोलि उहाँ लेखपढमै व्यस्त हुनुहुन्छ । उहाँले डकुमेन्टेसनका काम गरिरहनुभएको छ । पार्टीबाट राजीनामा दिए पनि उहाँ नेपालमा छरिएर रहेका सबै कम्युनिस्ट पार्टीलाई एकजुट बनाउनुपर्छ भन्ने सोचमै हुनुहुन्छ । एमाले परित्याग गरे पनि उहाँले कम्युनिस्ट पार्टी त्याग्नुभएको छैन । आफैँले गठन गरेको राष्ट्रिय एकता अभियान उहाँको छँदै छ ।

नेकपा विभाजनपछि एमाले र माओवादी केन्द्र तत्काल एकता भइहाल्ने स्थिति नरहे पनि एकता हुनुपर्छ भन्ने उहाँको मान्यता छ । त्यसैले राष्ट्रिय एकता अभियानलाई क्रियाशील गर्ने काममा योजना बनाएर लाग्नुहुन्छ होला । एमालेबाट अलग भएपछि उहाँले नेकपा एकीकृत समाजवादीसँग पनि केही छलफल गर्नुभएको हो । तर, विचार नमिलेपछि उहाँ त्यता जानुभएन । राष्ट्रिय एकता अभियानका साथी उहाँसँग सम्पर्कमै हुनुहुन्छ । सम्भवतः योजना बनाएर कम्युनिस्ट पार्टीहरूलाई एक बनाउने अभियानमै उहाँ क्रियाशील हुनुहुन्छ होला । घरमा आउने जुनसुकै पार्टीका नेता-कार्यकर्ताहरूसँग उहाँले अहिले पनि भेटघाट गर्ने गर्नुहुन्छ । म एमालेमै छु । एमालेको तर्फबाट प्रतिनिधिसभा सांसद भएकाले दलको बैठक र संसद्को बैठकमा पार्टीकै तर्फबाट भाग लिँदै आएकी छु । तर, संगठित सदस्यबाहेक पार्टीको अरू जिम्मेवारीमा छैन र पार्टीले पनि कुनै जिम्मेवारी दिएको छैन । एमाले सांसद भए पनि दशौँ महाधिवेशनमा म पारिवारिक कार्यक्रमका कारण सहभागी हुन सकिनँ ।

### ■ सायद वामदेव कमरेड एकीकृत समाजवादीमै आउनुहुन्छ

हरि पराजुली, स्थायी समिति सदस्य, एकीकृत समाजवादी



पहिले उहाँले एक-डेढ महिनाको बीचमा म एकीकृत समाजवादीमै आउँछु भनेर म र केशवलालजीसँग भन्नुभएको हो । केपीजीसँग जाँदै जान्नँ, अरू पार्टीमा जाने कुरा भएन, आउने माधवजीकै पार्टीमा हो भन्नुभएको हो । अहिले पर्ख र हेरमै हुनुहुन्छ कि भन्ने लागेको छ । खासमा झलनाथ खनालले जनताको बहुदलीय जनवादलाई मार्गदर्शक सिद्धान्त मान्न सकिँदैन भन्नुभएकाले माफी माग्नुपर्छ भन्ने वामदेव कमरेडको मान्यता छ । यसबारे माधव कमरेडसँग उहाँको कुराकानी भइरहेकै हुनुपर्छ । जबजलाई मार्गदर्शक सिद्धान्त मान्नेबित्तिकै विज्ञप्ति निकालेर उहाँले नेकपा एकीकृत समाजवादीमा आउँछु भन्नुभएको छ । जबजलाई मार्गदर्शक सिद्धान्त भन्ने कि त्यसबारेमा बीचबाट सहमति खोज्ने विषयमा केही टुंगो लाग्नेबित्तिकै उहाँ आउने एकीकृत समाजवादीमै हो ।

## संक्षेप

### करार स्वास्थ्यकर्मीको म्याद थपिने

**बुटवल**/ लुम्बिनी प्रदेश सरकारले अस्पतालहरूको आइसोलेसन सेवा निरन्तरता गर्दै अस्पतालमा कार्यरत जनशक्तिको करार म्याद थप गर्ने निर्णय गरेको छ । सोमबार बसेको प्रदेश मन्त्रिपरिषद् बैठकले चैत मसान्तसम्म अस्पतालमा कार्यरत जनशक्तिको करार म्याद थप गर्ने निर्णय गरेको हो । तर, अस्पताल विकास समितिमा प्रदेश सरकारबाट मनोनीत अध्यक्ष र सदस्यहरूलाई हटाउने निर्णय पनि भएको छ । सरकारका प्रवक्ता तिलकराम शर्माले कोरोना भाइरस नियन्त्रण तथा उपचार कोषमा आवश्यक पर्ने रकम स्वास्थ्य जनसंख्या तथा परिवार कल्याण मन्त्रालयले माग गरेको आधारमा आर्थिक मामिला तथा सहकारी मन्त्रालयले उपलब्ध गराउने निर्णय गरेको जानकारी दिए ।

### लोकप्रियता देखेर हटाए : ओली

**संखुवासभा**/ एमाले अध्यक्ष केपी शर्मा ओलीले एमालेको लोकप्रियता देखेर षड्यन्त्रपूर्वक आफू नेतृत्वको सरकार हटाएको बताएका छन् । सोमबार एमाले संखुवासभाको आठौं जिल्ला अधिवेशन उद्घाटन गर्दै ओलीले यस्तो बताएका हुन् । 'हामीले काम गर्न नसकेर हटाइएको होइन, राम्रा काम गरेकै कारणले हटाइएको हो,' ओलीले भने, 'मेरो नेतृत्वको सरकारले राम्रा कामहरू गर्दै थियो । कोभिड-१९ को औषधि उपचार र भ्याक्सिन आउने क्रम जारी थियो । दक्षिण एसियामा नै राम्रो काम गरेको भनेर प्रशंसा भइरहेको थियो । यो सबै देखेर कम्युनिस्टको खोल ओढेका नक्कलीहरूको सहयोगमा सरकार हटाइयो ।' उनले आउँदो निर्वाचनबाट एमाले एक्लैले बहुमत ल्याउण्ने दाबी गरे । उपाध्यक्ष विष्णु पौडेलले ओली प्रधानमन्त्री र आफू अर्थमन्त्री भएका वेला जोगवनीदेखि किमाथांका नाकाका लागि बजेट विनियोजन गरिएको चर्चा गरे ।

### एकीकृत समाजवादीले सभा-सम्मेलन नगर्ने

**काठमाडौं**/ नेपाल कम्युनिस्ट पार्टी एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले धेरै व्यक्तिको उपस्थिति हुने सभा तथा सम्मेलन स्थगित गर्न पार्टीपंक्तिलाई निर्देशन गरेका छन् । सोमबार प्रेस विज्ञप्तिमार्फत निर्देशन दिँदै नेपालले बैठक तथा प्रशिक्षणहरू आयोजना गर्दा वैकल्पिक माध्यम अपनाउन पनि निर्देशन गरेका हुन् ।

त्यस्तै, खोप नलगाएका १८ वर्षभन्दा माथिका उमेर समूहका व्यक्तिलाई नजिकको खोप केन्द्रमा खोप लगाउने काममा उत्प्रेरित गर्ने काममा पार्टीलाई परिचालित हुन पनि निर्देशित गरेका छन् । त्यस्तै, पछिल्ला केही दिनयता कोरोनाको नयाँ भेरियन्टका कारण संक्रमणदर उच्च गतिमा बढिरहेको भन्दै नेपालले सचेत हुन सबैलाई अनुरोध पनि गरेका छन् । त्यस्तै, उनले सार्वजनिक स्थानमा अनावश्यक भिडभाड नगर्न तथा संक्रमणदर बढिरहेको कुरालाई दृष्टिगत गर्दै पार्टीका भेला, बैठक तथा प्रशिक्षण कार्यक्रममा तोकिएका व्यक्तिहरू मात्र सहभागी हुने व्यवस्था गर्न-गराउन निर्देशित पनि गरेका छन् ।

### प्रदेश २ सरकारले सहिदका परिवारलाई तीन-तीन लाख दिने

राजविराज/ प्रदेश २ सरकारका अर्थमन्त्री शैलेन्द्रप्रसाद साहले मधेस आन्दोलनका सहिद परिवारलाई तीन-तीन लाख रुपैयाँ उपलब्ध गराउने बताएका छन् । सोमबार २८औँ 'लोकेन्द्र स्मृति दिवस'मा बोल्दै उनले यस्तो बताएका हुन् ।आगामी ५ माघमा प्रदेश सरकारले मनाउने बलिदानी दिवसको अवसरमा ५७ सहिद परिवारलाई सो रकम वितरण गरिने उनले जानकारी दिए । घाइतेहरूलाई पनि २५ हजारदेखि तीन लाख रुपैयाँसम्म उपलब्ध गराइने उनले बताए । ५ माघ ०६३ मा लहानमा रमेश महतो मारिएको सम्झनामा हरेक वर्ष मधेसवादी दलले बलिदानी दिवस मनाउँदै आएको आएका छन् ।

## ■ नेता छान्न प्रविधिको प्रयोग



एमाले काभ्रेको नयाँ नेतृत्व चयन गर्न सोमबार विद्युतीय उपकरणबाट मतदान गर्दैं पार्टीका नेता-कार्यकर्ता । | तस्बिर : पेमा लामा, रासस

## बोली

**● ज्ञानेन्द्र शाह**
पूर्वराजा



सबैभन्दा उन्नत दाबी गरिएको तन्त्रमा जनताले सास्ती र राष्ट्रले अस्तित्वप्रति नै चिन्ता गर्नुपर्ने परिस्थिति बन्दछ भने त्यस्तो तन्त्रको व्यर्थ अभ्यासमा समय बर्बाद गर्नुहुँदैन ।

(पृथ्वीजयन्तीका अवसरमा सोमबार शुभकामना दिँदै)

**● अग्निप्रसाद सापकोटा**
सभामुख



यो देशमा सबै असल हुँ भन्ठान्छन् । सबैले राम्रो काम गर्छु भन्ठान्छन् । इच्छा गरेर मात्रै हुँदैन, त्यसका लागि असाधारण खालको दृढता चाहिन्छ । फाँसीमा लड्किन तयार हुनुपर्छ ।

(सिन्धुपाल्चोकमा घिच्चेत उसिदुम माविको कार्यक्रममा)

**● झलनाथ खनाल**
वरिष्ठ नेता, एकीकृत समाजवादी



लिपुलेक नेपाली भूमि हो । नेपाल सरकारको जानकारीबेगर सो क्षेत्रमा निर्माण गरिनु अवैधानिक हुनुका साथै नेपालको राष्ट्रिय स्वाधीनता र भौगोलिक अखण्डताको उल्लंघन हो ।

(लिपुलेक-मानसरोवर सडक विस्तारबारे आपत्ति जनाउँदै)

**● सुवासचन्द्र नेम्वाङ**
उपाध्यक्ष, एमाले



सभामुखले रेफ्रीको भूमिका निष्पक्ष रूपमा निभाउनुभएन । अरूको हकमा एउटा निर्णय गर्ने, हामीले गरेको निर्णयको सूचना नटाँस्ने ? दुई दलका बीचमा फरक व्यवहार गर्न पाइँदैन ।

(इलाममा पत्रकारहरूसँग सोमबारको भेटमा)

## एमालेका ४८ जिल्लामा नयाँ नेतृत्व

**जिल्ला ब्युरो**/नयाँ पत्रिका

एमालेका ४८ जिल्ला कमिटीले सोमबार बेलुकीसम्ममा नयाँ नेतृत्व पाएका छन् । ६३ जिल्लामा नयाँ नेतृत्व चयन प्रक्रिया सुरु भएको हो । अधिवेशन सुरु भएको चौथो दिनसम्म आइपुग्दा सर्वसम्मति र निर्वाचन दुवै प्रक्रियाबाट गरी ४८ जिल्लाले नेतृत्व पाएका छन् ।

जिल्लाहरूबाट प्राप्त विवरणअनुसार झापामा दीपक कार्की, मोरङमा ऋषिकेश पोखरेल, खोटाङमा रामप्रसाद दंगाल, धनकुटामा इन्द्रमणि पराजुली, तेह्रथुममा तेजमान कन्दङ्वा, पाँचथरमा राजकुमार भण्डारी, भोजपुरमा शरण राई, इलाममा महेश बस्नेत, सोलुखुम्बुमा डुफकुमार बास्तोला, उदयपुरमा प्रमेश्वर घिमिरे अध्यक्ष चुनिएका छन् ।

सिराहामा चन्डेश्वर मण्डल, सप्तरीमा ताराकान्त



चौधरी धादिङमा भूमि त्रिपाठी, काभ्रेपलाञ्चोकमा अशोक ब्यान्जु, भक्तपुरमा वचन देउजा, रसुवामा कर्णेल तामाङ, रामेछापमा आनन्दकुमार श्रेष्ठ, नुवाकोटमा बद्री मैनाली, मकवानपुरमा एकलाल श्रेष्ठ, काठमाडौंमा दीपक निरौला, ललितपुरमा पुरुषोतम आचार्य, सिन्धुलीमा कुमारबहादुर कार्की अध्यक्ष बनेका छन् । यस्तै, दोलखामा नरबहादुर श्रेष्ठ, गोरखामा प्रेम गुरुङ, तनहुँमा श्रीप्रसाद श्रेष्ठ, म्याग्दीमा देवेन्द्र केसी, लमजुङमा कृष्णप्रसाद अधिकारी, बाग्लुङमा हिराबहादुर केसी, पर्वतमा राजु पौडेल, पाल्पामा धनेन्द्रराज घिमिरे, गुल्मीमा बालकृष्ण काउछामगर चुनिएका छन् ।

अध्यक्षमा अर्घाखाँचीमा पीताम्बर भुसाल, बाँकेमा किस्मतकुमार कक्षपति, बर्दियामा लालबहादुर श्रेष्ठ, दाङमा हुकुमबहादुर बस्नेत, रुपन्देहीमा तेजेन्द्र केसी, कपिलवस्तुमा डम्मर शर्मा, नवलपरासी (पश्चिम)मा दीपेन्द्र अधिकारी, प्युठानमा विजयविराज विष्ट, डोल्पामा शेरबहादुर बुढा, सल्यानमा गोविन्द पुनमगर, जुम्लामा शान्तिलाल महत, डडेल्धुरामा प्रकाश साउद, बैतडीमा सुरेन्द्र पाल र डोटीमा चक्र मल्ल छानिएका छन् । गैरभौगोलिक जिल्लातर्फ मजदुर विशेषमा जितेन्द्र श्रेष्ठ र पेसागत विशेषमा उमेश ढकाल चुनिएका छन् ।

अध्यक्ष केपी शर्मा ओलीले शनिबार ६३ जिल्लाको अधिवेशन एकैपटक उद्घाटन गरेका थिए । महासचिव शंकर पोखरेलले आइतबार सिराहा जिल्ला अधिवेशन उद्घाटन गरेपछि अधिवेशन भएका जिल्लाको संख्या ६४ पुगेको हो । सिन्धुपाल्चोक र चितवन जिल्लाको अधिवेशन उद्घाटन भएर पनि बन्दसत्र सुरु भएको छैन ।





NIC ASIA Laghubitta Bittiya Sanstha Ltd.

एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लि.

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त संस्था, राष्ट्रिय स्तर कार्यक्षेत्र भएको)
कर्पोरेट कार्यालय, बनेपा, फोन नं. : +९७७-०११-६६००३४

## धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७(सात) दिने सार्वजनिक सूचना

यस लघुवित्त संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको ऋण कर्जा लघुवित्त संस्थासँगको सम्झौताको शर्त बमोजिम नतिर्नु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तारताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेको र मिति २०७७/१२/०१ गतेको **"नयाँ पत्रिका"** र **"युग आह्वान"** राष्ट्रिय दैनिक पत्रिकमा ऋण चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा मिति २०७८/०८/१७ गतेको **"नयाँ पत्रिका"** राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहको चल अचल सम्पत्ति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी १५(पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋण कर्जाको बाँकी साँवा व्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिर्नु नबुझाउनु भएको हुदाँ ऋणीले लघुवित्त संस्थासँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरू उल्लघंन गर्नु भएकोले सो ऋण कर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी लघुवित्त संस्थाको लेना रकम असुल उपर गर्नको लागि पून यो ७(सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको उक्त सम्पत्तिहरू गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात ) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यलय खुलेको दिन) को कार्यलय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरूको अधिनमा रही रीतपुर्वक भरी यस लघुवित्त संस्थाको कर्जा असुली विभाग बनेपामा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आब्हान गरिन्छ। साथै प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको चल अचल सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री भई लघुवित्त संस्थाले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली २०५९, तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा जानकारी गराउदै ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई कर्जा सुचना केन्द्रमा कालो सुचीको लागि सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा अवगत गराईन्छ।

### तपशिल

| क.सं. १ | ऋणीको विवरण | जमानतकर्ताको विवरण | जग्गाधनीको विवरण |
|---|---|---|---|
| बहुनिया | **दिल कुमारी कठायत**<br>**स्थायी ठेगाना :** कैलाली जिल्ला, घोडाघोडी न.पा वडा नं.२<br>**हालको ठेगाना :** कैलाली जिल्ला, घोडाघोडी न.पा वडा नं.२<br>पिता : विष्णु कठायत<br>पति : प्रकाश विष्ट<br>ससुरा : भ्याने विष्ट | **१) ललिता देवी कठायत**<br>**स्थायी ठेगाना** : कैलाली जिल्ला भजनी त्रिशक्ति न.पा वडा नं.११<br>**हालको ठेगाना** : कैलाली जिल्ला, घोडाघोडी न.पा वडा नं.२,कैलाली<br>पिता : भुवन सिहं विष्ट<br>पति :मान बहादुर कठायत | **२) मनसरा देवी विष्ट**<br>**स्थायी ठेगाना** : कैलाली जिल्ला, साँढेपानी गा.वि.स वडा नं.३<br>**हालको ठेगाना** : कैलाली जिल्ला, घोडाघोडी न.पा वडा नं.२<br>पिता : जयरुप कार्की<br>पति : भ्याने विष्ट<br>ससुरा : पदम विष्ट |
| | **धितोको विवरण:** पदम विष्टको बुहारी भ्याने विष्टको श्रीमति ,कैलाली जिल्ला, साँढेपानी गा.वि.स वडा नं.३ स्थायी ठेगाना भएकोमनसरा देवी विष्टको नाममा मालपोत कार्यालय धनगढी , कैलाली को लगतमा दर्ता कायम रहेको कैलाली जिल्ला साडेपानी गा.वि.स.वडा नं.३ स्थित कित्ता नं. १२९३ क्षेत्रफल ०-०-१०-० (१६९.३२ वर्ग मि. ) जम्मा १० धुर मात्र को जग्गा, सो जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पुर्ण लिगलगापात समेत। | | |

| २ | ऋणीको विवरण | जमानतकर्ताको विवरण | जमानतकर्ताको विवरण |
|---|---|---|---|
| बाङ् गेसिमल | **जगत बहादुर लामिछाने मगर**<br>**स्थायी ठेगाना :** सुर्खेत जिल्ला, लेखगाउँ गा.वि.स वडा नं. ४<br>**हालको ठेगाना :**सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं.१<br>बाजे : कुमवीर लामिछाने मगर<br>पिता : पूर्ण बहादुर लामिछाने मगर | **१) लाल कुमारी मर्साङ्गी**<br>**स्थायी ठेगाना :** सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं.१<br>**हालको ठेगाना :** सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. १<br>पिता : नर बहादुर मर्साङ्गी<br>पति : जगत बहादुर लामिछाने मगर<br>ससुरा : पूर्ण बहादुर लामिछाने मगर<br><br>**२) चन्द्राकला मर्साङ्गी**<br>**स्थायी ठेगाना :** सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं.१<br>**हालको ठेगाना** : सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं.१<br>**पिता :** संतवीर फौजा मगर<br>**पति:** टेक बहादुर मर्साङ्गी<br>**ससुरा :** जर्सिन मर्साङ्गी | **३) वीरेन्द्र लामिछाने मगर**<br>**स्थायी ठेगाना :** सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा.वडा नं. १<br>**हालको ठेगाना :** सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा.वडा नं. १<br>बाजे : पूर्ण बहादुर लामिछाने मगर<br>पिता : जगत बहादुर लामिछाने मगर |
| | **धितोको विवरण:** कुमवीर लामिछाने मगरको नाति, पुर्ण बहादुर लामिछाने मगरको छोरा सुर्खेत जिल्ला लेखगाँउ गा.वि.स. ४ स्थायी ठेगाना भएको जगत बहादुर लामिछाने मगरको नाममा मालपोत कार्यालय, मेहेलकुना, सुर्खेतको लगतमा दर्ता कायम रहेका सुर्खेत जिल्ला लेखगाउँ गा.वि.स वडा नं.४,स्थित कित्ता नं.९० क्षेत्रफल १३-०-१.२५-० जम्मा तेह्र रोपनी सवा एक पैसा मात्र को जग्गा, सो जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पुर्ण लिगलगापात समेत। | | |

| ३ | ऋणीको विवरण | जमानतकर्ताको विवरण | जग्गाधनीको विवरण |
|---|---|---|---|
| जामुने बजार | **दुर्गा कुमारी चित्रकार**<br>**स्थायी ठेगाना :** सुर्खेत जिल्ला, राकम गा.वि.स. वडा नं.६<br>**हालको ठेगाना :** सुर्खेत जिल्ला, सिम्ता गा.पा., वडा नं.६<br>**पिता :** हर्क बहादुर कामी<br>**पति :** चेवन चित्रकार<br>**ससुरा :** हिरामणि सुनार चित्रकार | **१) चेवन चित्रकार**<br>**स्थायी ठेगाना :** सुर्खेत जिल्ला, राकम गा.वि.स. वडा नं.६<br>**हालको ठेगाना :** सुर्खेत जिल्ला, सिम्ता गा.पा. वडा नं.६<br>**बाजे :** लालवीर सुनार<br>**पिता :** हिरामणि सुनार चित्रकार | **२) हिरामणि सुनार**<br>**स्थायी ठेगाना :** सुर्खेत जिल्ला, काप्रीचौर गा.पा. वडा नं.१<br>**हालको ठेगाना** : सुर्खेत जिल्ला, राकम गा.वि.स., वडा नं.२<br>**बाजे :** बलभद्र सुनार<br>**पिता :** लालवीर सुनार |
| | **धितोको विवरण:** बलभद्र सुनारको नाति, लालवीर सुनारको छोरा, सुर्खेत जिल्ला, काप्रीचौर गा.वि.स.वडा नं. १ स्थायी ठेगाना भएको हिरामणि सुनारको नाममा मालपोत कार्यालय,मेहलकुना,सुर्खेतको लगतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला राकम गा.वि.स. वडा नं. २ स्थित कित्ता नं. १९२ क्षेत्रफल २२०३.८५ वर्ग मिटरको जग्गा, सो जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पुर्ण लिगलगापात समेत। | | |

| ४ | ऋणीको विवरण | जमानतकर्ताको विवरण |
|---|---|---|
| खलंगा | **प्रमिला सिहं**<br>**स्थायी ठेगाना :** जाजरकोट जिल्ला, खलंगा गा.वि.स..वडा नं.६<br>**हालको ठेगाना :** जाजरकोट जिल्ला, भेरी न.पा. वडा नं.४<br>**पिता :** कालु सिहं ठकुरी<br>**पति :** अमर सिहं राठौर<br>**ससुरा :** भिम बहादुर राठौर | **१) बीर बहादुर शाही**<br>**स्थायी ठेगाना :** जाजरकोट जिल्ला, खलंगा गा.वि.स..वडा नं.६<br>**हालको ठेगाना :** जाजरकोट जिल्ला, भेरी न.पा. वडा नं.३<br>**बाजे :** रुद्र बहादुर शाही<br>**पिता :** भक्त बहादुर शाही |
| | **धितोको विवरण:** भिम बहादुर राठौरको बुहारी,अमर सिहं राठौरको पत्नी, जाजरकोट जिल्ला,खलंगा गा.वि.स.वडा नं.६ स्थायी ठेगाना भएको प्रमिला सिहंको नाममा मालपोत कार्यालय जाजरकोट को लगतमा दर्ता कायम रहेको जाजरकोट जिल्ला खलंगा गा.वि.स. वडा नं. ४ स्थित कित्ता नं. १०७२ क्षेत्रफल ०-१३-१-१ (४२३.२९ वर्ग मिटर) तेह्र आना एक पैसा एक दाम मात्र को जग्गा, सो जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पुर्ण लिगलगापात समेत | |

| ५ | ऋणीको विवरण | जग्गाधनी/जमानतकर्ता विवरण |
|---|---|---|
| खलंगा | **देवि वि.क.**<br>**स्थायी ठेगाना :** जाजरकोट जिल्ला, खलंगा गा.वि.स. वडा नं. ८<br>**हालको ठेगाना :** जाजरकोट जिल्ला, भेरी न. पा. वडा नं. ३<br>**पिता :** लालविर कामी<br>**पति :** गोपाल कामी<br>**ससुरा :** विर सिंह कामी | **१) गोपाल कामी**<br>**स्थायी ठेगाना :** जाजरकोट जिल्ला, खलंगा गा.बि.स. वडा नं.०८<br>**हालको ठेगाना :** जाजरकोट जिल्ला, भेरी न.पा. वडा नं.०३<br>**बाजे :** खर्के कामी<br>**पिता :** विर सिंह कामी |
| | **धितोको विवरण:** खर्के कामीको नाती, विर सिंह कामीको छोरा जाजरकोट जिल्ला, खलंगा गा.बि.स. वडा नं. ८ स्थायी ठेगाना भएको गोपाल कामीको नाममा मालपोत कार्यालय रुकुम पश्चिमको लगतमा दर्ता कायम रहेको रुकुम जिल्ला विजयश्वरी गा.वि.स वडा नं. ३ स्थित कित्ता नं. ३९२६ क्षेत्रफल १२५ वर्ग मिटरको जग्गा, सो जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पुर्ण लिगलगापात समेत। | |

| ६ | ऋणीको विवरण | जमानतकर्ताको विवरण | जमानतकर्ताको विवरण |
|---|---|---|---|
| सेमरा | **हेम कुमारी गुरुङ**<br>**स्थायी ठेगाना:** चितवन जिल्ला, पार्वतीपुर गा.वि.स. वडा नं.६<br>**हालको ठेगाना :** रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ११<br>**पिता :** चिन बहादुर गुरुङ<br>**पति :** दुर्गा बहादुर गुरुङ्ग<br>**ससुरा :** निलराम गुरुङ | **१) दुर्गा बहादुर गुरुङ्ग**<br>**स्थायी ठेगाना :** चितवन जिल्ला, पार्वतीपुर गा.वि.स. वडा नं.६<br>**हालको ठेगाना :** रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ११<br>**बाजे :** जस बहादुर गुरुङ<br>**पिता :** निलराम गुरुङ | **२) राहुल गुरुङ्ग**<br>**स्थायी ठेगाना :** चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं.२१<br>**हालको ठेगाना :** रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं.११<br>**बाजे :** निलराम गुरुङ<br>**पिता** : दुर्गा बहादुर गुरुङ्ग |
| | **धितोको विवरण:** निलराम गुरुङको बुहारी, दुर्गा बहादुर गुरुङ्गको पत्नि, चितवन जिल्ला, पार्वतीपुर गा.वि.स. वडा नं. ६,स्थायी ठेगाना भएको हेम कुमारी गुरुङको नाममा मालपोत कार्यालय ,परासी, नवलपरासी ( बर्दघाट सुस्ता पश्चिम)को लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला ठुलो खैरटवा गा.वि.स. वडा नं. ६ स्थित कित्ता नं. ७३६ क्षेत्रफल ०-०-१०-० (१६९.३० वर्ग मिटर) को जम्मा दश धुर मात्र जग्गा, सो जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पुर्ण लिगलगापात समेत। | | |

Corporate Office: Banepa-7, Kavre, Phone : 011-660034
www.nicasialaghubitta.com

साथी सगै सबल बन्दै


# भारतले दशगजामा बनाएको बाँधले स्थानीय प्रभावित

**अशोक पहाडी/नयाँ पत्रिका**
**रौतहट, २६ पुस**

दशगजामा भारतले बाँध बनाएपछि रौतहटका स्थानीय समस्यामा परेका छन्। नियमविपरीत भारतले बाँध बनाएपछि सीमावर्ती ईशनाथ नगरपालिकाका बासिन्दा समस्यामा परेका हुन्।

ईशनाथ नगरपालिका-१ को बन्जराहलगायतका गाउँ सधैं जलमग्न हुने गरेका छन्। बर्खामा पानीको निकास नहुँदा ईशनाथका १, २, ३ र ४ नम्बर वडाका अन्य गाउँ पनि बर्सेनि डुबानमा पर्ने गरेका छन्। हिउँदमा ड्यामका कारण सवारीसाधनको आवागमनसमेत हुने गरेको छैन। 'गाउँमा आपत्कालीन अवस्थामा एम्बुलेन्ससमेत जाने अवस्था छैन,' वडाध्यक्ष बिगु साहले नयाँ पत्रिकासँग भने, 'बाँधका कारण बर्खामा जम्मा भएको पानीले दह बनेर गाउँ नै डुबानमा पर्ने गरेको छ। यातायात अवरुद्ध भएको छ।' गाउँमा विवाह भयो भने जन्तीको गाडी ड्याममा राखेर जन्ती हिँडेर गाउँमा आउनुपर्ने अवस्था रहेको स्थानीय ओमप्रकाश सिंहले गुनासो गरे।

भारतीय पक्षले दशगजामा पर्ने बन्जराह क्षेत्रमा बाँध बनाएको हो। ड्याम बनाउन थालेपछि स्थानीयले तत्कालीन प्रमुख जिल्ला अधिकारी वासुदेव घिमिरेलाई जानकारी गराएका थिए। तर, प्रशासनले प्रभावकारी पहल गर्न नसक्दा भारतले बाँध बनाएरै छाड्यो। स्थानीय भन्छन्, 'ड्याम बनाउन सुरु गरेपछि नै प्रशासनलाई जानकारी दिएका थियौँ। तर, हाम्रो सरकारको पक्षबाट रोक्ने कुनै पहल भएन। उसले बनाइछाड्यो। अहिले हामी सबैलाई समस्या परेको छ।'


रौतहट ईशनाथ नगरपालिकास्थित दशगजामा भारतले बनाएको अवैध बाँध। तस्बिर : नयाँ पत्रिका

## लकडाउनको मौकामा भारतले बढायो बाँध

स्थानीयका अनुसार खेतको आली मात्र रहेको सो स्थानमा भारतले करिब दश वर्षअगाडिदेखि बाँध बनाउन सुरु गरेको हो। 'सुरुवातमा बाँध होचो थियो। तर, भारतले बर्सेनि बढाउँदै लगेर ठूलै बाँध बनाइसकेको छ,' स्थानीय आलोककुमार सोनीले भने, 'अब त बन्जराह गाउँ हरेक वर्ष डुबानमा पर्न थालेको छ।' उनले ड्यामका कारण पानीको निकास नहुँदा बन्जराह गाउँमा धानखेतीसमेत हुन छाडेको दुःखेसो पोखे। कोभिड महामारीका कारण लकडाउन भएका वेला भारतीय पक्षले बाँधको हाइट साबिकभन्दा पाँच फिट अग्लो बनाएको थियो।

# विद्युत् अभावमा 'टिस्यु कल्चर ल्याब' सञ्चालनमा आएन

**शान्ता कमली/नयाँ पत्रिका**
**लमजुङ, २६ पुस**

क्होलासौँथार गाउँपालिका- ८ घाम्राङ गाउँमा दुई वर्षअघि स्थापना गरिएको 'टिस्यु कल्चर ल्याब' विद्युत् अभावमा सञ्चालनमा आउन सकेको छैन। हिमालयन हर्बो सेन्टरले बिउविना बिरुवा उत्पादन गर्ने प्रविधि टिस्यु कल्चरका लागि ७० लाख रुपैयाँमा संरचनासहित उपकरण जडान गरेको दुई वर्ष पुगे पनि विद्युत् अभावमा सञ्चालन हुन नसकेको हो।

कम्पनीका अध्यक्ष गमप्रसाद गुरुङले आवश्यकताअनुसार विद्युत् जडान हुन नसक्दा अहिलेसम्म ल्याबका मेसिन सञ्चालन गर्न नसकिएको बताए। 'स्थानीयस्तरमा उत्पादित लघु जलविद्युत् भए पनि यो उपकरणका लागि भोल्टेज पुग्दैन। राष्ट्रिय प्रसारणको विद्युत् लाइनबाट सेवा प्रवाह हुन नसक्दा सञ्चालनमा आउन नसकेको हो,' उनले भने। टिस्यु कल्चर प्रविधि सुरु गर्न घाम्राङमा राष्ट्रिय विद्युत् प्रसारण लाइन पुगे पनि हालसम्म विद्युत् जडान हुन सकेको छैन।

कृषि, जडिबुटी तथा फलफूलका भाइरसमुक्त नयाँ बिरुवा उत्पादन गर्न प्रयोगशाला स्थापना गरिएको हो। पछिल्लो समय कृषि, जडीबुटीमा शुद्ध तथा भाइरसमुक्त विरुवा पाउन मुस्किल रहेकाले प्रयोगशाला स्थापना गरिएको अध्यक्ष गुरुङको भनाइ छ। टिस्यु कल्चरमा कुनै पनि नयाँ बिरुवा उत्पादनका लागि सम्बन्धित बिरुवाको तन्तु, केषिका आदिबाट नयाँ बिरुवा उत्पादन गरिन्छ।

# हेल्थडेस्कमा कार्यरत स्वास्थ्यकर्मी कोरोना संक्रमित

**नयाँ पत्रिका**
**बाँके, २६ पुस**

नेपाल-भारत सीमानाका जमुनाहस्थित हेल्थ डेस्कमा कार्यरत तीन स्वास्थ्यकर्मीसहित चारजनालाई कोरोना संक्रमण भएको छ। हेल्थडेस्कमा कार्यरत एक ल्याब टेक्निसियन, दुई अहेव तथा एक कार्यालय सहयोगीलाई संक्रमण देखिएको जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (डिसिएमसी) का फोकल पर्सन तेज ओलीले जानकारी दिए।

उनका अनुसार, ल्याब टेक्निसियन श्रीमण आचार्य, सिनियर अहेव रामबहादुर शाही, अहेव हेमन्त राना र कार्यालय सहयोगी बुद्धिराम चौधरीलाई कोरोना संक्रमण भएको छ। कोरोना संक्रमण भएका सबैको स्वास्थ्य अवस्था सामान्य रहेको उनले जानकारी दिए। संक्रमित स्वास्थ्यकर्मीलाई सामान्य रुघाखोकीको लक्षण देखिएको छ, सबैको अवस्था सामान्य छ,' उनले भने।

स्वास्थ्यकर्मीमा कोरोना संक्रमण भएपछि स्वाब टेस्ट गर्न जनशक्ति अभाव हुने भएको छ। नाकास्थित हेल्थ डेस्कमा १५ जना स्वास्थ्यकर्मी खटिएका छन्। 'एक त पहिले पनि स्वास्थ्यकर्मी अपुग थिए, त्यसैमा स्वास्थ्यकर्मीमा कोरोना संक्रमण भएको छ। अब जनशक्ति अभाव हुने नै भयो,' उनले भने।

यसैबीच भारतबाट आउने नेपालीको कोरोना जाँच गर्दा ३७ जनामा कोरोना पुष्टि भएको छ। जमुनाह नाकास्थित हेल्थ डेस्कमा एन्टिजेन प्रविधिमार्फत कोरोना जाँच गर्दा ३७ जनामा कोरोना पुष्टि भएको ल्याब टेक्निसियन चिरञ्जीवी ज्ञवालीले बताए।

# स्वास्थ्यचौकीमा औषधि अभाव

**नरजन तामाङ/नयाँ पत्रिका**
**हुम्ला, २६ पुस**

सर्केगाड गाउँपालिका- ३ की हजारी फडेरा पेट दुख्ने समस्या भएपछि करिब दुई घन्टा पैदल हिँडेर सायाँ स्वास्थ्यचौकी पुगिन्। स्वास्थ्यकर्मीले चेकजाँच त गरे, औषधि दिन सकेनन्। किनभने, स्वास्थ्यचौकीमा औषधि थिएन। स्वास्थ्यचौकीबाट निःशुल्क पाउनुपर्ने औषधि निजी फार्मेसीबाट महँगो मूल्यमा किनेर हजारी फर्किन्।

हजारी मात्र होइन, पछिल्लो समय सायाँ स्वास्थ्यचौकी पुग्ने सबै बिरामी औषधि अभावको समस्या भोगिरहेका छन्। सर्केगाड गाउँपालिकाको सायाँ, दुल्ली, मुण्डीलगायतबाट स्थानीय उपचार र औषधिका लागि सायाँ स्वास्थ्यचौकी पुग्छन्। तर, औषधि नपाउँदा सास्ती खेप्दै आएका छन्। 'स्थानीयहरू घन्टौँ हिँडेर स्वास्थ्यचौकी पुग्छन्, तर औषधि नपाएर खालीहात फर्किनुपरिरहेको छ,' हजारीले नयाँ पत्रिकासँग भनिन्, 'मैले पनि व्यर्थमा दुःख पाएँ। स्वास्थ्यचौकीमा निःशुल्क पाइने औषधि नपाउँदा निजी मेडिकलमा महँगो मूल्य तिर्न बाध्य भएँ।'

> गाउँपालिकाले महिनौँदेखि औषधि नकिनेकाले स्वास्थ्यचौकीमा कुनै पनि औषधि छैन। घन्टौँ हिँडेर स्वास्थ्यचौकी पुग्ने बिरामी निराश हुँदै फर्किन्छन्।

सायाँ हुम्लाको मध्यभेगमा पर्ने सर्केगाड गाउँपालिकाको पनि केन्द्रमा पर्छ। त्यसैले आसपासका गाउँका बिरामी उपचारका लागि अन्यत्रभन्दा सायाँ नै पुग्ने गर्छन्। तर, गाउँपालिकाको चरम लापरबाहीका कारण बिरामीले महिनौँदेखि यस्तो सास्ती भोग्दै आएका छन्। अनमी बिजौरा शाहीका अनुसार स्वास्थ्यचौकीमा महिलाहरूले प्रयोग गर्ने पिल्स चक्कीसमेत छैन। 'स्वास्थचौकी नखोल्दा किन खोलेनौँ भन्छन्, खोलौँ भने औषधि छैन,' शाहीले दुःखेसो पोखिन्। गाउँपालिकाले चासो नदिँदा स्वास्थ्यचौकीमा औषधि नभएको अहेब धर्मराज शाहीले बताए। 'बिरामी आउँछन्, स्वास्थ्यचौकीमा औषधि छैन, हामीलाई गाली गर्छन्,' अहेब शाहीले भने, 'स्वास्थ्यचौकीमा आगो लगाउँछौँ भन्ने धम्कीसमेत दिन्छन्।'


| ७ | ऋणीको विवरण | जमानतकर्ताको विवरण | जमानतकर्ताको विवरण |
|---|---|---|---|
| सेमरा | **डिलु गाहा थारु**<br>**स्थायी ठेगाना:** रुपन्देही जिल्ला, मोतिपुर गा.वि. स.वडा नं.०२<br>**हालको ठेगाना :** रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ११<br>**पिता : हुम बहादुर गाहा**<br>**पति :** जंग बहादुर थारु,<br>**ससुरा :** बेचन थारु | **१) तेज बहादुर पुन मगर**<br>**स्थायी ठेगाना :** रुपन्देही जिल्ला, बुटवल न.पा वडा नं. ०४<br>**हालको ठेगाना :** रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा वडा नं. ०४<br>**बाजे :** राम बहादुर पुन मगर<br>**पिता :** मन बहादुर पुन | **२) जंग बहादुर थारु**<br>**स्थायी ठेगाना :** रुपन्देही जिल्ला, मोतिपुर गा.वि.स. वडा नं.०२<br>**हालको ठेगाना :** रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा वडा नं.११<br>**बाजे :** बन्धु थारु<br>**पिता :** बेचन थारु |
| | **धितोको विवरण:** बेचन थारुको बुहारी, जंग बहादुर थारुको पत्नी, रुपन्देही जिल्ला, मोतीपुर गा. वि.स. वडा नं. ०२ स्थायी ठेगाना भएको डिलु गाहा थारुको नाममा मालपोत कार्यालय, परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) को लगतमा दर्ता कायम रहेका नवलपरासी जिल्ला ठुलो खैरटवा गा.वि.स. वडा नं. ०६ स्थित कित्ता नं. ७३७ क्षेत्रफल ०-०-१०-०(१६९.३० वर्ग मिटर) को जम्मा दश धुर मात्र जग्गा, सो जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पुर्ण लिगलगापात समेत। | | |

### लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरू

१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम लघुवित्त संस्थाको कर्जा असुली विभाग बनेपा वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ।

२) प्राप्त बोलपत्रहरू लघुवित्त संस्थाले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ। शिलबन्दी बोलपत्रबाट उक्त सम्पत्ति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पत्तिको स्वामित्व लघुवित्त संस्थाले लिन सक्नेछ।

३) लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा लघुवित्त संस्थाको कर्जा असुली विभाग,बनेपा वा नजिकको सम्बन्धित शाखामा सम्पर्क राख्नुहोला।

४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यलय खुलेको दिन) यस लघुवित्त संस्थाको कर्पोरेट कार्यलय ( कर्जा असुली विभाग), बनेपामा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ।

५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरू लागू हुनेछन्।

### पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ। अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागि सूचित गरिन्छ। उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरि वा लघुवित्त संस्था आफैले सकार गर्दा समेत साविकमा लघुवित्त संस्थाबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा लघुवित्त संस्था आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा लघुवित्त संस्था आफैले सकार गरि लियो भनि कहिं कतै उजुर बाजुर गर्न पाउनुहुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि लघुवित्त संस्था आफैले सकार गर्दा समेत लघुवित्त संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पत्तिहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ।

Corporate Office: Banepa-7, Kavre, Phone : 011-660034
www.nicasialaghubitta.com

साथी सगै सबल बन्दै

# अर्थ पत्रिका

मंगलबार २७ पुस ०७८, www.nayapatrikadaily.com nayapatrikaofficial @naya_patrika


## ‘अर्थतन्त्र संकटमा परेको छैन, सचेत हुनुपर्ने ठाउँमा पुगेको छ’

# माघभित्र तरलताको समस्या समाधान हुने अर्थमन्त्री शर्माको दाबी

तरलताको अवस्था यस्तै रहे औषधि र खाद्यान्न आयात गर्नसमेत समस्या हुने व्यवसायीको चेतावनी

बैंकलाई लगाइएको ३० प्रतिशत कर बढी भएको भन्दै घटाउन नेपाल बैंक तथा वित्तीय संस्था परिसंघको आग्रह

संकटमा धेरै नाफा खोज्नेभन्दा पनि सबैलाई जोगाउनेतर्फ लाग्न अर्थमन्त्रीको आग्रह

**नयाँ पत्रिका**
**काठमाडौं, २६ पुस**

अर्थमन्त्री जनार्दन शर्माले अर्थतन्त्र संकटमा नरहेको बताएका छन् । विदेशी विनियम सञ्चिति घटेको, तरलता अभाव चुलिएको, ब्याजदर र मूल्यवृद्धि बढेको तथा ढुकुटी रित्तिँदै गएको चर्चा चलिरहेका वेला अर्थमन्त्रीले बाहिर चर्चा भएजस्तो अर्थतन्त्र संकटमा नरहेको जिकिर गरेका हुन् । यद्यपि, सचेत हुनुपर्ने ठाउँमा भने अर्थतन्त्र पुगेको उनको भनाइ छ ।

काठमाडौंमा मंगलबार आयोजित नेपाल बैंक तथा वित्तीय संस्था परिसंघ (सिबिफिन)को दोस्रो वार्षिक साधारणसभामा बोल्दै अर्थमन्त्री शर्माले अर्थतन्त्रमा केही चाप र दबाब देखिएको भए पनि खराब भने भइनसकेको बताएका हुन् । ‘अर्थतन्त्र, यसको भविष्य र विकासका विषयमा सबैतिर चिन्ता व्यक्त भइरहेको छ, यो स्वाभाविक पनि हो,’ उनले भने, ‘यो अवस्थाको अन्य कारण छैन, महामारी नै हो ।’ अर्थतन्त्रमा केही चाप र दबाब भए पनि बाहिर भनिएजस्तो खराब अवस्था भने नरहेको उनले प्रस्ट्याए ।

अर्थमन्त्रीले अर्थतन्त्र संकटमा गइनसकेको भन्दै सचेत हुने अवस्थामा भने पुगेको बताए । ‘अर्थतन्त्र ठूलो संकटमा छैन, सचेत हुने अवस्थामा भने पुगेको छ,’ उनले भने, ‘हामी यसप्रति सचेत छौँ, समस्या समाधानका लागि विभिन्न उपाय अपनाएका छौँ, प्रयास गरिरहेका छौँ ।’ अहिले नै बैंकमा तरलता बढ्दै गएको जानकारी दिँदै माघ (अर्को साता)सम्म तरलता अभावको समस्या समाधान हुने उनले बताए । पुँजीगत खर्च गर्न पनि मन्त्रालयले निरन्तर प्रयत्न गरिरहेको उनले बताए । त्यस्तै, विदेशी विनिमय बढाउनका लागि आयात निरुत्साहित गर्ने तथा एनआरएनबाट विदेशी विनिमय भित्र्याउन नीतिगत काम गरेको उनले जानकारी दिए ।

यसअघि कार्यक्रममा बोल्दै नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष शेखर गोल्छाले तरलताको समस्या नभए आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न नसकिने बताए । ‘तरलता अभाव अहिले राष्ट्रको सबैभन्दा ठूलो समस्या हो,’ उनले भने, ‘यसको समयमै समाधान भएन भने राज्य नै समस्यामा पर्छ, असफल राज्य हुने सम्भावना हुन्छ ।’ उनले अहिलेको अवस्थामा सुधार नभए केही महिनामै औषधि, पेट्रोलियम पदार्थलगायत आधारभूत वस्तु आयात गर्नसमेत विदेशी मुद्रा नहुनेतर्फ औँल्याए ।

सिबिफिनका अध्यक्ष पवन गोल्यानले भुक्तानी सन्तुलनमा देखिएको समस्याको दिगो समाधान नगरे भोलिका दिनमा खानेकुरा आयात गर्नसमेत नसकिने बताए । नेपाल चेम्बर अफ कमर्सका वरिष्ठ उपाध्यक्ष कमलेशकुमार अग्रवालले अर्थतन्त्र अत्यन्त चुनौतीपूर्ण र संवेदनशील अवस्थामा पुगेको बताए । आयात व्यापारलाई निरुत्साहित गर्ने नीतिले सरकारको राजस्व प्रभावित भएको, वस्तुको मूल्य बढेको तथा अभाव हुन थालेको बताए ।



### अब लकडाउन नगरौँ, अर्थतन्त्रले थेग्न सक्दैन

अर्थमन्त्री जनार्दन शर्माले कोभिडको नियन्त्रण तथा रोकथामका लागि अब लकडाउनको बाटोमा जान नहुने बताएका छन् । अहिलेको अवस्थामा अर्थतन्त्रले लकडाउन थेग्न नसक्ने उनले बताएका हुन् । ‘अहिले पनि लकडाउन हुन्छ कि भन्ने चिन्ता छ, तर अब अर्थतन्त्रले लकडाउन धान्न सक्दैन,’ उनले भने, ‘सुरक्षित हुने अन्य उपाय त अपनाउनैपर्छ, तर अब लकडाउनको बाटोमा जानुहुँदैन ।’ फेरि लकडाउनको बाटो अपनाउँदा त्यसलाई अर्थतन्त्रले थेग्न नसक्ने उनले बताए । मुलुकको अर्थतन्त्र दुई वर्षदेखि थला परेको अवस्थाबाट भर्खरै चलायमान हुन लागेको अवस्थामा लकडाउनतर्फ नसोचेर सुरक्षित हुने अन्य उपाय अपनाउनुपर्नेमा अर्थमन्त्रीले जोड दिए ।

### ‘संकटमा बढी नाफा नहेरौँ कर घटाउन छलफल गर्छु’

अर्थमन्त्री शर्माले संकटको अवस्थामा नाफा मात्रै नहेर्न बैंक सञ्चालकहरूलाई आग्रह गरे । उनले संकट परेका वेला पनि बढी नाफा कमाउनेभन्दा पनि सबैलाई बचाउने भावना बनाउन आग्रह गरे । उनले बैंकलाई लगाएको कर घटाउने विषयमा छलफल गर्न आफू तयार रहेको पनि बताए । त्यसअघि सिबिफिनका अध्यक्ष पवन गोल्यानले बैंकलाई लगाइएको ३० प्रतिशत कर बढी भएको भन्दै घटाउन आग्रह गरेका थिए । जवाफमा अर्थमन्त्रीले भने, ‘कर घटाउने कुरा गर्न सकिन्छ, छलफल गरौँला, तर संकटमा धेरै नाफा खोज्ने भन्दा पनि सबैलाई जोगाउनेतर्फ लागौँ ।’ सिबिफिनका उपाध्यक्ष भोजबहादुर शाहीले भने बैंकले नाफा मात्रै नहेरेको र खाइपाइ आएको मुनाफा कटाएर उद्योगी-व्यवसायीलाई २ प्रतिशत राहत दिएको बताए । ‘बाहिर बैंकहरूको मुनाफा यति अर्ब उति अर्ब भयो भनेर आउँछ, तर बैंकले औसत ८-१० प्रतिशत र बढीमा १५ प्रतिशत मात्रै नाफा बाँड्न सकेका छन्,’ उनले भने, ‘त्यो अर्ब-अर्ब नाफाबाट २० प्रतिशत रिजर्भ, ३० प्रतिशत कर, १० प्रतिशत कर्मचारी बोनस, १ प्रतिशत रिजर्भ कटाएर बन्न बाँड्न सकिन्छ ।’

> नेपाल बैंक तथा वित्तीय संस्था परिसंघका अध्यक्ष पवन गोल्यानले राष्ट्र बैंकले तोकिएका वस्तुको आयातमा शतप्रतिशतसम्म मार्जिन राख्ने नीति ठीक भएको बताए, तर महासंघ र चेम्बरले भने त्यसको विरोध गरे

### सिबिफिनले भन्यो- ‘१५ प्रतिशत कर लगाऊ’

नेपाल बैंक तथा वित्तीय संस्था परिसंघ (सिबिफिन)का अध्यक्ष गोल्यानले आयात प्रतिस्थापन र उद्योग संरक्षणका लागि भन्सारमा १५ प्रतिशत कोभिड कर लगाउनुपर्ने बताए । आयात निरुत्साहित गर्ने नीतिले राजस्वमा असर पर्न सक्ने भन्दै उनले त्यसका लागि यो संकटका वेलामा भन्सारमा १५ प्रतिशत कर बढाउनुपर्ने बताए ।

उनले राष्ट्र बैंकले तोकिएका वस्तुको आयातमा शतप्रतिशतसम्मा मार्जिन राख्ने नीति ठीक भएकोसमेत बताए । तर, महासंघ र चेम्बरले भने त्यसको विरोध गरे । महासंघ अध्यक्ष गोल्छाले १५ प्रतिशत कोभिड कर लगाउँदा उपभोक्ताले थेग्न नसक्ने बताए । त्यसले मूल्यवृद्धि बढाउने उनको भनाइ छ । त्यस्तै, चेम्बर उपाध्यक्ष अग्रवालले आयातमा मार्जिन राख्ने नीतिले व्यापार लागत बढेको र उद्योग-व्यवसाय नै चलाउन नसक्ने अवस्थामा पुऱ्याएको भन्दै त्यसमा पुनर्विचार गर्नुपर्ने बताए ।

## एक अर्ब निक्षेप राख्ने एनआरएनलाई अर्थ मन्त्रालयले विशेष सम्मान गर्ने

**नयाँ पत्रिका**
**काठमाडौं, २६ पुस**

गैरआवासीय नेपालीलाई लक्षित गर्दै केही समयअघि परिमार्जनसहित सञ्चालनमा ल्याइएको डलर एकाउन्ट खातामा एक अर्ब निक्षेप राख्ने पहिलो व्यक्तिलाई अर्थ मन्त्रालयले विशेष सम्मान गर्ने घोषणा गरेको छ । गैरआवासीय नेपाली युकेले सोमबार आयोजना गरेको भर्चुअल कार्यक्रममा अर्थमन्त्री जनार्दन शर्माले यस्तो बताएका हुन् । ‘अहिले कतिपय मुलुकमा ब्याजदर ऋणात्मक रहेको सुनिन्छ,’ अर्थमन्त्री जनार्दन शर्माले भने, ‘नेपालमा बचत गर्नुभयो भने तपाईंहरूलाई पनि लाभ हुन्छ भने मुलुक निर्माणमा पनि सहयोग पुऱ्याउन सक्नुहुन्छ, अझ यो खातामा एक अर्ब निक्षेप राख्ने पहिलो एनआरएनलाई अर्थ मन्त्रालयले विशेष सम्मान गर्ने योजना बनाएको छ ।’

उनले पछिल्लो समय बढाइएको प्रत्यक्ष वैदेशिक लगानी सीमालाई संशोधन गर्ने तयारी पनि भइरहेको जानकारी दिएका छन् । हाल कम्तीमा पाँच करोड रुपैयाँ मात्रै प्रत्यक्ष वैदेशिक लगानीका रूपमा भित्र्याउन सकिने व्यवस्था छ । यसअघि ५० लाख रुपैयाँ (५० हजार डलर)सम्म यसरी लगानीका रूपमा ल्याउन सकिने व्यवस्था थियो ।

गभर्नर महाप्रसाद अधिकारीले डलर खाताको सीमामा पनि संशोधन हुन सक्ने संकेत गरेका छन् । ‘यो डलर खातामा यसअघि कम्तीमा दुई वर्षको लागि न्यूनतम १० हजार डलर राख्नुपर्ने व्यवस्था थियो,’ गभर्नर अधिकारीले भने, ‘अहिले यो सीमा घटाएर कम्तीमा एक वर्षका लागि पाँच हजार डलर राख्न सकिने व्यवस्था गरेका छौँ, रकम सीमालाई थप कम गर्न सक्छौँ, यो त्यति जटिल विषय पनि होइन ।’

कार्यक्रममा वक्ताहरूले गैरआवासीय नेपाली संगठनहरूले प्रदान गर्ने सदस्य कार्डका आधारमा समेत निक्षेप राख्न सकिने व्यवस्थाको माग गरेका छन् । गैरआवासीय नेपालीका प्रतिनिधिहरूले डलर खाताका रहने रकमको ब्याजमा लाग्ने कर छुटको पनि माग गरेका छन् ।

वक्ताहरूले नेपाली मुद्रामा पाइनेसरह ब्याजदर नपाउने व्यवस्थाले लगानी फिर्ता लैजाँदा करिब २ दशमलव ५ प्रतिशत मात्रै हुन आउने गरेको ब्याजदर नेपाली मुद्रामा सरह हुनुपर्ने धारणा राखेका छन् । डलर खाताहरूमा बैंकहरूले हाल ३ देखि ४ प्रतिशत ब्याज दिइरहेका छन् । जबकि नेपाली मुद्रामा गरिने बचतमा ग्राहकहरूले अधिकतम १० प्रतिशतसम्म ब्याजदर पाइरहेका छन् ।

हाल संस्थागत विदेशी निक्षेपकर्ता तथा गैरआवासीय नेपालीहरूले कुनै पनि वाणिज्य बैंकमा न्यूनतम १० हजार अमेरिकी डलर वा सोही रकमबराबर जम्मा गर्न पाउँछन् । अमेरिकी डलर, युरो, पाउन्ड स्टर्लिङ, अस्ट्रेलियन डलर वा क्यानेडियन डलरमा खाता खोल्न सकिने व्यवस्था छ ।

रकम जम्मा गरेको एक वर्षपछि ग्राहकले फिर्ता लिँदा साँवा तथा ब्याजको रकम निक्षेप जम्मा गरेकै मुद्रामा सम्बन्धित व्यक्तिको खातामा फिर्ता पाउने व्यवस्था छ । तर, यस्तो खाताको भुक्तानी नेपालमै लिँदा भने नेपाली रुपैयाँमा पाइने व्यवस्था छ । यसरी खाता खोल्ने विदेशी नागरिक नेपाल भ्रमणमा आउँदा वा मृत्युलगायतका कारण हक दाबी लाग्ने गैरआवासीय नेपालीका आफन्तले समेत नेपाली मुद्रामा भुक्तानी पाउन सक्छन् ।

यस्ता ग्राहकले ब्याज प्राप्त गर्न सोही ग्राहकको नाममा सोही मुद्रामा बचत खातासमेत खोल्न सक्ने व्यवस्था छ । यस्तो खाता वाणिज्य बैंक र विकास बैंकमा खोल्न पाइन्छ । दुई वा दुईभन्दा बढी विदेशी संस्थाहरू वा गैरआवासीय नेपालीहरूका नाममा संयुक्त रूपमा समेत यस्तो खाता खोल्न सकिन्छ । संस्थागत विदेशी निक्षेपकर्ताले यस्तो खाता खोल्दा संस्थाको सञ्चालक समितिले खाता खोल्न गरेको निर्णयसमेत बुझाउनुपर्छ ।

राष्ट्र बैंकले बचत खाताको रकम नेपालमा प्रयोगका लागि कार्ड जारी गर्ने विषयमा समेत सोच बनाएको गभर्नर अधिकारीले जानकारी दिए । मुद्रा फिर्ता लैजाँदा विनिमय दरका कारण हुने नाफा-नोक्सानको भागीदार भने खाताबाहक नै हुने सबैतिरको अभ्यास रहेको अधिकारीले स्पष्ट पारेका छन् ।

## इजरायलमा कामदार लैजान एयर अरेबिया छनोट, प्रतिव्यक्ति हवाई भाडा ८० हजार घट्यो

**मुना कुँवर/नयाँ पत्रिका**
**काठमाडौं, २६ पुस**

कामदार इजरायल लैजान प्रतिव्यक्ति ८० हजारभन्दा कम भाडादर प्रस्ताव गरेपछि एयर अरेबिया छनोट भएको छ । एयर अरेबियाले ५९ हजार नौ सय ९० रुपैयाँमा कामदारहरूलाई इजरायल लैजान तयार भएको हो । रोजगारीमा जान अन्तिम छनोटमा एक हजार एक सय ७५ कामदार छनोट भएका छन् । अब उनीहरूको नौ करोड ४० लाख रुपैयाँ लागत घट्ने भएको हो ।

यसअघि वैदेशिक रोजगार विभागले इजरायल रोजगारीमा जाने कामदारबाट हवाई भाडा, बिमा, स्वास्थ्य परीक्षण, अभिमुखीकरण तालिम, पिसिआरसहित एक लाख ६५ हजार सात सय तोकेको थियो । जसमध्ये विभागले एक लाख ४० हजार रुपैयाँ हवाई भाडाबापत खर्च तोकेको थियो । विभागले नेपाल एयरलाइन्समार्फत कामदारलाई इजरायल पठाउन सो भाडादर निर्धारण गरेको हो । तर, श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले हवाई भाडादर अत्यधिक भएको भन्दै नेपाल एयरलाइन्सको विकल्प खोज्न निर्देशन दिएपछि विभागले टेन्डर आह्वान गरेको थियो । यद्यपि, श्रममन्त्री श्रेष्ठले नेपाल एयरलाइन्सलाई नै भाडादर घटाउन आग्रह गरेको बताएका थिए । ‘नेपाल एयरलाइन्ससँग बार्गेनिङ गरेपछि एक लाख २० हजारसम्ममा सहमत भयो । तर, अन्य एयरलाइन्सले त्यसभन्दा कममा लैजान्छौँ भनेपछि हामीले टेन्डर आह्वान गरेका हौँ,’ मन्त्री श्रेष्ठले भने ।

विभागले ९ पुसमा सूचना प्रकाशित गरी एयरलाइन्स कम्पनीहरूसँग प्रस्ताव माग गरेपछि आठवटा एयरलाइन्स कम्पनीले आवेदन दिएका थिए । जसमध्ये सबैभन्दा कम मूल्य सी लिंक होलिडेज कम्पनीबाट प्रस्ताव गरेको एयर अरेबिया छनोट भएको हो । इजरायलस्थित पपुलेसन इमिग्रेसन र बोर्डर अथोरिटी (पिआइबिए)ले एक हजार एक सय ७५ जना कामदारलाई छनोट गरेको छ । विभागले यसअघि नेपाल एयरलाइन्ससँग तय गरेको भाडादरअनुसार सो संख्याका कामदारको भाडादर १६ करोड ४५ लाख हुन आउँथ्यो । तर, टेन्डरमार्फत छनोट भएको एयर अरेबियाले भने सात करोड पाँच लाख रुपैयाँमा लैजाने भएको हो ।

### करिब पौने दुई लाख पारिश्रमिक

केयर गिभरका लागि इजरायल जाने नेपाली कामदार मासिक पारिश्रमिक करिब पौने दुई लाख पाउनेछन् । वैदेशिक रोजगार विभागका अनुसार नेपालीले पनि त्यहाँका नागरिकसरह नै सुविधा पाउनेछन् । इजरायलको सरकारले तोकेअनुसार कामदारले मासिक एक लाख ८६ हजार रुपैयाँ (स्थानीय ५३ सय अथवा १६ सय अमेरिकन डलर) पारिश्रमिक पाउनेछन् । कामदारले हप्ताको ४२ घन्टा काम गर्नुपर्नेछ ।

इजरायल रोजगारीमा रोजगारदाता र श्रमिकबीच पहिलोपटक एक वर्षका लागि सम्झौता हुनेछ । तर, रोजगारदाताले चाहेमा पाँच वर्षसम्मका लागि गर्न सक्नेछ । तर, पाँच वर्षपछि भने कामदार अनिवार्य रूपमा नेपाल फर्कनुपर्नेछ । विभागले गत साउन १२ गतेदेखि इजरायल रोजगारीका लागि अनलाइन आवेदन माग गरेको थियो । गत साउन मसान्तसम्ममा विभागमा नौ हजार ६ सय ९९ जनाको आवेदन परेको थियो । आवेदन दिएकामध्ये पाँच हजार चार सय ९९ जना पुरुष र चार हजार दुई सयजना महिला छन् । विभागमा परेको आवेदन प्रमाणीकरण गर्दा करिब साढे सात हजार छनोट भएका हुन् ।

विभागले गत भदौ २८ गते लिएको पहिलो चरणको लिखित परीक्षामा ६ हजार तीन ९७ उपस्थित भएका थिए । भाषा परीक्षाबाट एक हजार तीन सय ९५ महिला र ६ सय ४४ पुरुष गरी कुल दुई हजार ३९ उत्तीर्ण भएका थिए । भाषा परीक्षा उत्तीर्ण गरेकामध्ये एक हजार आठ सय तीन अन्तर्वार्तामा सहभागी भएका थिए । जसबाट एक हजार एक सय २० महिला र चार सय ८० पुरुष गरी कुल एक हजार ६ सय छनोट भएका हुन् । अन्तर्वार्ता गत असोज ४ गतेदेखि ९ गतेसम्म चलेको थियो ।

### ५ माघमा एक सय २५ कामदार इजरायल उड्ने

वैदेशिक रोजगार विभागले ५ माघमा पहिलो चरणमा एक सय २५ जना नेपाली युवालाई इजरायल उडाउने भएको छ । विभागका अनुसार इजरायल दीर्घकालीन स्याहार केन्द्रका लागि सम्झौता गरेका नेपाली सहायक कामदारहरूमध्ये इजरायल कन्सुलर विभागबाट एक सय ४३ जनाको नामावली प्राप्त भएको छ । जसमध्ये एक सय २५ जना कामदारहरू माघको पहिलो साता नै इजरायल प्रस्थान गर्नुपर्ने विभागले जनाएको छ ।

विभागले जारी गरेको सूचीको क्रमसंख्या एकदेखि एक सय २५ सम्मका कामदारहरूले मंगलबार दिउँसो तीन बजेभित्र टिकट बुक गरिसक्नुपर्नेछ । सो अवधिमा टिकट बुक नगर्ने कामदारहरूको हकमा बाँकी क्रमसंख्या एक सय २६ देखि एक सय ४३ सम्मका कामदारहरूले पहिलो प्राथमिकताका आधारमा बुधबार बिहान १० बजेभित्रमा टिकट काटिसक्नुपर्नेछ । नक्सालस्थित सी लिंक होलडेजको कार्यालयमा पुगी टिकट बुक गर्नुपर्नेछ । टिकट बुक गर्दा राहदानी पनि साथमा लैजानुपर्नेछ । टिकट बुक गरेका एक सय २५ कामदारले आगामी २ ९ गते बिहान १० बजेदेखि बेलुका चार बजेसम्म ललितपुरस्थित व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठानमा गई बायोमेट्रिक गर्नुपर्नेछ । त्यस्तै, आगामी पुस ३० र माघ २ गते प्रतिष्ठानमा गई पूर्वप्रस्थान अभिमुखीकरण तालिम लिनुपर्नेछ ।

इजरायलस्थित रोजगारदाताले हस्ताक्षर गरी विभागमा पठाएको सम्झौतापत्रमा हालसम्म नौ सय ९४ कामदारसँग सम्झौता भइसकेको छ । विभागले पहिलो चरणमा दुई सय २९ जना युवासँग सम्झौता गरेको थियो । दोस्रो चरणमा तीन सय ९६, तेस्रोमा एक सय ५८, चौथोमा ३३, पाँचौँमा २८, छैटौँमा ३०, सातौँमा ३४, आठौँमा ३६ र नवौँ चरणमा ५० जना कामदारसँग सम्झौता गरेको छ ।

विभागले इजरायल रोजगारीका लागि १६ सय जनाको अन्तिम छनोट गरेको छ । भाषा परीक्षा र अन्तर्वार्ताबाट विभागले रोजगारीका लागि अन्तिम सूची सार्वजनिक गरेको हो । जसमा ७० प्रतिशत महिला छन् भने ३० प्रतिशत पुरुष रहेका छन् ।


बोलपत्र आह्वानको सूचना
नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
औषधि व्यवस्था विभाग
**राष्ट्रिय औषधि प्रयोगशाला**
बिजुलीबजार, काठमाण्डौ

**प्रयोगशाला उपकरणहरूका लागी Battery Backup खरिदका लागि बोलपत्र आव्हानको सूचना**

(सूचना प्रकाशित मिति: २०७८/०९/२७ गते)

१. राष्ट्रिय औषधि प्रयोगशाला योग्य बोलपत्रदाताहरुबाट, राष्ट्रिय स्तरको खुल्ला बोलपत्र प्रक्रिया अन्तर्गत प्रयोगशाला उपकरणहरुका लागी Battery Backup खरिदका लागि बोलपत्र आव्हान गर्दछ ।

२. योग्य बोलपत्र दाताहरुले यस सम्बन्धी थप जानकारीको लागि वा बोलपत्र सम्बन्धी कागजातहरु हेर्न (अध्ययन गर्न) चाहेमा, यस कार्यालयको निम्न ठेगानामा सम्पर्क राख्न सक्नेछन्:
राष्ट्रिय औषधि प्रयोगशाला, बिजुलीबजार ।
टेलिफोन: ४७८१२६९ र website:www.nml.gov.np

३. योग्य बोलपत्रदाताले बोलपत्र सम्बन्धी कागजातहरु राष्ट्रिय औषधि प्रयोगशाला, बिजुलीबजारबाट लिखित निवेदन पेश गरी मिति २०७८।१०।२६ गते सम्म कार्यालय समय भित्र यस प्रयोगशालाबाट प्राप्त गर्न सक्नेछन् । यस्तो निवेदनको साथमा आवश्यक कागजात सहित बोलपत्र दस्तुर रु ३०००।-(फिर्ता नहुने गरि) राष्ट्रिय वाणिज्य बैंकमा प्रयोगशालाको कार्यालय कोड नं ३७००२३५०२, खाता नं.१०००२०००१००००, राजश्व शिर्षक नं १४२२९ मा दाखिला गरेको सक्कलै भौचर पेश गरि प्राप्त गर्न सक्नेछन् ।

४. बोलपत्र जमानत वापत तपशिलमा उल्लेखित रकममा नघटाई को.ले.नि.का., समन्वय कार्यालय, बबरमहलको धरौटी खाता नं.१२०१२००००१००२५२४ तथा यस प्रयोगशालाको कार्यालय कोड नं ३७००२३५०२ मा दाखिला गरेको सक्कलै भौचर वा कम्तीमा १२० दिन म्याद भएको (बोलपत्र बुझाउने अन्तिम मिति देखि) बैंक ग्यारेन्टी (बिड बण्ड) बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

५. शिलबन्दी गरिएको बोलपत्र राष्ट्रिय औषधि प्रयोगशाला, बिजुलीबजारमा मिति २०७८।१०।२७ गते, १२:०० बजे भित्र बुझाउनु पर्नेछ । पेश भएका बोलपत्ररु उपस्थित हुन चाहेका बोलपत्रदाता वा नीजको प्रतिनिधिको रोहबरमा राष्ट्रिय औषधि प्रयोगशाला, बिजुलीबजारमा मिति २०७८।१०।२७ गते, २:०० बजे खोलिनेछ । बोलपत्र खोलिएको दिन देखि गणना हुने गरी कम्तिमा ९० दिनसम्मको लागि बोलपत्र मान्य हुनेछ ।

६. बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन माथि उल्लेख गरिएको मिति र समयमा बोलपत्र पेश गर्ने र खोल्ने अन्तिम मिति कायम हुनेछ । यस्तो अवस्थामा बोलपत्र र जमानतको मान्य अवधि भने साबिककै मितिदेखि गणना गरिने छ ।

७. कुनै वा सबै बोलपत्र, पुरै वा आंशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार यस प्रयोगशालामा निहित रहने छ ।

८. यस सूचनामा उल्लेख भएका बाहेकका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ तथा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

| ठेक्का नं. | Items | बोलपत्र जमानत रकम रु. | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|
| GoN/NML/NCB/01/078-079 | प्रयोगशाला उपकरणहरु HPLC, AAS, GC, Cold room तथा अन्य उपकरणहरुका लागी Battery Backup खरिद, व्यवस्थापन तथा जडान । | 53,855/- | 3,000/- |

कोरोनाविरुद्ध सचेतना
रुघाखोकी लागेका व्यक्तिसँग दूरी कायम गर्नुस्



# बुटवल पावर कम्पनीको २० प्रतिशत लाभांश पारित

**नयाँ पत्रिका**
**काठमाडौं, २६ पुस**



बुटवल पावर कम्पनी लिमिटेडले सेयरधनीका लागि प्रस्ताव गरेको २० प्रतिशत लाभांश पारित भएको छ। कम्पनीको २९औँ वार्षिक साधारणसभाले सेयरधनीलाई १० प्रतिशत बोनस सेयर तथा १० प्रतिशत नगद लाभांश प्रदान गर्ने प्रस्ताव पारित गरेको हो।

अध्यक्ष पद्‌म ज्योतिको अध्यक्षतामा बसेको साधारणसभाले सञ्चालक समितिको प्रतिवेदन, आव ०७७/७८ को लेखापरीक्षण प्रतिवेदनसहितका वित्तीय विवरणहरू, लेखापरीक्षण समितिको सिफारिसबमोजिम आव ०७८/७९ को लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गर्ने, बोनस सेयर वितरणका लागि चुक्ता पुँजी वृद्धि गर्नेलगायत सबैका प्रस्तावहरू पारित गरेको जनाइएको छ। बोनस सेयर जारी भएसँगै कम्पनीको चुक्ता पुँजी तीन अर्ब २४ करोड ६३ लाख रुपैयाँ पुग्ने कम्पनीले जनाएको छ।

कम्पनीले प्रत्यक्ष रूपमा सञ्चालन गर्दै आएका ९.४ मेगावाटको आँधीखोला र १२ मेगावाटको झिमरुक जलविद्युत्‌गृहहरू नियमित रूपमा सञ्चालन भइरहेको जनाएको छ। साथै, सहायक तथा सम्बद्ध कम्पनीहरूमार्फत सञ्चालित चार मेगावाटको खुदी जलविद्युत्‌गृह र ६० मेगावाटको खिम्ती प्रथम जलविद्युत्‌गृहको सञ्चालन सुचारु रूपमा हुँदै आएको जनाइएको छ। खिम्ती आयोजनाको स्वामित्वको आधा हिस्सा जुलाई २०२० देखि नेपाल विद्युत् प्राधिकरणमा गएको प्रतिवेदनमा उल्लेख छ।

निर्माणको चरणमा रहेको ३० मेगावाटको न्यादी जलविद्युत् आयोजनाको निर्माण सम्पन्न भई प्रसारणलाइन तथा सबस्टेसनको अभावले विद्युत् उत्पादन तथा वितरण ढिलाइ हुन गएको कम्पनीले जनाएको छ। ३७.६ मेगावाटको काबेली 'ए' जलविद्युत् आयोजनामा विश्व बैंकले हात झिकेका कारण सन् २०२० को सुरुदेखि नै निर्माण कार्य स्थगित भएको जनाइएको छ। तीन चिनियाँ लगानीकर्तासँगको संयुक्त लगानीमा मर्स्याङ्दी नदीमा निर्माणको चरणमा रहेका अयोजनाहरूमा एक सय ३५ मेगावाटको मनाङ-मर्स्याङ्दी जलविद्युत् आयोजना, एक सय ३९.२ मेगावाटको तल्लो मनाङ-मर्स्याङ्दी जलविद्युत् आयोजना र तीन सय २७ मेगावाटको माथिल्लो मर्स्याङ्दी दोस्रो जलविद्युत् आयोजना क्यासकेड अवधारणामा निर्माण गर्न लागिएको प्रतिवेदनमा उल्लेख छ। निर्माणको तयारीमा रहेको ७.९ मेगावाटको चिनो खोला जलविद्युत् आयोजनाले सुरुमा मर्स्याङ्दी क्यासकेड आयोजनाहरू निर्माणका लागि आवश्यक विद्युत् अपूर्ति गर्ने र सोपश्चात् नेपाल विद्युत् प्राधिकरणसँग विद्युत् बिक्री गर्ने गरी तयारी अघि बढाइएको कम्पनीले जनाएको छ। एक सय ६० मेगावाटको मुगु कर्णाली जलविद्युत् आयोजना र ७ मेगावाटको झिमरुक सौर्य आयोजना अध्ययनका क्रममा रहेको जनाइएको छ।

# सेयर बजारमा दोहोरो अंकको वृद्धि
# फाइनान्सतर्फ लगानीकर्ताको आकर्षण

**नयाँ पत्रिका**
**काठमाडौं, २६ पुस**




साताको दोस्रो कारोबार सोमबार नेप्से सूचक दोहोरो अंकले बढेको छ। नेप्से सूचक १९ दशमलव ४३ ले बढेर दुई हजार सात सय ८४ दशमलव ९५ बिन्दुमा पुगेको छ। त्यस्तै, 'क' वर्गको कम्पनीमापक सेन्सेटिभ इन्डेक्स तीन दशमलव १६ पाँच सय २२ दशमलव ५३ बिन्दुमा पुगेको छ।

निरन्तर बढेको नेप्से सूचकले लगानीकर्ता उत्साहित बनेका छन्। मार्केट बुलिसतर्फ फर्किएपछि लगानीकर्ताले लगानी बढाएका छन् भने नाफा बुक गर्दा कारोबार रकममा पनि सुधार आएको छ। अर्कोतर्फ करोना संक्रमणको दर बढ्न थालेपछि बिस्तारै सेयर बजारमा लगानी बढाउनेको संख्या पनि बढेको छ। जसको असर पनि सेयर बजारमा परेको अनुमान लगानीकर्ता बताउँछन्। केन्द्रीय बैंकले कर्जा सहजीकरणका नीतिहरू अघि सारेको छ। दोस्रो त्रैमासको अन्तिम साता भएकाले पनि सेयर बजारमा प्रभाव हुने विश्लेषण पनि लगानीकर्ताको रहेको छ।

यस दिन कारोबार आएका १० वटा समूहका सूचक सकारात्मक रहेका छन् भने तीनवटा समूहका सूचक नकारात्मक बन्न पुगेका छन्। अन्य समूह, फाइनान्स समूह, जीवन बिमा निर्जीवन बिमा समूहमा लगानीकर्ताको आकर्षण बढेको छ।

**तीन कम्पनीको सेयर मूल्य सर्किट मूल्यमा कारोबार**

यस दिन एक सय ११ स्क्रिप्टको सेयर मूल्य बढेको छ भने ७० वटा स्क्रिप्टको सेयर मूल्य घटेको छ। तीन कम्पनीको सेयर सर्किट मूल्यमा कारोबार भएको छ। मध्यभोटेकोसी जलविद्युत् कम्पनी, युनियन हाइड्रोपावर, कर्पोरेट डेभलपमेन्ट बैंकको सेयर मूल्य १० प्रतिशतले बढेर सर्किट मूल्यमा कारोबार भएको छ। चन्द्रागिरि हिल्स, कुमारी बैंक, नेपाल बंगलादेश बैंकको सेयर मूल्य २ प्रतिशतभन्दा बढीले घटेको छ।

धितोपत्र र ऋणपत्र गरी कारोबारमा आएका दुई सय ३६ स्क्रिप्टको एक करोड ४२ लाख कित्ता-इकाइ सेयर खरिद-बिक्री हुँदा सात अर्ब १२ करोड बढीको कारोबार भएको छ। जसमध्ये सर्वाधिक कारोबार गोर्खाज फाइनान्सको भएको छ भने नेपाल दूरसञ्चार कम्पनी, हाइड्रो इलेक्ट्रिसिटी हाइड्रोपावर कम्पनी, अपि पावर कम्पनी, नेसनल हाइड्रोपावर कम्पनीको सेयर २२ देखि १८ करोड रुपैयाँसम्मको कारोबार भएको छ।

## तपसिलका ऋणीलाई कर्जा चुक्ता गर्न आउने बारे ३५ (पैंतीस) दिने सार्वजनिक सूचना
प्रकाशित मिति २०७८/०९/२७ मंगलबार

यस बैंकको मुख्य शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीले घर कर्जा तथा कर्मचारी सामाजिक कर्जा कर्जा शिर्षक अन्तर्गत लिएको कर्जा तथा बैंकिङ्ग सुविधाको साँवा, ब्याज र अन्य दैदस्तुर समेत यस बैंकसँग गरेको शर्त कबुलियत बमोजिम समय समयमा तिर्न बुझाउनु पर्नेमा सो नतिरी नबुझाएको हुँदा कर्जा चुक्ता भूक्तान गर्ने सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सो को बेवास्ता गरी बैंकलाई तिर्न बुझाउनु पर्ने रकम नतिरी नबुझाई कर्जा तथा बैंकिङ्ग सुविधा सम्बन्धी शर्त बन्देज उल्लंघन गरेकाले कर्जा चुक्ता गर्नको लागि यो ३५ दिने सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले **३५(पैंतीस)** दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिएको कर्जा तथा बैंकिङ्ग सुविधाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैदस्तुर समेत चुक्ता भूक्तान गर्नु होला। सो म्यादभित्र ऋणीले आफुले लिएको कर्जा तथा बैंकिङ्ग सुविधाको साँवा, ब्याज तथा अन्य दैदस्तुर चुक्ता भूक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैंकको नियम, प्रचलित कानून बमोजिम यस बैंकसंग भए गरेको लिखत अनुसार ऋणी, प्रोप्राईटर/संचालक तथा व्यक्तिगत जमानतकर्ता समेतलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा राखि कानूनी कारवाही गरी बैंकको लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही अगाडी बढाइनेछ। ३५ दिन भित्र कर्जा असुल उपर नभएमा धितोमा रहेको अचल सम्पत्ति शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री प्रक्रिया अगाडी बढाई असुल उपर गरिनेछ। बोलपत्र प्राप्त भई वा नभई धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा बैंकले उल्लेखित सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा ग्रहण गर्न सक्नेछ। धितोको सम्पत्ति लिलाम बिक्री भई वा गैर बैंकिङ्ग सम्पत्तिको रुपमा ग्रहण भई वा नभई कर्जाको सम्पूर्ण साँवा, ब्याज र हर्जना लगायतको रकम असुल उपर हुन नसकेमा बाँकी लेना रकम असुल उपर गर्न ऋणी तथा व्यक्तिगत जमानतकर्ता उपर ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ। साथै धितो लेखीदिने र व्यक्तिगत जमानी दिनु हुने सम्पूर्ण महानुभावहरुले समेत यसै सूचनाबाट जानकारी लिनु हुन सूचित गरिन्छ।

**तपसिल**

**ऋणी : सुवास चन्द्र पौडेल**

| ऋणीको विवरण | जमानतकर्ताको विवरण |
| --- | --- |
| **सुवास चन्द्र पौडेल**<br>ना.प्र.प.नं. : १०२४/०४६<br>जारी मिति : २०४६/९/४<br>जिल्ला : काठमाण्डौ<br>बाबु : पूर्ण चन्द्र पौडेल<br>बाजे : रुद्र शंकर पौडेल<br>पत्नि : देवी कुमारी आचार्य<br>ठेगाना : काठमाण्डौ जिल्ला का.म.न.पा.वडा नं.२९, भई हाल काठमाण्डौ जिल्ला का.म.न.पा.वडा नं.२६, रानीवारी।  | **देवी कुमारी आचार्य**<br>ना.प्र.प.नं. : ४०३९<br>जारी मिति : २०४८/६/२०<br>जिल्ला : पर्वत<br>बाबु : पदम प्रसाद आचार्य<br>ससुरा : पूर्ण चन्द्र पौडेल<br>पति : सुवास चन्द्र पौडेल<br>ठेगाना : पर्वत जिल्ला बाजुङ गा.वि.स वडा नं. ०५ भई हाल काठमाण्डौ जिल्ला का.म.न.पा.वडा नं.२६, रानीवारी।  |

**धितोमा रहेको सम्पत्तिको विवरण**

**देवी कुमारी आचार्यको** नाममा मालपोत कार्यालय ललितपुरमा दर्ता श्रेष्ता कायम रहेको ललितपुर जिल्ला गोदावरी न.पा. वडा नं. १० (साविक चापागाउँ गा.वि.स. वडा नं. ८ सीट नं. ८छ) स्थित कित्ता नं. १४२ को क्षेत्रफल १-०-०-० (रोपनी) जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

सिभिल बैंक लिमिटेड
CIVIL BANK LTD.
Class "A" Institution Licensed by Nepal Rastra Bank

**सिभिल बैंक लिमिटेड**
केन्द्रिय कार्यालय
कर्जा असुली तथा संकलन विभाग
सिभिल ट्रेड सेन्टर, सुन्धारा, काठमाडौं
पोष्ट बक्स: ९७९९, फ्याक्स नं.: ४२५१०३६
फोन: ९७७-१-४२५१०१५, ४२५१०८७

राजा रङ्क सबै समान उसको वैषम्य गर्दैन त्यो,
आयो टप्प टिप्यो, लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो,
लाखौं औषधि अस्त्रशास्त्र महिमा देखेर डर्दैन त्यो,
व्याधातुल्य लुकेर चल्दछ सदा मारेर मर्दैन त्यो।

## भावपुर्ण श्रद्धाञ्जली



जन्म:
१९९०/०२/०४

स्वर्गारोहण:
२०७८/०८/१५

### स्व. तुल्सी बहादुर श्रेष्ठ

पञ्चशील बहुउद्देश्यीय सहकारी संस्था लि. को संचालक समितिका उपाध्यक्ष श्री देवेन्द्र प्रसाद श्रेष्ठज्यू तथा यस संस्थाका शेयर सदस्य दिपक श्रेष्ठ र सुरज श्रेष्ठज्यूको पुजनीय पिता **श्री तुल्सी बहादुर श्रेष्ठ** को स्वर्गारोहण भएकोमा गहिरो दु:ख प्रकट गर्दै आज १३औं दिनको पुण्यतिथीमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै उहाँ प्रति **भावपुर्ण श्रद्धाञ्जली** अर्पण गर्दछौं।

साथै उहाँको निधनबाट शोकाकुल परिवारजन तथा आफन्तजनहरुमा धैर्य धाराण गर्ने शक्ति प्रदान गर्न ईश्वरसँग प्राथना गर्दै शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

पञ्चशील बहुउद्देश्यीय सहकारी संस्था लि.
PANCHASHIL MULTIPURPOSE CO-OPERATIVE LTD.

# कृषि कर्जा मेला तथा कृषि लगानीसम्बन्धी संवाद कार्यक्रममा नबिलको सहकार्य



**नयाँ पत्रिका**
**काठमाडौं, २६ पुस**

नबिल बैंकले चितवनमा आयोजना हुन लागेको 'कृषि कर्जा मेला' तथा 'कृषि लगानीसम्बन्धी राष्ट्रिय संवाद' कार्यक्रममा आयोजक आर एन्ड डी इनोभेटिभ सोलुसन्स् प्रालिसँग सहकार्य गर्ने भएको छ। बैंकले सहकार्यका लागि आयोजकसँग सम्झौता गरेको हो।

५ देखि ८ माघमा चितवन एक्स्पो सेन्टरमा आयोजना हुने पाँचौं राष्ट्रिय कृषि यन्त्रीकरण प्रदर्शनीमै एकैसाथ 'कृषि कर्जा मेला' तथा 'कृषि लगानीसम्बन्धी राष्ट्रिय संवाद'को आयोजना हुने भएको हो। मेलामा किसान, उद्यमी, कृषि व्यापारी, प्रविधि प्रदायक, वित्तीय संस्थाहरू र नीति-निर्मातालगायतका कृषिसम्बन्धी सम्पूर्ण सरोकारवालालाई एउटै थलोमा ल्याउने उद्देश्य रहेको जनाइएको छ।

संवाद कार्यक्रममा कृषि लगानीसम्बन्धी समस्याहरू समाधान गर्न वित्तीय संस्था, नीति-निर्माता, किसान र स्थानीय सरकारहरूबीचको व्यावहारिक अनुभवका आधारमा खुला र रचनात्मक छलफललाई प्राथमिकता दिइने बैंकले जनाएको छ। कृषि लगानीसम्बन्धी राष्ट्रिय संवादको प्रस्तुति गर्न पाउँदा नबिल बैंक गौरवान्वित भएको साना तथा मझौला उद्यम तथा लघुवित्त कर्जा विभाग प्रमुख नीरजकुमार बस्नेत (डनिल)ले बताए। संवाद कार्यक्रममा कृषि क्षेत्रका सबै सरोकारवालाहरूलाई एउटै थलोमा रहेर बैंकिङ संस्थाको कर्जा आवेदन प्रक्रिया र कार्यविधि, किसानहरूले भोग्ने समस्या र नीति-नियमबीचको अन्तर, किसानहरू, उद्यमीहरू र कृषि व्यापारीहरूको वास्तविक आवश्यकता पूरा गर्न आवश्यक नीतिहरू परिमार्जन गर्न नियामक संस्थाहरूको विचार सम्प्रेषण गर्ने वातावरण तथा अवसर प्रदान हुने उनको भनाइ छ।

सहकार्यका लागि नबिल बैंकका नीरजकुमार बस्नेत (डनिल) र आर एन्ड डी इनोभेटिभ सोलुसन्स्की अध्यक्ष सुनीता न्हेम्हाफुकीले सम्झौतापत्रमा हस्ताक्षर गरेका छन्। हाल बैंकले देशभरमा एक सय ३५ शाखा, एक सय ८८ एटिएम र एक हजार पाँच सयभन्दा बढी नबिल रेमिट एजेन्टमार्फत सेवा दिइरहेको जनाएको छ।

# एनबी बैंकको वित्तीय साक्षरता

**काठमाडौं**/ नेपाल बंगलादेश बैंकको भोजपुर शाखाले स्थानीय भोजपुर बहुमुखी क्याम्पसमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरेको छ। नेपाल राष्ट्र बैंकको 'वित्तीय साक्षरता नीति'लाई अवलम्बन गर्दै गरिएको कार्यक्रममा एक सय ७० विद्यार्थीलाई वित्तीय सेवा सम्बन्धमा जानकारी गराइएको थियो। कार्यक्रममा नगदरहित विद्युतीय भुक्तानी प्रणालीलाई प्रवर्द्धन गर्ने नेपाल राष्ट्र बैंकको नीतिलाई सफल बनाउने उद्देश्यसहित नेपाल बंगलादेश बैंक भोजपुर शाखाका शाखाप्रमुख विनोद पाण्डेले विद्युतीय भुक्तानी प्रणालीको प्रयोगका बारेमा विद्यार्थीलाई जानकारी गराएको जनाइएको छ।

## हकदावीको सूचना

दोलखा जिल्ला, बागमती प्रदेश, भिमेश्वर न.पा वडा नं.२ बस्ने श्री जुधन प्रधानको नाती, श्री मान कृष्ण प्रधानको छोरा, श्री द्वारिका मान प्रधानको मिती २०७८/०९/०६ गतेका दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको खाता नं ०१२०५०३०१७४६७३, ०१७०५११०२५४९४६ मा भएको सम्पूर्ण रकम समेत निजको छोरा दिपेनमान सिंह प्रधान ले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सवुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ८१ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ।

नेपाल इन्भेष्टमेण्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.

शाखा कार्यालय
पुतलीसडक, काठमाडौं
फोन न.:- ४४२०५५०
फ्याक्स :-४४१७९७७

## हकदावीको सूचना

काभ्रेपलान्चोक जिल्ला, रोशी गाउँपालिका वडा नं. ६ मा बस्ने श्रीमती प्रमिला देवी घिमिरेको मिति २०७८/०१/२३ गतेका दिन मृत्यु भएकोले निजको नाममा रहेको चल्ती खाता नं.००१०१०१०२८७१०४ को मौज्दात तथा निजले यस बैंकबाट लिनु भएको सम्पूर्ण सुन कर्जा चुक्ता गरी सो कर्जाको सुरक्षण वापत निजले राख्नु भएको सम्पुर्ण सुनका गहनाहरु उपलब्ध गराई पाउँ भनी निजको श्रीमान दिपक मैनालीले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त खाता तथा सुनका गहना उपर निवेदक बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सवुद प्रमाण सहित दावी गर्न आउनु हुन यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा सम्बधित सबैलाई सूचित गरिन्छ।

नेपाल इन्भेष्टमेण्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.

प्रधान कार्यालय
दरवारमार्ग, काठमाण्डौं
फोन न.:- ४२४२५३०
४२२८२२९
फ्याक्स :- ४२२६३४९
४२२८९२७

# समाजसेवा गर्दै मनाइयो दुगडको जन्मोत्सव

**नयाँ पत्रिका**
**काठमाडौं, २६ पुस**



एमभी दुगड ग्रुपका अध्यक्ष मोतीलाल दुगडको ७५औँ जन्मोत्सव विभिन्न समाजसेवी काम गरी मनाइएको छ। ग्रुपले बृहत् रक्तदान कार्यक्रममार्फत ६ सय ६६ युनिट रगत संकलन, ६३ जनाको निःशुल्क आँखाको शल्यक्रिया, दुई हजार सात सय ३५ वटा बोटबिरुवा वृक्षारोपण, ६४ जना वृद्धाहरूलाई खाना, २५ जना आर्थिक रूपले कमजोर विद्यार्थीलाई उच्च शिक्षा अध्ययनको छात्रवृत्ति घोषणा गरी जन्मोत्सवको प्रथम चरण सम्पन्न गरेको हो।

हालको कोभिड-१९ को संक्रमणको सम्भावनालाई समेत मनन गरी छुट्टै तरिकाले जन्मोत्सव मनाएको ग्रुपले जनाएको छ। भोजभतेर वा अनावश्यक भेटघाटको सट्टा समाजसेवी काम गरी वर्षैभरि जन्मोत्सव मनाउने उद्देश्यले ग्रुपले समाजसेवी कामको पहिलो चरण सम्पन्न गरेको हो। विभिन्न डिपार्टमेन्टल हेडहरूलगायत वरिष्ठ कर्मचारीको सहभागितामा बृहत् छलफलपछि यसप्रकारले जन्मोत्सव मनाइएको ग्रुपले जनाएको छ।

नेपालमा कोभिड संक्रमण देखिएदेखि नै विभिन्न संघ-संस्थाले समय-समयमा आयोजना गरिरहने रक्तदान कार्यक्रमहरू हुन नसक्दा रगतको निकै अभाव देखिएकाले ग्रुपले देशभरि रहेका आफ्ना शाखाहरूबाट ६ सय ६६ युनिट रगत संकलन गरेको जनाइएको छ। जन्मोत्सवकै पूर्वसन्ध्या पारेर एमभी दुगडको आयोजनामा १८ देखि २३ पुससम्म सोलुखुम्बु र रामेछापको गोकुलगंगा, रस्नालु, प्रीति उमाकुण्ड, भण्डार हस्पिटल, गुम्देल हेल्थपोस्ट, चौलाखर्क हस्पिटल र एमभी दुगड ग्रुप-हाइड्रो डिभिजन, किन्जा सिटी हाउजिङ गरी ६ स्थानमा निःशुल्क आँखा शिविर गरिएको ग्रुपले जनाएको छ। ज्येष्ठ नागरिक बढी लाभान्वित भएको उक्त शिविरमा नौ सय ५० जनाले आँखा जाँच गरेका थिए। जसमध्ये ६० जनाको मोतियाबिन्दुको र तीनजनाका आँखामा मासु पलाएको समस्याको सफल शल्यक्रिया गरिएको ग्रुपले जनाएको छ।

त्यसैगरी, दुगडका सम्पूर्ण कर्मचारीले देशव्यापी रूपमै वृक्षारोपण कार्यक्रम आयोजना गरी दुई हजार सात सय ३५ वटा आँप, केरा, लिची, अम्बा, अमला, असोका, तेजपत्ता, निम, पीपल, कपुर, मेवा, धुपी, मलेसियन साल, अनार, सरिफा, रुद्राक्ष, सपाटुलगायतका बोट रोपिएको जनाइएको छ। वृक्षारोपण सार्वजनिक ठाउँहरू, स्कुल, मन्दिरपरिसर, सडकछेउमा, काठमाडौं र हेटौंडा औद्योगिक क्षेत्रपरिसरभित्र, डोलेश्वर महादेव र सम्पूर्ण एमभी दुगडका शाखाहरूमा गरिएको ग्रुपले जनाएको छ। दोस्रो चरणको वृक्षारोपण पनि छिट्टै आयोजना हुने र रोपिएका वृक्षहरूको सही हेरचाहको जिम्मा पनि एमभी दुगड परिवारले नै लिएको जनाइएको छ।

त्यस्तै, वीरगन्जमा अवस्थित मानवसेवा आश्रमका ६४ वृद्धाहरूलाई वीरगन्ज अवस्थित एमभी दुगड परिवारले खाना खुवाएको जनाइएको छ। ग्रुपका उपाध्यक्ष विवेक दुगडले बुबाको जन्मेत्सवमा सामूहिक पार्टी, भोजभतेरलाई निरुत्साहित गर्दै, उच्च शिक्षा अध्यन पूरा गर्ने सपना बोकेका, तर आर्थिक स्थितिले अध्ययन गर्न नपाएका २५ जना विद्यार्थीको उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्तिको घोषणा गरेको जनाइएको छ।

# आयातलाई नियन्त्रणको सट्टा व्यवस्थित गर्न चेम्बरको आग्रह



**नयाँ पत्रिका**
**काठमाडौं, २६ पुस**

नेपाल चेम्बर अफ कमर्सले आयातलाई नियन्त्रण गर्नभन्दा पनि व्यवस्थित गर्ने नीति ल्याउन नेपाल राष्ट्र बैंकसँग आग्रह गरेको छ। चालू पुँजी कर्जासम्बन्धी मार्गदर्शन २०७८ बारे १६ बुँदे सुझाब दिने क्रममा चेम्बर पदाधिकारीले गभर्नर महाप्रसाद अधिकारीलाई भेटी निर्यात प्रवर्द्धन गर्ने नीति ल्याउन आग्रह गरेका हुन्।

भेटमा चेम्बरका अध्यक्ष राजेन्द्र मल्लले निर्यात प्रवर्द्धन हुन नसक्दा व्यापार घाटा उच्च भएको बताए। आयात नियन्त्रण सम्बन्धमा राष्ट्र बैंकले केही समयपहिले जारी गरेको परिपत्रले व्यापारीहरू मर्कामा परेको मल्लको भनाइ थियो।

एलसी खोल्दा शतप्रतिशत मार्जिन राख्नुपर्ने व्यवस्थाले परम्परागत प्रकृतिका व्यवसायलाई समस्या भएको र बैंक वित्तीय संस्थालाई मात्रै फाइदा पुग्ने खालको भएकाले व्यावहारिक पाटो बुझिदिन मल्लले आग्रह गरे। निर्यात सम्भावना भएका वस्तुहरूको पहिचान प्रवर्द्धन गर्ने विषयमा सोच्नुपर्ने उनको भनाइ छ।

पछिल्लो समय बैंक तथा वित्तीय संस्थाले तरलता समस्या देखाएर उद्योगी-व्यापारीलाई दुःख दिन थालेको चेम्बर पदाधिकारीले गभर्नर अधिकारीसँग गुनासो गरेका थिए। बैंक वित्तीय संस्थाले विभिन्न शीर्षक तथा बेस रेटमै बढी ब्याज असुल्न थालेको उनीहरूको गुनासो थियो। अर्थतन्त्रका अधिकांश सूचकहरू नकारात्मक रहेको अवस्थामा राष्ट्र बैंकले समयमै उपयुक्त व्यवस्था गर्न नसके अर्थतन्त्र जोखिमको बाटोमा जान सक्ने भन्दै अध्यक्ष मल्लले गभर्नर अधिकारीको ध्यानाकर्षण गराएका थिए।

गभर्नर अधिकारीले भने अर्थतन्त्र जोखिमको अवस्थामा पुगिनसकेको बताए। मुलुकको अर्थतन्त्रमा केही महिना अझै सतर्क भने हुनुपर्ने गभर्नर अधिकारीको भनाइ थियो। अघिल्लो वर्षको तुलनामा आयात तीन खर्ब रुपैयाँले बढ्दा पनि बजारमा तरलतामा चाप परेको गभर्नर अधिकारीको भनाइ थियो। अघिल्लो वर्षको पाँच महिनामा पाँच खर्ब रुपैयाँको आयात हुँदा सोही समयमा अहिले आठ खर्ब रुपैयाँ हाराहारीमा आयात भएकाले तरलतामा चाप परेको गभर्नर अधिकारीले बताए।

# कामना सेवा विकास बैंक र मोको एपबीच सम्झौता

**नयाँ पत्रिका**
**काठमाडौं, २६ पुस**

कामना सेवा विकास बैंक लिमिटेड र मोको एपबीच फोकसवान पेमेन्ट सोलुसन्सको डिजिटल वालेट सुविधा आदान-प्रदान गर्ने गरी साझेदारीपत्रमा हस्ताक्षर भएको छ। साझेदारीपत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत प्रवीण बस्नेत र फोकसवानका प्रमुख कार्यकारी अधिकृत प्रणय राजभण्डारीले हस्ताक्षर गरेका हुन्।

मोको एप नेपालमा पहिलो 'ओपन लुप नन-स्टोर भ्यालु' डिजिटल वालेट भएकाले ग्राहकले सजिलै आफ्नो कार्डको विवरण राखी तुरुन्तै क्युआर कोडका माध्यमबाट विभिन्न मर्चेन्ट आउटलेटहरूमा पेमेन्ट गर्न सक्ने कम्पनीले जनाएको छ। कामना सेवा विकास बैंकका भिसा कार्ड प्रयोगकर्ताले अब मोको एपमा आफ्नो डेबिट कार्ड लिंक गरी खरिद तथा टेलिकम टपअप, इन्टरनेट र बिजुलीको बिललगायतका विभिन्न सेवाहरूको भुक्तानीका लागि प्रयोग गर्न सक्ने बैंकले जनाएको छ। यो सेवा लिन डिजिटल वालेटमा ग्राहकले पटक-पटक ब्यालेन्स लोड गरिरहनुनपर्ने उल्लेख छ।

बैंकले हाल देशभरमा एक सय २९ शाखा, एक एक्सटेन्सन काउन्टर, ७७ एटिएम र एक शाखारहित बैंकिङ सेवामार्फत सेवा दिइरहेको जनाएको छ।

# थलिएको वायुसेवा निगम सुधार्न नयाँ 'बिजनेस प्लान' बनाइँदै

**नयाँ पत्रिका**
**काठमाडौं, २६ पुस**

राष्ट्रिय ध्वजाबाहक नेपाल वायुसेवा निगम (नेवानि)मा पछिल्लो समय सुधारको पहल सुरु भएको छ। ४७ अर्बभन्दा बढी ऋण र दायित्व बोकेको निगमले अर्को महिनादेखि ऋण तिर्न थाल्ने कार्यकारी अध्यक्ष युवराज अधिकारीले बताएका छन्। निगमले चारवटा एयरबस खरिद गर्न कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषसँग ३४ अर्ब ऋण लिएको थियो। तर, नियमित किस्ता बुझाउन नसक्दा साँवा र ब्याज गरी ४२ अर्ब ६६ करोड पुगेको छ।

निगमले चिनियाँ जहाज खरिद गर्न पनि सफ्टलोन लिएको थियो। अहिले निगममाथि ४७ अर्बभन्दा बढी ऋण रहेको कार्यकारी अध्यक्ष अधिकारीको भनाइ छ। 'म कार्यकारी अध्यक्ष भएर आएपछि बिजनेस प्लान बनाइरहेका छौं,' सोमबार संसद्को अन्तर्राष्ट्रिय सम्बन्ध समितिअन्तर्गतको उपसमितिको बैठकमा उनले भने, 'निगमको उत्थानका लागि उपयुक्त कार्ययोजना बनाएर अघि बढ्न सक्छौं।'

उपसमितिले निगमको आर्थिक अवस्थाबारे गरेको छलफलमा पनि कार्यकारी अध्यक्ष अधिकारीले एक महिनाभित्र ऋण तिर्न थाल्ने बताएका छन्। कोभिडको समयमा अघिल्लो सरकारले निगमलाई ५६ वटा मात्रै चार्टर्ड उडानको अनुमति दिँदा निजी कम्पनी हिमालय एयरलाइन्सलाई २३९ उडान गर्न दिइएको सम्झँदै उनले भने, 'निगमले खाली कमाइ गरेन भनेर मात्र हुँदैन, कमाइ गर्ने वातावरण पनि बनाइदिनुपर्छ।'

उनले निजी एयरलाइन्सलाई बढी प्रश्रय नदिनसमेत सरकारलाई आग्रह गरेका छन्। ऋणकै कारण नेपाल एयरलाइन्स खतम भएको मान्न नसकिने उनको जिकिर छ। उनले भने, 'ऋण चुक्ता गर्ने विषयमा हामी छलफल गरिरहेका छौं, उपलब्ध स्रोत-साधनलाई प्रयोग गरिरहेका छौं।'

## 'कर्मचारीको वृत्ति विकासमा लागेका छौं'

निगम व्यवस्थापनले आन्तरिक जनशक्ति उत्पादनका लागि रोकिएका सबै तालिमहरू सुचारु गरेको छ। न्यारोबडी ए-३२० जहाजमा ४ जना इन्स्ट्रक्टर पाइलटको तालिम र वाइडबडी ए-३३० जहाजमा दुईजना क्याप्टेनको तालिम सम्पन्न भइसकेको निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारीले बताए। वाइडबडी र न्यारोबडी जहाज उडाउने योग्य को-पाइलटहरूलाई क्याप्टेनका लागि प्रक्रिया सुरु गरिएको छ। वाइडबडी ए-३३० जहाजका दुईजना पाइलटलाई इन्स्ट्रक्टर ट्रेनिङका लागि कन्फर्मेसन प्राप्त भएको उनले बताए। २० जना कर्मचारीहरूलाई डिजी ट्रेनिङ सम्पन्न गरेको र अन्य एयरलाइन्सलाई पनि डिजी ट्रेनिङ प्रदान गरी आय आर्जन गर्ने प्रक्रिया अगाडि बढाइएको छ।

## रोकिएका उडान सुरु, नयाँ उडान विस्तार

अहिले निगमले दुईवटा ट्विनअटर विमानमार्फत १७ आन्तरिक गन्तव्यहरूमा उडान गरिरहेको छ। त्यस्तै, दुईवटा वाइडबडी र दुईवटा न्यारोबडी जहाजमार्फत नौवटा अन्तर्राष्ट्रिय उडान गरिरहेको अधिकारीले बताए। भारतको दिल्लीमा उडान बढाउन तथा मुम्बई र बैंग्लोरमा रोकिएका उडानहरू सुरु गर्न पनि पहल भइरहेको उनले बताए। अहिले निगमको आन्तरिकतर्फ करिब २ प्रतिशत र अन्तर्राष्ट्रियतर्फ २५ प्रतिशत बजार हिस्सा छ।

## विद्युत् प्राधिकरणका कर्मचारीलाई छुट

निगम र नेपाल विद्युत् प्राधिकरणबीच १९ पुसमा सेवा आदान-प्रदान गर्नेसम्बन्धी सम्झौता भएको छ। निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारीको सक्रियतामा भएको दुईपक्षीय सम्झौतापत्रमा प्राधिकरणका कर्मचारीहरू निगमको उडान हुने देशहरूमा यात्रा गर्दा तथा प्राधिकरणको कार्गो सामान ओसारपसार गर्दा यथासम्भव निगमकै विमान प्रयोग गर्ने उल्लेख छ। यसका लागि प्राधिकरणका कर्मचारी तथा निजका परिवारका सदस्यहरूलाई निगमले अन्तर्राष्ट्रिय उडानमा १५ प्रतिशत छुट दिने तथा कार्गो रेटमा ५ देखि १० प्रतिशत छुट दिने भएको हो। राज्यका दुईवटा संस्थाहरूबीचको आपसी सहकार्यलाई पर्यटनमन्त्री प्रेमबहादुर आले र सचिव महेश्वर न्यौपानेले प्रशंसा गरेका थिए।

## इतिहासमै पहिलोपटक खतराजन्य पदार्थ ढुवानीमा आइकाओको अनुमति

नेपाल वायुसेवा निगमले पहिलोपटक खतराजन्य पदार्थ ओसारपसार गर्ने अनुमति पाएको छ। खतराजन्य कार्गो सामानहरू ढुवानी गर्न पाउँदा थप विदेशी मुद्रा नेपालमा भित्रिने विश्वास निगमको छ। वायुसेवा कम्पनीले खतराजन्य पदार्थ ओसारपसारको अनुमतिका लागि अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (आइकाओ)को एनेक्स-१८ तथा डिओसी ९२८४ मा उल्लेख भएका खतराजन्य पदार्थसम्बन्धी प्रावधानहरू पूरा गर्नुपर्ने हुन्छ। अन्तर्राष्ट्रिय उडान गर्ने निगमका एयरबस ए-३२० र ए-३३० जहाजलाई खतराजन्य पदार्थ ओसारपसारको अनुमति दिइएको निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारीले बताए। निगमको एयरबस ए-३३० जहाजको कार्गो बोक्ने क्षमता करिब १५ टन छ।

## आम्दानीका नयाँ स्रोत पहिचान गर्दै छौं



युवराज अधिकारी
कार्यकारी अध्यक्ष
नेपाल वायुसेवा निगम

निगमको बिजनेस प्लान बनाइरहेका छौं। खर्च कटौती गर्दै आम्दानीका नयाँ स्रोतहरूको पहिचान गर्न लागिपरेका छौं। निगमको टिडिए (भ्यालुएसन) गरिएको रहेछ। एयरपोर्टमा रहेको हाम्रो ३४ रोपनी १३ आना जग्गाको मूल्य डेढ करोडदेखि दुई करोड पर्छ। तर, जम्मा ३४ लाख भ्यालुएसन गरिएको रहेछ। न्युरोडमा १४ रोपनी सात आना छ। त्यहाँ आनाकै ९-१० करोड पर्छ। तर, त्यहाँको जग्गाको भ्यालुएसन दुई करोड गरिएको रहेछ। यसरी निगमको सम्पत्ति, जग्गा-जमिनको मूल्यांकन गरिनुहुन्थ्यो कि हुन्नथ्यो, छलफलको विषय बन्नुपर्छ। निगमको २३ ठाउँमा जग्गा छ।

राष्ट्रिय ध्वजाबाहक हुनाले निगमले श्रमिकहरूका लागि ४० वटा टिकट सस्तो दरमा हरेक फ्लाइटमा उपलब्ध गराउन थालेका छौं। नेपाली सेनाका ठूला चार्टर्डहरू हामीले पाउनुपर्छ भनेर मन्त्रालयलाई आग्रह गरेका छौं। सरकारी कर्मचारीले विदेश जाँदा निगमकै जहाज चढ्नुपर्छ भनेर मन्त्रालयलाई लिखित आग्रह पनि गरेका छौं। सरकारले जेजति गर्छ, त्यो आफ्नो ठाउँमा छ। हामी आफैं पनि एक महिनाभित्र ऋण पेमेन्ट गर्न सुरु गर्दै छौं। साउदी अरेबिया उडान सञ्चालनको तयारी भइरहेको छ। आन्तरिक र अन्तर्राष्ट्रिय उडानमा जहाजहरू थप्ने कार्ययोजना अघि बढाइएको छ। भैरहवा र पोखरामा ग्राउन्ड ह्यान्डलिङको तयारी भइरहेको छ।

## यही मोडालिटीमा निगमले प्रगति गर्दैन : अर्थसचिव

उपसमितिको बैठकमा अर्थसचिव मधु मरासिनीले अहिलेकै मोडालिटीमा निगमले प्रगति गर्न नसक्ने बताएका छन्। बिजनेस प्लानअनुसार निगम व्यवस्थापनले काम गर्न नसकेको बताउँदै उनले निगमले अरू एयरलाइन्ससँग 'टाइअप' गर्ने विकल्पबारे पनि सोच्नुपर्ने बताए। उनले भने, 'साहुबाट लिएको ऋणले ट्रक किनेर मान्छेले तरक्की गर्छन्। यहाँ त सारा चिज जुटाइदिएको छ। त्यति गर्दा पनि साँवा र ब्याज दुवै तिर्न सकेको छैन। यस्तो अवस्थामा एनएसी चल्छ कि चल्दैन, सोच्नुपर्छ।'

बैठकमा निगमका ऋणदाता नागरिक लगानी कोष र कर्मचारी सञ्चय कोषलाई पनि उपस्थित गराइएको थियो। लगानी कोषका कार्यकारी निर्देशक रमण नेपालले संस्थाहरू बचाउन राजनीतिक रूपमा नै प्रयास थालिनुपर्ने बताए। कर्मचारी सञ्चय कोषका निमित्त प्रशासक जितेन्द्र धितालले निगमले योजनाअनुसार बिजनेस नगरेको आरोप लगाए।

# नेपेक्स र मनीकरणबीच अन्तरदेशीय विद्युत् व्यापार सम्झौता

**नयाँ पत्रिका**
**काठमाडौं, २६ पुस**

निजी क्षेत्रबाट स्थापना भएको नेपाल पावर एक्सचेन्ज लिमिटेड (नेपेक्स) र भारतको निजी विद्युत् व्यापार कम्पनी मनीकरण पावर कम्पनीबीच पाँच सय मेगावाट विद्युत् व्यापार गर्ने समझदारीपत्रमा हस्ताक्षर भएको छ। नेपाल पावर मार्केट समिट २०२२ मा भएको सम्झौताअनुसार नेपेक्ससँग मनीकरणले पाँच सय मेगावाट विद्युत् खरिद गरी भारतीय बजारमा बिक्री गर्नेछ। 'समझदारीअनुसार अब नेपेक्सले मनीकरणलाई पाँच सय मेगावाट विद्युत् बिक्री गर्न सक्नेछ,' नेपेक्सका प्रबन्ध निर्देशक आशिष गर्गले भने। उनका अनुसार बर्सातमा खेर गइरहेको विद्युत् भारतीय बजारमा उपयोग हुनेछ। यसले अहिले बर्खामा विद्युत् खेर जाने अवस्थाको अन्त्य गर्ने इप्पानको भनाइ छ।

सोमबार काठमाडौंमा आयोजित नेपाल पावर मार्केट समिट २०२२ मा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालको उपस्थितिमा नेपेक्सको तर्फबाट आशिष गर्ग र मनीकरणको तर्फबाट नबोजितसिंह कल्सीबीच समझदारीपत्रमा हस्ताक्षर भएको हो।

तत्कालका लागि नेपाल विद्युत् प्राधिकरणले विद्युत् खरिद सम्झौता (पिपिए) गरेका आयोजनाबाट उत्पादन भएको विद्युत् खेर जाने गरेकाले प्राधिकरणले नेपेक्सलाई बिक्री गर्ने र नेपेक्सले मनीकरणमार्फत भारतमा बिक्री गर्ने बिजनेस मोडल रहेको उनको भनाइ छ। त्यसका लागि प्राधिकरणसँगै मिलेर अघि बढ्ने इप्पानका अधिकारीहरूले जानकारी दिए। यो परिमाणको विद्युत् मनीकरणले सन् २०२२ देखि खरिद गर्नेछ।

त्यस्तै, नेपालमा विद्युत् खरिद सम्झौता रोकिइरहेको अवस्थामा सीधै मनीकरणसँग पिपिए सम्झौता गर्ने योजना रहेको प्रबन्ध निर्देशक गर्गको भनाइ छ। करिब पाँच सय मेगावाट आयोजनासँग पिपिए गर्ने योजना छ। भारतीय खरिदकर्तासँग १० देखि २५ वर्षसम्मका लागि सीधै पिपिए गर्ने भनिएको छ। त्यस्तै, मनीकरणले नेपेक्समा १५ प्रतिशत सेयर लगानी गर्नेछ र नेपेक्सको रणनीतिक साझेदारका रूपमा रहनेछ। मनीकरणले भारतमा दीर्घकालीन, अल्पकालीन सबै प्रकारको विद्युत् खरिद र बिक्री गर्ने काम गरिरहेको कम्पनी हो।

मनीकरण पावर कम्पनीका प्रबन्ध निर्देशक नबोजितसिंह कल्सीले नेपालमा प्रयोग हुन नसकेको ऊर्जालाई भारतमा प्रयोग हुन सक्ने बताए। 'तत्कालका लागि बढी भएको करिब पाँच सय मेगावाट विद्युत् लिन पाउनेछौं,' उनले भने। मनीकरण भारतमा विद्युत्, प्राकृतिक ग्यास र कोइला व्यापार गरिरहेको कम्पनी हो। यो भारतको निजी क्षेत्रको ठूलोमध्येमा एउटा विद्युत् व्यापार कम्पनी भएको स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था इप्पानका उपाध्यक्ष आशिष गर्गले जानकारी दिए।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले निजी क्षेत्रलाई विद्युत् व्यापारका लागि अनुमति दिने तयारी भइरहेको बताएकी छिन्। नेपाल पावर मार्केट समिटमा बोल्दै उनले निजी क्षेत्रलाई अनुमतिपत्र दिनका लागि कार्यविधि तयारी गरिरहेको बताइन्। 'कार्यविधि तयार गरेपछि निजी क्षेत्र र सरोकारवालालाई बोलाएर छलफल गरिनेछ,' उनले भनिन्। दक्षिण एसियामा प्रतिव्यक्ति विद्युत् खपत न्यून रहेको र १५औं पञ्चवर्षीय योजनामा सात किलोवाट प्रतिव्यक्ति खपत बनाउने सरकारको लक्ष्य रहेको उनले बताइन्। 'त्यसका लागि पाँच हजार मेगावाट विद्युत् उत्पादन गर्नुपर्ने आवश्यकता रहेको छ,' उनले भनिन्। सरकारले बढी विद्युत् खपत गर्ने उद्योगलाई उच्च प्राथमिकता दिएको जानकारी दिइन्।

सम्मेलनमा मुख्य वक्ताका रूपमा भारतका पूर्वऊर्जा सचिव आरभी सिंहले नेपाल र भारतबीच एक हजार मेगावाट क्षमताको विद्युत् व्यापार गर्न सक्ने क्षमता भए पनि अहिले करिब तीन सय मेगावाट मात्र लैजान वा ल्याउन प्रयोग भइरहेको बताए। 'नेपाल आफैंले विद्युत्को प्रयोग गर्नुपर्ने र दक्षिण एसियामा नेपालीको विद्युत् खपत न्यून रहेकाले पनि त्यो आवश्यक छ,' उनले भने।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले चालू आवको बर्खामा पाँचदेखि सात सय मेगावाट विद्युत् खेर फाल्नुपरेको र त्यसको मूल्य साढे दुई अर्बदेखि पाँच अर्ब रुपैयाँ रहेको बताए। आउने वर्ष यसरी नै खेर जाने अवस्था आउन नदिनका लागि काम गर्नुपर्ने शिक्षा पाएको उनले बताए। नेपालमा खेर जाने वेलामा भारतमा विद्युत्को अभाव हुने गरेको र भारतमा धेरै हुने वेला नेपालमा उच्च माग हुने गरेको बताए। यसका लागि प्रभावकारी व्यवस्थापन गर्नुपर्ने बताए। 'आउने वर्ष निर्यात गर्ने विद्युत्को मात्रा बढ्नेछ। त्यसका लागि काम भइरहेको छ। निजी क्षेत्रले पनि प्रयास गरिरहेको छ। यसले पनि निर्यात वृद्धि गर्न सहयोग पुग्नेछ। नेपालको विद्युत् निर्यात हुनेछ,' उनले भने।

# सुपर दोर्दी 'ख'को मुख्य सुरुङ छेडियो

**लमजुङ**/ ५४ मेगावाटको सुपर दोर्दी 'ख' जलविद्युत् आयोजनाको पाँच हजार एक सय ४४ मिटर मुख्य सुरुङ छेडिएको छ। हालसम्म आयोजनाको ८५ प्रतिशत काम सम्पन्न भएको सुपरदोर्दी 'ख'का प्रोजेक्ट डाइरेक्टर अर्जुन गौतमले बताए। गत असारमा आएको बाढीपहिरोले बाँध क्षेत्रको संरचना बगाएसँगै हाल बाँध क्षेत्रको पुनः निर्माणको काम भइरहेको छ। उपकरण जडानको काम पूरा गरी आगामी जेठमा परीक्षण गर्ने लक्ष्य रहेको कम्पनीका प्रबन्ध निर्देशक केशव रायमाझीले बताए। उनले भने, '०७८ पुसबाट विद्युत् उत्पादन गर्ने तयारी गरेको आयोजना बाढी र कोरोनाका कारण निर्माण प्रभावित हुँदा विद्युत् उत्पादन गर्ने मिति पछाडि धकेलिएको हो। पछिल्लो तालिकाअनुसार आयोजनाको सबै काम पूरा गरेर ०७९ असारभित्र उत्पादन सुरु गर्ने लक्ष्य छ।'

सुपरदोर्दी 'ख' जलविद्युत आयोजना सम्पन्न भएपछि उत्पादन हुने विद्युत् दोर्दी करिडोर प्रसारण लाइनको कीर्तिपुर सबस्टेसनमा जोडिनेछ। सबस्टेसनसम्मको आवश्यक प्रसारण लाइन कम्पनी आफैंले निर्माण गरिरहेको छ। ६ किलोमिटर लामो प्रसारण लाइनमा २० वटा टावर रहनेछन्। पाँचवटा टावर निर्माण भइसकेका छन्। आयोजना सम्पन्न गर्न आठ अर्ब ८० करोड लागत अनुमान गरिए पनि निर्माण अवधि लम्बिँदा खर्च बढ्ने प्रोजेक्ट डाइरेक्टर गौतमले बताए। आयोजनामा सानिमा बैंकको अगुवाइमा नौवटा बैंकले पाँच अर्ब ८० करोड रुपैयाँ ऋण लगानी गरेका छन्। आयोजनाको ०७२ सालमा विद्युत खरिद सम्झौता (पिपिए) भएको हो। आयोजनाको ०७३ असारबाट निर्माण कार्य सुरु भएको थियो।


## ग्लोबल आइएमई बैंक लिमिटेड

### धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको सूचना

प्रकाशित मिति : २०७८/०९/२७ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले ऋण कर्जा लिदाका बखत गरेको लिखत तथा सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज, पेनाल व्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित तथा मौखित तरताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान नगरेकोले विभिन्न मितिमा विभिन्न राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋणीहरुले उक्त समयमा पनि कर्जाको साँवा, व्याज नतिरि नवुझाई बसेको हुँदा ऋण कर्जा उपभोग गरे बापत बैंकको नाममा धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्तिहरु जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्र प्रकृयाद्वारा लिलाम विक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएकोले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। उल्लेखित सम्पत्ति खरिद गर्न इच्छुक महानुभावहरुले तपसिलमा उल्लेखित शर्त बन्देजको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन आव्हान गरिन्छ। साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको अन्य घर घरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सवैलाई जानकारी गराइन्छ। साथै संचालक, धितो जमानत तथा व्यक्तिगत जमानत दिनु हुने महानुभावहरुलाई समेत कालोसूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। यसै सूचनालाई आधार मानी ऋणी, धितो जमानत तथा व्यक्तिगत जमानत दिनु हुने व्यक्तिहरुले लिलाम बिक्री हुने दिन अगावै बैंकमा उपस्थित भै सम्पूर्ण बाँकी बक्यौता रकम चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी प्रक्रिया स्थगित गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

**तपसिल**

**अछाम शाखा**

**ऋणीको विवरण**



**शोभा शाही**
ना.प्र.नं. ६९३०४५/३८८, जारी मिति २०६३/१०/१८ जि.प्र.का. अछाम
बाबुको नाम : टेक बहादुर शाही
पतिको नाम : बम बहादुर शाही
ससुराको नाम : लोक राज शाही
स्थायी ठेगाना : विरपथ-०६, अछाम
हालको ठेगाना : कमलबजार न.पा. वडा नं. ०६, गैरीटाँड, अछाम
**कर्जा शिर्षक : आवधिक कर्जा**


**व्यक्तिगत जमानी दिनेको विवरण**



**बम बहादुर शाही**
ना.प्र.नं. १२२९ जारी मिति २०४४/०१/०५ जि.प्र.का. दैलेख
बाबुको नाम : लोक राज शाही
बाजेको नाम : धिर बहादुर शाही
स्थायी ठेगाना : तोलीजैसी-०१, दैलेख
हालको ठेगाना : कमलबजार न.पा. वडा नं. ०६, गैरीटाँड, अछाम



**जगत शाही**
ना.प्र.नं. ६९-०१-७२-०३१४४
जारी मिति २०७२/१०/०७ जि.प्र.का. अछाम
बाबुको नाम : बम बहादुर शाही
बाजेको नाम : लोक राज शाही
स्थायी ठेगाना : बिरपथ-०५, अछाम
हालको ठेगाना : कमलबजार न.पा. वडा नं. ०६, गैरीटाँड, अछाम



**दुर्पता शाही**
ना.प्र.नं. ६९-०१-७३/००८९१ जारी मिति २०७३/०२/२४ जि.प्र.का. अछाम
बाबुको नाम :.टेक बहादुर शाही
पतिको नाम : जगत शाही
ससुराको नाम : बम बहादुर शाही
स्थायी ठेगाना : बिरपथ-०५, अछाम
हालको ठेगाना : कमलबजार न.पा. वडा नं. ०६, गैरीटाँड, अछाम

**धितोको विवरण**

धिर बहादुर शाहीको नाति, लोक बहादुर शाहीको छोरा, बम बहादुर शाहीको नाममा मालपोत कार्यालय, अछाममा दर्ता श्रेस्ता कायम रहेको अछाम जिल्ला, विरपथ गा.वि.स./न.पा. वडा नं. ५ (हाल : कमलबजार न.पा. वडा नं. ६) स्थित कि.नं. ८१ को क्षेत्रफल ६५.०० व.मि. र वडा नं. ६ (हाल : कमलबजार न.पा. वडा नं. ६) स्थित कि.नं. १२५ को क्षेत्रफल १२३५.०० व.मि. को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**हेटौंडा, मकवानपुर शाखा**

**ऋणीको विवरण**

१. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाडौंमा दर्ता नं. १९००६५/७४/०७५ अन्तर्गत मिति २०७५/०२/१० मा दर्ता भएको **शुभकामना क्यारियर्स प्रा.लि**
स्थायी लेखा नं. ६०६७०२९१३, मिति २०७५/०२/१३
दर्ता ठेगाना : हेटौंडा उ.म.न.पा. वडा नं. ११, थानाभर्याङ, मकवानपुर
**संचालक तथा जमानतकर्ता : चन्द्र बहादुर कार्की**
**कर्जा शिषर्क : ओभर ड्राफ्ट कर्जा**



**२. चन्द्र बहादुर कार्की**
ना.प्र.नं. २४/३१७ जारी मिति २०५७/०३/३०
जि.प्र.का. मकवानपुर
बाबुको नाम : कमल बहादुर कार्की
बाजेको नाम : कुल बहादुर कार्की
स्थायी ठेगाना : हेटौंडा-०८, मकवानपुर
हालको ठेगाना : हेटौंडा वडा नं. ०५, सानोपोखरा, मकवानपुर
**कर्जा शिषर्क : हायर पर्चेज कर्जा**

**व्यक्तिगत जमानी दिनेको विवरण**




**दुर्गा देवी कार्की**
ना.प्र.नं. २३/२७९, मिति २०५८/१२/०१
जि.प्र.का. मकवानपुर
बाबुको नाम : नर बहादुर खुलाल
पतिको नाम : चन्द्र बहादुर कार्की
ससुराको नाम : कमल बहादुर कार्की
स्थायी ठेगाना : हेटौंडा-०८, मकवानपुर
हालको ठेगाना : हेटौंडा वडा नं. ०५, सानोपोखरा, मकवानपुर

**धितोको विवरण**

नर बहादुर खुलालको छोरी, कमल बहादुर कार्कीको बुहारी, चन्द्र बहादुर कार्कीको पत्नी, दुर्गा देवी कार्कीको नाममा मालपोत कार्यालय, हेटौंडा, मकवानपुरमा दर्ता श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ८ स्थित कि.नं. १६६८७ र १६६८४ को क्षेत्रफल क्रमशः ०-०-८.५-० र ०-०-१.५-० विगाहा को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत

| सवारी मोडेल | सवारी दर्ता नं. | बनेको साल | च्यासिस नं. | इन्जिन नं. |
|---|---|---|---|---|
| TATA LPT 3118 TC | NA 6 KHA 6586 | 2016 | MAT466420G1R13060 | 61E63519433 |
| TATA LPT 3118 TC | NA 6 KHA 1854 | 2015 | MAT466420F1J23593 | 51J63469741 |

**ऋणीको विवरण**



**३. सुरज काफ्ले**
ना.प्र.नं. ८११३६८९३
जारी मिति २०६३/०२/२१ जि.प्र.का धनुषा
बाबुको नाम : जंग बहादुर काफ्ले
बाजेको नाम : धन बहादुर काफ्ले
स्थायी ठेगाना : सखुवा महेन्द्रनगर वडा नं. १, धनुषा
हालको ठेगाना : हेटौंडा उ.म.न.पा. वडा नं. ८, मकवानपुर

**व्यक्तिगत जमानी दिनेको विवरण**



**अनिता काफ्ले**
ना.प्र.नं. ३१-०१-७३-०६७७६
जारी मिति २०७३/०५/२९ जि.प्र.का. मकवानपुर
बाबुको नाम : प्रेम बहादुर बुढाथोकी
पतिको नाम : सुरज काफ्ले
ससुराको नाम : जंग बहादुर काफ्ले
स्थायी ठेगाना : हेटौंडा उ.म.न.पा. वडा नं. ८, मकवानपुर

**धितोको विवरण**

धन बहादुर काफ्लेको नाति, जंग बहादुर काफ्लेको छोरा, सुरज काफ्लेको नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ८ स्थित कि.नं. ८४३७ र १७३४३ को क्षेत्रफल क्रमशः ०-०-१०-० र ०-०-३-० विगाहा को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत

| सवारी मोडेल | सवारी दर्ता नं. | बनेको साल | च्यासिस नं. | इन्जिन नं. |
|---|---|---|---|---|
| Ashok Leyland AL 3718 IL | NA 6 KHA 3732 | 2016 | MB1NACFD5GRFH3579 | GEHZ400454 |

**जनकपुर, धनुषा शाखा**

**ऋणीको विवरण**



**महेश कुमार साह**
ना.प्र.नं. ३९६९४५७४, जारी मिति २०५५/०८/२९, जि.प्र.का. धनुषा
बाबुको नाम : राम एकवाल साह
बाजेको नाम : नारायण साह
स्थायी ठेगाना : जनकपुर वडा नं. ०७, धनुषा
**कर्जा शिर्षक : घर तथा सवारी साधन कर्जा**

**व्यक्तिगत जमानी दिनेको विवरण**



**हिना कुमारी साह**
ना.प्र.नं. १७११०२/९३७०
जारी मिति २०७०/०८/३०, जि.प्र.का. धनुषा
बाबुको नाम : जगरनाथ साह
पतिको नाम : महेश कुमार साह
ससुराको नाम : राम एकवाल साह
स्थायी ठेगाना : जनकपुर न.पा. वडा नं. ०७, धनुषा



**लक्ष्मी कुमारी साह**
ना.प्र.नं. १७३१०२/क१७८
जारी मिति २०६३/१२/०६, जि.प्र.का. धनुषा
बाबुको नाम : जगबिर साह
पतिको नाम : गणेश प्रसाद साह
ससुराको नाम : राम एकवाल साह
स्थायी ठेगाना : जनकपुर न.पा. वडा नं. ०७, धनुषा



**राम एकवाल साह तेली**
ना.प्र.नं. ३९६९२८३१,
जारी मिति २०२७/११/१९, जि.प्र.का. धनुषा
बाबुको नाम : नारायण साह तेली
बाजेको नाम : विलट साह तेली
स्थायी ठेगाना : जनकपुर वडा नं. ०७, धनुषा



**गणेश प्रसाद साह**
ना.प्र.नं. ३९६९२८५८
जारी मिति २०५१/०४/११, जि.प्र.का. धनुषा
बाबुको नाम : राम एकवाल साह
बाजेको नाम : नारायण साह
स्थायी ठेगाना : जनकपुर न.पा. वडा नं. ०७, धनुषा



**बेचनी देवी**
ना.प्र.नं. ३९६९२८३२, जारी मिति २०४५/०१/१९, जि.प्र.का. धनुषा
बाबुको नाम : गंगा साह
पतिको नाम : राम एकबाल साह
ससुराको नाम : नारायण साह तेली
स्थायी ठेगाना : जनकपुर वडा नं. ०७, धनुषा

**धितोको विवरण**

नारायण साहको नाति, राम एकवाल साहको छोरा, महेश कुमार साहको नाममा मालपोत कार्यालय, धनुषामा दर्ता श्रेस्ता कायम रहेको धनुषा जिल्ला, जनकपुर गा.वि.स./न.पा. वडा नं. ७ स्थित कि.नं. ६२७ र २३ को क्षेत्रफल क्रमशः ०-०-७-१ र ०-०-१३-० विगाहा को घरजग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु :**

१. बोलपत्र आवेदन फाराम यस बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग तथा सम्बन्धित शाखा कार्यालयबाट कार्यालय समय भित्र रु. १,०००/- (पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ।
२. बोलपत्र फारममा आफुले बोलकवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ।
३. माथि उल्लिखित धितो सुरक्षणहरु सम्पूर्ण जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा खरिद गर्न बेग्लाबेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४. बोलपत्रसाथ आफुले कवोल गरेको रकमको कम्तीमा १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको बैंकको गुडफर पेमेन्ट चेक वा बैंकको ड्राफ्ट वा नगद बैकको सम्बन्धित शाखाको Earnest Money Deposit for Auction मा जम्मा गरेको भौचर समेत गोप्य शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नु पर्ने छ। साथै उपरोक्त बमोजिम बोलपत्र पेश गर्दा शिलबन्दी खामको बाहिर पृष्ठमा के कुन सम्पत्तिको लागि बोलपत्र पेश गरेको हो सो कुरा स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्नेछ।
५. बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र, पान दर्ता प्रमाण पत्र, कर दाखिला प्रमाणपत्र तथा कम्पनीको निर्णयको प्रतिलिपि पेश गर्नु पर्नेछ।
६. बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा तोकिएको स्थान र समयमा लिलाम बिक्री सम्बन्धी कार्य हुनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन।
७. लिलाम बिक्री हुने सम्पत्ति सम्बन्धी कागजात र अन्य कुरा बुझ्न हेर्न चाहानु हुने महानुभावहरुले यस बैंकको कर्जा असुली विभाग तथा धितो रहेको नजिकको शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ।
८. बोलपत्र स्वीकृत भएको पत्रको भाखा अवधि भित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ। सम्पत्ति नामसारी भईसकेपछि साबिकको भोगचलनकर्ताबाट हकभोग छुटाइ सकार गर्नेको हकभोग कायम गर्ने दायित्व सम्बन्धित खरिदकर्ताको हुनेछ।
९. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, घरजग्गा कर, पूजीगत लाभकर तथा अन्य शुल्क इत्यादी बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ। स्वीकृत बोलपत्रदाताको नाममा सम्पत्ति दा.खा. गर्दा कुनै कानुनी वा अन्य कारणबाट समयमा नै घर जग्गा नामसारी हुन नसकेमा नामसारी हुन नसकेको अवधिमा बोलपत्रदाताले जम्मा गरेको रकममा कुनै व्याज प्रदान गरिने छैन साथै कानुनी वा अन्य बाधा अडचनहरु समाधान पश्चात् धितो नामसारी गरि हक हस्तान्तरण गरिनेछ।
१०. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लिखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने निर्णय नभए सम्म धरौटी रकम फिर्ता दिइने छैन।
११. रित नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
१२. कारण खुलाई वा नखुलाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
१३. बोलपत्र सदर भई सम्बन्धित स्वीकृत बोलपत्रदाताको नाममा धितो सम्पत्ति नामसारी हुनु अगावै ऋणी वा जमानतकर्ताले सम्पूर्ण रकम बुझाई कर्जा चुक्ता गरेमा वा प्राप्त बोलपत्र बैंकलाई स्वीकार्य नभएमा बोलपत्रहरु रद्द गरी बोलपत्रदाताले बोलपत्र वापत बुझाएको सम्पूर्ण रकम विना व्याज फिर्ता दिइनेछ।
१४. लिलाम बिक्री गर्ने भनिएको उल्लिखित सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरि यस बैंकले आफै सकार गरी सो को स्वामित्व लिन वा पुनः लिलामी प्रक्रियामा लैजान सक्नेछ।
१५. प्राप्त बोलपत्र बैंकलाई चित्तबुझ्दो नलागेमा बोलपत्र दाखिला गर्ने सम्पूर्ण बोलपत्रदातालाई आफुले कबोल गरेको बोलपत्र रकममा थप सहितको रकम अंकित गरी पुनः निवेदन मार्फत कुल सकार रकम सहितको बोलपत्र पेश गर्न निश्चित समय सीमा दिई बैंकले लिखीत अनुरोध गर्न सक्नेछ। यसरी थप सहितको कबोल गरेको अधिकतम कबोल रकममा लिलाम स्वीकार गर्ने नगर्ने सम्पूर्ण अख्तियारी बैंकमा निहित रहनेछ।
१६. लिलाम बिक्री प्रकृयाबाट धितो सकार गर्न स्वीकृत भएको बोलपत्रदाताले लिलाम सकार गर्ने सम्पत्ति खरिद गर्न कर्जा माग गरेमा बैंकको आन्तरीक नियम तथा प्रचलित ऐन कानूनको अधिनमा रहि Auction Finance को सुविधा प्रदान गर्न सकिनेछ। यस सम्बन्धमा निर्णय गर्ने पूर्ण अधिकार बैंकमा निहित रहनेछ।
१७. अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति : २०७८/१०/११, बोलपत्र खोलिने मिति : २०७८/१०/१२, समय : दिउसो ३:०० बजे**
**स्थान : सम्बन्धित शाखामा**

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

**रजिष्टर्ड/कर्पोरेट कार्यालय कमलादी, काठमाडौं**
**फोन नं.: ०१-४२२८६७१/४२२६२४७**
**ग्लोबल कनेक्ट : ०१-५९७०६००**
**[ICRANP-IR] A रेटिङ्ग प्राप्त**

# परिवारले 'माया मारेकी' सुनमाया यसरी बनिन् अल्ट्रारेस च्याम्पियन

बाल्यकालमा मृत्यु जितेकी सुनमाया अहिले संसार जित्ने लक्ष्य लिएर दौडिरहेकी छिन्

आमाबालाई आफूले देश-विदेशमा कुदेको देखाउन मन छ। कहिल्यै जहाज नचढेका उनीहरूलाई जहाज चढाएर खुसी दिने मन छ।

● मानदत्त रावल



जुम्ला पातारासी गाउँपालिका-५ की सुनमाया बुढा अल्ट्रा रेसमा संसार जित्ने सपना बुन्दै छिन्। विपन्न परिवारमा हुर्केकी सुनमायाले हालै थाइल्यान्डमा सम्पन्न ११० किलोमिटर दूरीको दौड जितिन्। यही जितले उनलाई संसार जित्ने सपना देखाएको हो।

उनको बाल्यकाल निकै दुःखमय थियो। उनी परिवारको एक छोरा र सात छोरीमध्ये पाँचौँ सन्तान हुन्। एक वर्षको फरकमै बहिनी जन्मिएपछि उनले आमाको दूध राम्रोसँग खान पाइनन्। दुब्लाउँदै जान थालिन्। उनी भन्छिन्, 'गाउँका मान्छे यसलाई त कुपोषण लाग्यो भन्थे रे।' जुम्ला सदरमुकामबाट चार घन्टा पैदल दूरीको पातारासीमा अस्पताल थिएन। त्यतिवेला अहिले जस्तो सडक पनि थिएन। सडक नै नभएपछि सवारीसाधन हुने सम्भावना नै भएन। खेती किसानी गर्ने सामान्य परिवारले दुब्लाउँदै गएकी छोरीलाई उपचार गर्न सदरमुकाम लैजाने आँट पनि गर्न सकेन।

अस्पताल लैजान नसके पनि उनकी आमाले ओछ्यान परेकी छोरीको घरेलु उपचारमा कुनै कसर बाँकी राखिनन्। आठ-नौ महिनाको घरेलु उपचारले काम गर्‍यो र उनी तंग्रिन थालिन्। आमाबुबाले समेत 'माया मारेकी' सुनमाया बाँच्छिन् भन्ने अरूले त कल्पनासमेत गरेका थिएनन्। बल्लतल्ल बाँचेकी सुनमाया अहिले परिवार र गाउँको मात्रै होइन, देशकै हिरा बनेर संसारमा चम्किरहेकी छन्।

दुई साताअघि थाइल्यान्डको चाङमाईमा भएको थाइल्यान्ड बाई युटिएमबी अल्ट्रा रेसमा उनी महिलातर्फ पहिलो भइन्। उनले ११० किलोमिटर दौडतर्फ पुरुष खेलाडीहरूलाई समेत टक्कर दिइन्। अल्ट्रातर्फकै ठूलोमध्ये एक युटिएमबी दौडमा पुरुष र महिलातर्फ समग्र नतिजामा उनी तेस्रो भइन्।

थाइल्यान्डको चाङमाई क्षेत्रको भिरपाखा र डाँडाको ५४ सय ८० मिटर उचाइमा नर्थफेस टिमबाट दौडिएकी सुनमाया समग्रमा दोस्रो भएका फ्रान्सका सेड्रिक गोलियाभन्दा चार सेकेन्डले मात्र पछि परिन्। सुनमायाले यो दौड १४ घन्टा ५४ मिनेट १ सेकेन्डमा पार गरेकी थिइन्।

थाइल्यान्ड बाई युटिएमबी जितेपछि अन्तर्राष्ट्रिय चर्चा पाइरहेकी २३ वर्षीया सुनमायाले अल्ट्रा धाविका बन्छु भनेर कहिल्यै नसोचेको बताइन्। उनका लागि जुम्ला सदरमुकाम र सुर्खेत पुग्नु नै ठूलो थियो। काठमाडौं अनि देशविदेश त उनको सपनामा कहिल्यै आउँदैन थिए। बाल्यकालमा कुपोषणलाई जितेकी सुनमायाले दोस्रो लडाइँ कर्णालीको सामाजिक परिवेशसँग लड्नुपर्‍यो। उनका दिदीहरूले स्कुल जाने अवसर कहिल्यै पाएनन्। 'मरेर बाँचेकी' भएर होला आमाबुबाले सुनमायालाई भने स्कुल पठाए। त्यही स्कुल उनका लागि कर्णालीको सामाजिक परिवेशसँग लड्ने र भविष्यको सपना देख्ने पहिलो मैदान बन्यो।

## पहिलो खेलमै प्रथम

उनी सात कक्षामा पढ्दा पहिलोपटक दौडमा सहभागी भइन्। विद्यालयस्तरीय यो खेलमा प्रथम भइन्। त्यही वेला हो, उनलाई दौडेर पनि पुरस्कार पाइने रहेछ भन्ने थाहा भएको। 'त्यसपछि प्रधानाध्यापकले सुनमाया अब तिमी बजारमा पनि कुद्न जानुपर्छ, त्यहाँ ३० भन्दा बढी विद्यालयका विद्यार्थी आउँछन् भने,' प्रधानाध्यापकले गरेको आग्रह सुनमाया सम्झिन्छिन्। त्यतिवेला उनी यो प्रतियोगितामा जिल्ला प्रथम भइन्। यो जितपछि क्षेत्रीय छनोट खेल्न नेपालगन्ज जानुपर्ने भयो। उनी पहिलोपटक नेपालगन्ज पुग्दा आत्तिएको बताउँछिन्। नेपालगन्जमा पनि पहिलो हुँदै उनी एकैपटक राष्ट्रिय स्तरमा छनोट भइन्।

## प्रहिलो प्रयासमै जुनियर च्याम्पियन

काठमाडौं आएकी सुनमायाले सबैलाई उछिन्दै १४ वर्ष उमेरसमूहमा राष्ट्रपति रनिङ सिल्ड जितिन्। जिल्ला, क्षेत्र हुँदै देशकै जुनियर च्याम्पियन बनेपछि उनको गाउँभरि चर्चा चुलियो। स्कुलले पुरस्कारस्वरूप पाँच हजार रुपैयाँ दिएपछि उनको खुसीको सीमा नै रहेन। राष्ट्रपति रनिङ सिल्ड जितेपछि सुनमायाले नियमित रूपमा यस्ता प्रतियोगितामा भाग लिन थालिन्। जितको यात्रामा 'ब्रेक' लागेन।

तीन वर्ष जुनियर स्तरकै प्रतियोगितामा चर्चा बटुलेकी सुनमायाले १६ वर्षमा एसएलसी पास गरिन्। यहीबीच, उनले जुम्ला बजारमा ओलम्पियन हरिबहादुर रोकायाले प्रशिक्षण दिनेबारे थाहा पाइन्। रोकायालाई भेटिन्। प्रशिक्षण लिन चाहेको तर घरमा बिहेको प्रस्ताव आएकाले ढाँटेर आएको रोकायालाई सुनाइन्। रोकायालाई सुनमायाको कुराले मुटु छोयो। उनले आफ्नै घरमा कोठा दिए। कर्णाली स्पोर्ट्स् क्लबमा भर्ना पनि गरिदिए। छोरीले पढ्छु भनेपछि सुनमायाका बुबा पछि आफैँ आएर आवश्यक सामान किनिदिए। सदरमुकाम आएपछि उनी बिहान प्लस-टु पढ्न थालिन्। दिउँसो दौड अभ्यास गर्थिन्। प्रशिक्षकले कडा अभ्यास गराउँथे। पढ्न आएकी छोरी दौड अभ्यास गर्छिन् भन्ने घरमा थाहा थिएन। यहीबीचमा उनी धरानमा भएको १० किलोमिटर दौडमा भाग लिएर तेस्रो पनि भइन्।

## तयारी म्याराथनको, सहभागी ट्रेस रेसमा

हरिबहादुर रोकायाले सुनमायाको क्षमता पहिचान गरिसकेका थिए। उनले १० किलोमिटर हुँदै ४२ किलोमिटर म्याराथनका लागि तयारी गराउन थाले। राष्ट्रिय प्रतियोगिताका लागि तयारी गरे पनि प्रतियोगिता हुन समय लाग्यो। त्यसपछि सुनमायाको जीवनको बाटो मोडियो। उनी सन् २०१६ को सुरुवातमा 'ट्रेल रेस'मा सहभागी हुन काठमाडौं गइन्। गोदावरीमा भएको १२ किलोमिटरको ट्रेल जित्दै उनले सबैको ध्यान तानिन्।

यतिवेलासम्म उनलाई ट्रेल रेसबारे थाहै थिएन। तर, गाउँमा मेलापात, घाँसदाउरा, उकाली-ओराली गरेकी उनलाई 'अफ रोड'मा हुने रेसमा दौडन गाह्रो भएन। पहिलो सहभागितामै प्रथम भइन्। यसपछि उनलाई मनास्लु स्टेप रेस गर्ने मौका मिल्यो। सात दिनमा एक सय ७० किलोमिटर दौडिनुपर्ने उक्त रेसमा पनि उनी प्रथम भइन्। यसपछि उनलाई हङकङ जाने मौका मिल्यो। डिसेम्बर २०१६ मा हङकङको एमएसआइजी लङटाउमा सहभागी हुने पक्का भएपछि उनमा खुसीको सीमा नै रहेन।

> जुनियरस्तरकै प्रतियोगितामा चर्चा बटुलेकी सुनमायाले १६ वर्षमा एसएलसी पास गरिन्। यहीबीच, उनले जुम्ला बजारमा ओलम्पियन हरिबहादुर रोकायाले प्रशिक्षण दिनेबारे थाहा पाइन्। रोकायालाई भेटिन्। प्रशिक्षण लिन चाहेको तर घरमा बिहेको प्रस्ताव आएकाले ढाँटेर आएको रोकायालाई सुनाइन्।

५० किलोमिटरको एमएसआइजी लङटाउमा १८ वर्षमुनिको प्रतिस्पर्धामा उनी एसियातर्फ च्याम्पियन भइन्। पहिलो प्रतिस्पर्धालाई नै उनले यादगार बनाइन्। त्यसपछिका वर्षमा उनले पछाडि फर्केर हेर्नु परेन। चीन, जर्मनी, स्विट्जरल्यान्डको अल्ट्रा रेसमा सहभागिता जनाउन थालिन् र उत्कृष्ट प्रदर्शन गरिन्। सन् २०१९ सम्म उनले एसिया र युरोपमा गरी दर्जनभन्दा बढी अल्ट्रा रेसमा प्रतिस्पर्धा गरिन्।

## खाना खान र भाषा अप्ठ्यारो

जुम्लाको तीन हजार मिटर उचाइमा घाँस-दाउरा र उकालो-ओरालो गर्दै हुर्केकी उनलाई अल्ट्रा र ट्रेल रेसको रुट अप्ठ्यारो लाग्दैन। तर, उनलाई नयाँ ठाउँमा खाना र भाषाको साह्रै समस्या पर्छ। कहिलेकाहीँ हावापानीले साथ दिँदैन। घन्टौँ दौडिँदा बीचबीचमा आउने चेक प्वाइन्टमा कति खाने र कस्तो खाने भन्ने नजान्दा समस्यामा पर्ने गर्थिन्।

कोभिड-१९ ले सन् २०२० देखि एक वर्ष अल्ट्रा दौडलाई पनि असर गर्‍यो। उनी दौडिन पाइनन्। सन् २०२१ मार्चमा विश्वकै चर्चित ब्रान्ड 'द नर्थ फेस एड्भेन्चर टिम'ले सुनमायालाई आबद्ध गर्‍यो। यसले उनको अल्ट्रा दौड करिअरलाई थप उचाइमा पुग्न सजिलो भयो। उनले अब हरेक रेसअघि छुट्टै प्रशिक्षक पाउँछिन्। हरेक साता अभ्यासको रिपोर्ट बुझाउनुपर्छ। त्यसको विश्लेषण गर्दै नर्थ फेसले उनका लागि रणनीति बनाउने गर्छ।

'थाइल्यान्ड बाई युटिएमबी' प्रतियोगिताअघि उनलाई अस्ट्रेलियाका प्रशिक्षकले अभ्यास दिएका थिए। छुट्टै रणनीति बनाएर कुद्न पठाएपछि सफल पनि भइन्। 'राम्रो प्रशिक्षण पाएकाले सफल भए जस्तो लाग्छ। मेरो टिमले गर्दा यहाँ आइपुगेँ,' उनले भनिन्।

## अबको लक्ष्य फ्रान्स युटिएबी

उनी अब फ्रान्समा हुने युटिएबी अल्ट्रा रेसमा भाग लिने तयारीमा छिन्। त्यो रेस जितेर देशको नाम उँचो बनाउन चाहेको उनी बताउँछिन्। 'परिवारले भनेको मानेर बिहे गरेको भए यहाँ आइपुग्दिनथेँ। देश-विदेश घुमेर नाम कमाउने अवसर पाउँदिनथेँ,' उनी भन्छिन्,' मेरा साथीहरूका तीन-चारवटा बच्चा भइसके। मेरो भने त्यसतर्फ ध्यान नै गएन।' दौडमा जित्नुबाहेक अब उनलाई आफूले गरेको संघर्ष अरूले भोग्न नपरोस् भनेर सबैलाई सचेतना फैलाउन मन छ। 'गाउँमा गएर बच्चैमा बिहे गर्नुहुन्न, अवसर पाए छोरीले पनि राम्रो गर्न सक्छे भनेर सिकाउन मन छ,' उनले भनिन्।

उनी अब आमाबुबालाई आफैँ पाल्न सक्छु भन्ने लागेको बताउँछिन्। उनले भनिन्, 'मेरी आमाले छोरीले पढेर जागिर खाए हामीलाई पाल्छ भन्नुहुन्थ्यो। एउटा मात्रै छोरा जन्मियो भनेर आमा पीर गर्नुहुन्थ्यो। अर्को छोरा जन्माउने भन्दाभन्दै छोरी मात्रै जन्मिए।'

उनले बजारमा घर बनाएर आमाबालाई राम्रोसँग राख्ने योजना पनि बनाएकी छन्। आमाबालाई आफूले देश-विदेशमा कुदेको उनलाई देखाउन मन छ। कहिल्यै जहाज नचढेका आमाबालाई जहाज चढाएर खुसी दिने मन छ। त्यसका लागि अल्ट्रा रेस करिअरमा संघर्ष गरिरहेकी सुनमाया फ्रान्समा एक सय एक किलोमिटरमा हुने रेसमा संसार जित्न चाहन्छिन्। बाल्यकालमा मृत्यु जितेकी सुनमाया अहिले संसार जित्ने लक्ष्य लिएर हिँडिरहेकी छन्।

## सुनमायालाई सम्मान

सुनमाया बुढालाई कर्णाली प्रदेश सरकार र कर्णाली खेलकुद परिषद्ले सम्मान गरेको छ। सोमबार सुर्खेतमा खेलकुद परिषद्का पदाधिकारीले विमानस्थलमै पुगेर स्वागतसहित सम्मान गरेका हुन्।

मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले कर्णालीबाट प्रतिनिधित्व गर्ने खेलाडीलाई प्रदेश सरकारले प्रोत्साहनबापत आर्थिक पुरस्कारको व्यवस्था गरिएको बताए। प्रदेश सरकारले सुनमायालाई दुई लाख रुपैयाँ पुरस्कार दिने निर्णय गरिसकेको छ।

# पुलिस र ब्रिगेडबीच बराबरी

नयाँ पत्रिका
काठमाडौं, २६ पुस

नेपाल पुलिस क्लबले सोमबार सहिद स्मारक ए डिभिजन लिग फुटबल प्रतियोगितामा ब्रिगेड ब्वाइजसँग १-१ को बराबरी खेलेको छ। बराबरी नजितासँगै पुलिसलाई रेलिगेसन जोनमा पर्न सक्ने दबाब थपिएको छ। पुलिसले चार बराबरी, तीन हार तथा एक जित निकाली सात अंक जोडेको छ। पुलिस अंक तालिकाको ११औँ स्थानमा छ। ब्रिगेड ६ अंकका साथ १२औँ स्थानमा छ।

रेलिगेन जोनभन्दा पुलिस दुई स्थान र ब्रिगेड एक स्थान मात्र माथि रहेको छ। पुलिस र ब्रिगेडबीचको खेल पहिलो पाँच मिनेट प्रतिस्पर्धात्मक देखिएको थियो। खेलमा भएको दुई गोल पहिलो पाँच मिनेटभित्र नै भएको थियो। खेलको दोस्रो मिनेटमै ब्रिगेडले १-० को अग्रता लियो। पुलिसका खेलाडी मैदानमा सेट हुन नपाउँदै ब्रिगेडलाई रोशन रानाले १-० को अग्रता दिलाएका हुन्। तर, ब्रिगेडले अग्रता केवल दुई मिनेट मात्र टिकाएको थियो। खेलको चौथो मिनेटमै पुलिसका लागि बुद्ध तामाङले १-१ को बराबरीमा पुऱ्याए। पहिलो तथा दोस्रो हाफमा दुवै पक्षले गोल अवसर खेर फालेका थिए।

पुलिसका प्रशिक्षक अनन्तराज थापाले ब्रिगेडका खेलाडी सुरुमै आक्रामक रूपमा प्रस्तुत भएकाले सम्हालिन नपाएको जनाए। 'ब्रिगेड सुरुमै आक्रामक देखियो, हामी मैदानमा सम्हालिन नै पाएनौँ, जसका कारण सुरुमै गोल भयो,' पुलिसका प्रशिक्षक थापाले भने, 'रक्षापंक्तिको कमजोरी महसुस भयो।' प्रतिस्पर्धामा तीन अंक बटुल्न आएको बताउँदै उनले एक अंकमै सीमित भएको जनाए। 'लिग तालिकामा राम्रो स्थान बनाउन तीन अंक बटुल्ने योजनाका साथ आएका थियौँ, तर पुछारमा रहेका तीन क्लबविरुद्ध जित निकाल्न सकेनौँ,' थापाले भने। ब्रिगेडका प्रशिक्षक सनोज श्रेष्ठले रक्षापंक्तिको गल्तीमा गोल व्यहोरेको बताएका छन्। 'सुरुमै गोल गर्ने रणनीति सफल भयो, तर एउटा कमजोरी र गल्तीले गर्दा गोल खान पुग्यो,' श्रेष्ठले भने, 'समग्रमा प्रदर्शन राम्रो नै रह्यो, यो बराबरीले रेलिगेसनको दबाब बढेको छ।'

## संकटालाई हिमालयन बैंकको प्रायोजन

**काठमाडौं**/ सहिद स्मारक ए डिभिजन लिगमा हिमालयन बैंक लिमिटेडले संकटा क्लबलाई प्रायोजन गरेको छ। हिमालयनले यस वर्षको लिगमा संकटालाई १० लाख रुपैयाँ प्रदान गरी प्रायोजन गरेको हो। बैंकका प्रमुख कार्यकारी अधिकृत अशोकशमशेर राणाले संकटा क्लबका महासचिव वरमेशधोज बस्नेतलाई सोमबार प्रायोजनबापतको चेक हस्तान्तरण गरेका छन्।

# शान्ति प्रियवन्दनाको 'जिल खाइरहेको एक्काइसौँ शताब्दी'



**हेटौँडा**/ साहित्यकार शान्ति प्रियवन्दनाको पहिलो कवितासंग्रह 'जिल खाइरहेको एक्काइसौँ शताब्दी' सार्वजनिक भएको छ। सर्जक सञ्जाल मकवानपुरले हेटौँडामा आयोजना गरेको कार्यक्रममा प्रियवन्दनाकी आमा मैना सुवेदी र छोरा दृष्टान्त बिडारीले कृतिको विमोचन गरेका हुन्।

सानै उमेरदेखि कविता लेख्न थालेकी प्रियवन्दनाको पहिलो रचना ०५४ सालमा प्रकाशित भएको थियो। कार्यक्रममा कृतिकारका बारेमा साहित्यकार सुवास खनालले जानकारी गराएका थिए। कृतिमाथि डा. विन्दु शर्माले समीक्षा गर्दै शान्तिका कवितामा अलंकारको बोझ नथपेको बताइन्। अर्का समीक्षक प्रा. घनश्याम घिमिरेले हाम्रो व्यवहार देखेर कतै एक्काइसौँ शताब्दी नै जिल खाइरहेको त छैन भन्ने गम्भीर प्रश्न कवितासंग्रहले गरेको बताए। शान्तिका कविता प्रगतिवादी र नारीवादी चिन्तनसँग सम्बन्धित छन् र प्रगतिवादभित्र पनि वर्गीय चिन्तन र विद्रोहको चिन्तन बढी उठान भएको उनले बताए।

कार्यक्रममा आफ्नो साहित्य जीवनका बारेमा संक्षिप्त जानकारी दिँदै प्रियवन्दनाले कवितासंग्रहमा समावेश 'जवाफ पाऊँ सरदार' शीर्षकको कविता वाचन गरिन्। प्रमुख अतिथि कुन्ता शर्माले कवि प्रियवन्दनाका कवितामा पूर्ण कथा रहेको बताइन्। कार्यक्रमको अध्यक्षता सञ्जालका संयोजक निमेष निखिलले गरेका थिए। रत्न पुस्तक भण्डार काठमाडौँले प्रकाशन गरेको कवितासंग्रहमा ३५ वटा कविता छन्।

# आमन्त्रित खुला क्लब च्याम्पियनसिप भलिबल सुरु

**कास्की**/ पोखरामा सोमबार 'टाइगर कप आमन्त्रित खुला क्लब च्याम्पियनसिप महिला/पुरुष भलिबल प्रतियोगिता' सुरु भएको छ। टाइगर ग्रुप अफ पोखराको आयोजनामा प्रतियोगिता सुरु भएको हो। राउन्ड रोबिन लिगका आधारमा १ माघसम्म सञ्चालन हुने प्रतियोगिताको उद्घाटन गण्डकीका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले गरेका थिए।

पहिलो दिन पुरुष र महिलातर्फ गरी चार खेल सम्पन्न भएका छन्। उद्घाटन खेलमा पुरुषतर्फ नेपाल पुलिस क्लबले टिप टप हेल्प नेपाललाई ३-२ को सेटमा २५-१६, ३१-२९ २५-१९, २५-२३ र १७-१५ ले पराजित गर्दा अर्को खेलमा डिफेन्डिङ च्याम्पियन गण्डकी प्रदेशले एपिएफ क्लबलाई सोझो सेटमा २५-१७, २५-२२ र २५-१७ ले पराजित गरेको थियो।

यस्तै, महिलातर्फको न्यु डायमन्डले आर्मीलाई ३-१ को सेटमा २५-१७, २५-२२, २५-१३ र २५-१७ ले पराजित गर्दा अर्को खेलमा एपिएफले पुलिसलाई ३-१ को सेटमा २६-२४, २५-१८, २३-२५ र २५-२३ अंकले पराजित गरेको थियो।

# एपिएफसँग प्रदेश २ पराजित

नयाँ पत्रिका
काठमाडौं, २६ पुस

विभागीय क्लब एपिएफले सोमबारदेखि सुरु भएको प्रधानमन्त्री कप टी-२० क्रिकेट प्रतियोगितामा प्रदेश २ लाई २४ रनले पराजित गरेको छ। टियू मैदानमा पहिलो ब्याटिङ गरेको एपिएफले निर्धारित २० ओभरमा पाँच विकेटको क्षतिमा एक सय ६३ रनको योगफल खडा गर्‍यो। प्रत्युत्तरमा प्रदेश २ ले २० ओभरमा नौ विकेट गुमाएर एक सय ३९ रन मात्र जोड्यो। प्रतियोगतामा एपिएफका आसिफ सेख म्यान अफ दी म्याच भए। उनले ब्याटिङ क्रममा ४५ बलमा सर्वाधिक ६३ रनको योगदान दिए।

सेखले यसक्रममा पाँच छक्का र तीन चौका प्रहार गरे। एपिएफले सुरुवात उत्कृष्ट गरेको थियो। प्रदीप ऐरी र सेखबीच पहिलो विकेटका लागि १४.२ ओभरमा एक सय २० रनको साझेदारी भएको थियो। सेखले आफ्नो विकेट रुपेश सिंघलाई दिए। एपिएफले दोस्रो विकेटका रूपमा प्रदीपलाई गुमाएको थियो। प्रदीपले ४८ बलमा नौ चौकाको सहयोगमा ६० रन बनाए।

यसबाहेक अन्य कुनै पनि ब्याट्सम्यानले एपिएफका लागि गतिलो योगदान दिन सकेनन्। कप्तान शरद भेषवाकरले सात बलमा एक चौकाको सहयोगमा नौ रन बनाए। बलिङ क्रममा प्रदेश २ का रुपेशले चार ओभरमा २५ रन खर्चेर चार विकेट हात पारे। प्रत्युत्तरमा ओर्लेको प्रदेश २ का लागि मोहमद आदिल अलामले १४ बलमा ३५ रनको योगदान दिएका थिए। उनले आफ्नो इनिङ्समा चार छक्का र दुई चौका प्रहार गरे। सो इनिङमा हरिशंकर साहले २६ बलमा सात चौकाको सहयोगमा ३६ रन बटुले। सो इनिङ्समा ६ जना ब्याट्सम्यानले दोहोरो रनै बनाएनन्। बलिङमा कमल ऐरी, अविनाश बोहरा तथा भुवन कार्कीले समान दुई-दुई विकेट हात पारे।

## बागमती प्रदेश ४९ रनले विजयी

यसैगरी, प्रतियोगिताअन्तर्गत समूह बीमा बागमती प्रदेशले लुम्बिनी प्रदेशलाई ४९ रनले पराजित गरेको छ। मूलपानी मैदानमा भएको खेलमा बागमतीले पहिलो ब्याटिङ गरी सात विकेटको क्षतिमा एक सय १४ रनको योगफल खडा गरेको थियो। प्रत्युत्तरमा लुम्बिनी १५.४ ओभरमा ६५ रनमा समेटियो। बागमतीलाई जित दिलाउने क्रममा नन्दन यादवले तीन ओभरमा ११ रन खर्चेर तीन विकेट लिएका थिए।

यसैगरी, रामनरेश गिरीले तीन ओभरमा दुई मेडन राखी दुई रन खर्चेर दुई विकेट लिए। सुभाष खत्री तथा तिलक भण्डारीले समान दुई विकेट लिँदा लुम्बिनीको ब्याटिङ ध्वस्त भयो। लुम्बिनीका लागि कप्तान कृष्ण कार्कीले सर्वाधिक १६ रन बनाए। यसैगरी, बिसर अहमदले २४ बलमा ११ रन बनाए।

यसअघि ब्याटिङ गरेको बागमतीका लागि सुभाष खकुरेलले ५३ बलमा ५१ रनको अर्धशतकीय इनिङ्स खेलेका थिए। उनले इशान पाण्डेसँग पहिलो विकेटका लागि ६.५ ओभरमा ४३ रन जोडे। सुवासले आफ्नो अर्धशतकीय इनिङ्समा तीन चौका र दुई छक्का प्रहार गरेका थिए। कप्तान ज्ञानेन्द्र मल्लले १९ बलमा दुई चौका प्रहार गरी १९ रन मात्र बनाए।

# आहारारा गोल्डकप ६ माघदेखि

नयाँ पत्रिका
कास्की, २६ पुस




मोफसलको बहुप्रतिष्ठित आहा! रारा गोल्ड कप फुटबल प्रतियोगिताको २०औँ संस्करण ६ माघदेखि सुरु हुने भएको छ। पोखरामा सोमबार आयोजित पत्रकार सम्मेलनमा आयोजकले प्रतियोगिता १५ माघसम्म चल्ने जानकारी दिएको छ।

प्रतियोगितामा विभागीय, ए डिभिजन, मोफसल, आयोजक र विदेशी गरी १० टोली सहभागी हुने आयोजक सहारा क्लब पोखराका महासचिव रामजीप्रसाद अधिकारीले जानकारी दिए। उनका अनुसार प्रतियोगितामा विभागीय टोलीहरू नेपाली सेनाको त्रिभुवन आर्मी फुटबल क्लब, नेपाल प्रहरीको नेपाल पुलिस क्लब र सशस्त्र प्रहरीको नेपाल एपिएफ क्लब सहभागी हुनेछन्। यस्तै, संकटा क्लब, मच्छिन्द्र क्लब, हिमालयन शेर्पा क्लब, रुस्लान थ्रिस्टार क्लब, मनाङ मर्स्याङ्दी क्लब र आयोजक सहारा क्लबसँगै विदेशी टिम अमेरिकाको बिवाइएससी मिनेसोटा क्लब सहभागी हुनेछन्।


सहारा क्लबका अध्यक्ष हरिराम गुरुङ 'सुरज'का अनुसार प्रतियोगिताबाट अनुमानित एक करोड ३६ लाख एक हजार रुपैयाँ आम्दानी र एक करोड ६ लाख ४८ हजार पाँच सय रुपैयाँ खर्च हुनेछ।

प्रतियोगितामा बचत भएको रकम क्लबद्वारा पोखरा-१७ मा सञ्चालित सूर्यबहादुर केसी स्मृति सहारा फुटबल एकेडेमी सञ्चालनका लागि खर्च गरिने उनले बताए। हाल एकेडेमीमा तेस्रो ब्याचअन्तर्गत १४ जिल्लाका २४ बालक आश्रित छन्। अघिल्लो वर्ष सम्पन्न १९औँ संस्करणबाट १३ लाख ४९ हजार चार सय ४७ रुपैयाँ ३४ पैसा बचत भएको आयोजकले जनाएको छ। अघिल्लो वर्षको प्रतियोगिता सञ्चालनबाट ७६ लाख ५० हजार ६ सय ४७ रुपैयाँ ५७ पैसा आम्दानी र ६३ लाख एक हजार एक सय ९९ रुपैयाँ २३ पैसा खर्च भई सो रकम बचत भएको महासचिव अधिकारीले बताए।

खेलकुदको विकासमा सहकार्य गरौँ, पोखरालाई खेलकुद पर्यटन सहरको रूपमा स्थापित गरौँ' भन्ने उद्देश्यका साथ सहारा क्लब पोखराको आयोजना तथा हिमश्री फुड्स प्रालिको उत्पादन आहा तथा रारा तयारी चाउचाउले प्रतियोगिता प्रायोजन गरेको छ।










नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrika.com